नेपाली मनको नेपाली पत्रिका

नेपाल समाचारपत्र

NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७२

एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

» आइतबार, पुस ३०, २०७४ » Sunday, Junuary 14, 2018 » www.newsofnepal.com » नेसं ११३८ पोहेलागा १३ » वर्ष २४, अंक ४ » पृष्ठ १२ » मूल्य रू. १०/–

२ 'ओली र प्रचण्डको विकल्प खोज्ने बेला भएको छैन'

५ 'सरकारले निर्वाचन सार्न खोज्यो'

९ सीमाको निरीक्षण गर्दै भारतीय राजदूत

११ शेयर बजारको १७ खर्ब पुँजी

साइकले जंक्सन : बल्खुनजिक फुटपाथे साइकल पसले फलफूल मिलाउँदै । फुटपाथमा फलफूल बेच्न प्रतिबन्ध भए पनि यस्ता कयौं व्यापारीको जमात यहाँ बिहानैदेखि जम्मा हुने गर्छ। तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

अख्तियारले भन्यो

'कर्मचारीलाई बोनस नखुवाऊ'

सुरेश तामाङ/दीपेन्द्र थापा, काठमाडौं

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बोनस बाँड्न नमिल्ने स्पष्ट व्यवस्था भएकाले कर्मचारीलाई सो बोनस नबाँड्न नागरिक उड्डयन प्राधिकरणलाई निर्देशन दिएको छ।

अख्तियारले हालै संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत पत्र पठाएर यस्तो निर्देशन दिएको हो। अख्तियारबाट प्राप्त यही पुस ५ गतेको पत्र बुझेपछि पुस १४ गते बसेको मन्त्रालयले सचिवस्तरीय निर्णय गरी प्राधिकरणलाई यस्तो निर्देशन दिएको मन्त्रालयका एक उच्च अधिकारी *नेपाल समाचारपत्र*लाई बताउनुभयो।

उहाँले थप्नुभयो- 'नियमको स्पष्ट व्याख्या गर्दै अख्तियारले उक्त बोनस नबाँड्न भनेपछि प्राधिकरणलाई निर्देशन दिएका हौं।' अख्तियारको पत्रमा सरकारको पूर्ण स्वामित्व रहेको प्राधिकरणले बोनस बाँड्न नमिल्ने उल्लेख छ।

प्राधिकरणका महानिर्देशकलाई सम्बोधन गरी पुस १४ गतेकै मितिमा मन्त्रालयद्वारा गरिएको परिपत्रमा नेपाल सरकारले गरेको सार्वजनिक संस्थानहरूको वर्गीकरणमा प्राधिकरणलाई सेवा क्षेत्रअन्तर्गत राखेको सन्दर्भलाई समेत मध्यनजर गर्दा प्राधिकरण नाफामूलक संस्थान भई हवाई क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यबाट स्थापना भएको संस्था भएको उल्लेख गर्दै भनिएको छ- 'बोनस ऐन, २०३० को दफा ५ को उपदफा ३ 'क'मा नाफा कमाउने उद्देश्य नलिई कुनै क्षेत्रको संवर्द्धनका लागि स्थापना भएको नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले बोनस वितरण गर्न पाउनेछैन भन्ने स्पष्ट व्यवस्था भएको हुँदा सोहीअनुसार गर्नु गराउनु हुन भनी आयोगबाट निर्देशित भई आएको हुँदा निर्देशन कार्यान्वयन गर्न/गराउन सचिवस्तरको १४ गतेको निर्णयानुसार अनुरोध छ।'

उता आफू नाफामा रहेको भन्दै प्राधिकरण व्यवस्थापनले बोनस खुवाउन आव २०६८/६९ देखि २०६९/७० मा महालेखा परीक्षकबाट प्रतिवेदनमा पेस हुन आएबमोजिम प्राधिकरणको आव २०६८/६९ को सञ्चित नाफाको ८ प्रतिशतले हुने आउने रकम रुपियाँ ७ करोड ३६ लाख १७ हजार ४ सय ३० पैसा र आव २०६९/७० को खुद नाफाबाट हुनआउने रकम ११ करोड ५६ लाख ९८ हजार ६ सय ३ रुपियाँ २९ पैसा गरी जम्मा १८ करोड ९३ लाख १६ हजार तीन रुपियाँ ५९ ऐनअनुसार कर्मचारीहरूलाई बोनस वितरण गर्ने गरी प्राधिकरण सञ्चालक समितिबाट स्वीकृति भई सहमतिका लागि सरकारमा लेखी गएको अवस्था विद्यमान छ।'

आव २०७३/७४ का लागि प्राधिकरणको आय विमानस्थल विकास शुल्कबाहेक ४ अर्ब ६३ करोड ५७ लाख प्रक्षेपण गरिएकामा यथार्थमा ९२ करोड ८३ लाख वृद्धि भई ५ अर्ब ५६ करोड ४० लाख आम्दानी भएको भन्दै ८ सय कर्मचारीलाई ७४ करोड ८१ लाख रुपियाँ बोनस खुवाउन छुट्याइएको प्राधिकरण स्रोतको दाबी छ।

यद्यपि महानिर्देशक गौतमले कोषमा लाभांश र बोनसबापतको २ अर्बभन्दा बढी

> अख्तियारको पत्रमा सरकारको पूर्ण स्वामित्व रहेको प्राधिकरणले बोनस बाँड्न नमिल्ने उल्लेख

पैसा बोनस खुवाउन मन्त्रालयसँग अनुरोध गर्ने भनी निर्णय गरेको थियो।

प्राधिकरणका महानिर्देशक सञ्जीव गौतमका अनुसार प्राधिकरणले स्थापनापछि पहिलोपटक आव २०६८/६९ मा खुद सञ्चित नाफा आर्जन गरेकामा पछिल्ला वर्षमा पनि निरन्तररूपमा कार्यसञ्चालन नाफा आर्जन गरिरहेको छ।

प्राधिकरणको १९औं वार्षिकोत्सवका अवसरमा यही पुस १६ गते महानिर्देशक गौतमले भन्नुभएको थियो- 'आव २०७३/७४ सम्मको कुल सञ्चित नाफा ९ अर्बभन्दा बढी रहेको देखिन्छ। सञ्चित नाफाको आधारमा आव २०६८/६९ र २०६९/७० को महालेखा परीक्षकबाट प्रमाणित वित्तीय विवरणअनुसार नेपाल सरकारको शेयर लगानीबापत लाभांश भुक्तानी गर्न र बोनस रकम जम्मा भएको बताउँदै भन्नुभयो- 'पर्यटन मन्त्रालय र अख्तियारले बोनस नबाँड्नु भनेर परिपत्र गरिसकेको अवस्थामा यो पत्र बोर्डमा लैजान्छौं।'

तर बोर्डले पनि मन्त्रालय र अख्तियारकै जस्तो निर्देशन दिनसक्ने प्राधिकरणको आकलन छ। प्राधिकरणका अनुसार १ हजार ६२ जना कर्मचारीको दरबन्दी रहेको प्राधिकरणमा २०६८ सालदेखिको बोनस र लाभांशको रकम जम्मा रहेको छ।

महानिर्देशक गौतमले आफूहरू अर्थ मन्त्रालयको समेत निर्णय पर्खेर बसेको जानकारी दिनुभयो। 'अर्थ मन्त्रालयको पनि स्वीकृति लिनुपर्ने हुँदा अर्थको निर्णय कुरेका हौं।' -उहाँले प्रस्टचाउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

'कक्षागत परीक्षा स्थानीय सरकारले सञ्चालन गर्नुपर्छ'

ईश्वरराज ढकाल, काठमाडौं

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगअन्तर्गत गठित विज्ञ समूहले परीक्षामा सुधार ल्याउन स्थानीय सरकारद्वारा प्रतिवर्ष कक्षागत परीक्षा सञ्चालन गर्नुपर्ने सुझाव दिएको छ।

सो समूहले केही साताअघि उपप्रधान एवम् शिक्षामन्त्री गोपालमान श्रेष्ठलाई बुझाएको प्रतिवेदनमा यस्तो सुझाव दिइएको हो। अभिभावकको अपेक्षा र बजारको आवश्यकताका आधारमा स्थानीय सरकारलाई प्रतिवर्ष सो परीक्षा सञ्चालन गर्न यस्तो सुझाव दिइएको हो।

अपेक्षित क्षमता देखाउन नसक्ने विद्यार्थीका लागि विद्यालयले अनिवार्य रूपले सुधारात्मक कक्षा सञ्चालन तथा परीक्षा प्रणालीमा व्यापक सुधार गर्नुपर्ने औल्याउँदै उक्त प्रतिवेदनमा परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन राष्ट्रिय परीक्षा बोर्डले पनि जिम्मेवारपूर्ण भूमिका निर्वाह गर्नुपर्ने कुरा उल्लेख गरिएको छ।

'परीक्षाले ज्ञान मात्रै जाँच्यो। सीप जाँच्ने छुट्टै व्यवस्था भयो। पढेको नपढेको व्यक्तिको अभिवृद्धि नाप्न सकेन। परीक्षा मर्यादित भएन भन्ने जस्ता गुनासा समाधानका लागि समितिले यस्तो सिफारिस गरेको हो। ११ सदस्यीय विज्ञ समूहका संयोजक एवम् शिक्षाविद् प्राडा विद्यानाथ कोइरालाले परीक्षा मर्यादित र व्यवस्थित बनाउन अभिभावक, स्थानीय सरकार, राष्ट्रिय परीक्षा बोर्ड, विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनको प्रमुख भूमिका रहने बताउनुभयो।

विज्ञ समूहको सुझाव

वर्ष दिनमा एकपटक मात्र परीक्षा लिँदा विद्यार्थीको क्षमता मापन गर्न नसकिने भएकाले परीक्षाको विषयमा सबै सरोकारवाला निकाय गम्भीर हुनुपर्ने उहाँको भनाइ थियो। कक्षागत, तहगत, विषयगत तथा शिक्षकगत परीक्षामा अनिवार्य रूपले ज्ञान, सीप, अभिवृद्धि र क्षमता जाँच्ने प्रबन्ध गरिनुपर्छ भन्दै प्राडा कोइरालाले तदनुसार छुट्टा-छुट्टै अंकन गर्ने प्रबन्ध मिलाउनुपर्ने सुझाव दिनुभयो।

उक्त प्रतिवेदनमा विद्यालय प्रशासनले यो कुराको जिम्मेवारी लिनुपर्ने, अंकनअनुसारको विद्यार्थीमा ज्ञान, सीप, अभिवृद्धि एवम् क्षमता छ वा छैन भनी पहिल्याउन स्थानीय सरकारले मासिक रूपमा अभिभावक एवम् विद्यार्थी भेला बोलाई सो भेलाले दिएको सुझाव समेटी विद्यार्थीलाई सघाउने गरी सुधारात्मक कक्षा सञ्चालन गर्न लगाउनेजस्ता कार्यमा शिक्षक एवम् विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाइनुपर्ने विषय उल्लेख गरिएका छन्।

मासिक रूपमा विद्यालयले मूल विषयको कक्षागत परीक्षा लिनुपर्ने, सोही परीक्षाको नतीजाअनुसार विद्यार्थीलाई सुधारात्मक शिक्षणको प्रबन्ध मिलाइनुपर्ने, आधुनिक प्रविधिमा समेत उपलब्ध हुने सामग्री विद्यार्थी स्वयंले तथा शिक्षकले प्रयोग गर्नेपर्ने व्यवस्था गरिएको छ।

(क्रमशः पृष्ठ ९ मा)

इन्टरपोलको सहयोगमा सिंजाली पक्राउ

काठमाडौं, (नेस)

युवा संघ रूपन्देहीका अध्यक्ष दुर्गा तिवारीको हत्यामा संलग्न तुलबहादुर सिंजाली शनिबार काठमाडौं विमानस्थलबाट पक्राउ परेका छन्। इन्टरपोल कतारले कतार एयरवेजको उडानद्वारा सिंजालीलाई शनिबारै नेपाल फिर्ता पठाएको थियो। २०७३ साल पुस ४ गते मनोज पुनको समूहले तिवारीको हत्या गरेको थियो। उक्त हत्यामा संलग्न सिंजाली फरार भएका थिए।

प्रहरी नायब महानिरीक्षक एवम् केन्द्रीय प्रहरी प्रवक्ता मनोज नेउपानेले इन्टरपोल नेपाल र इन्टरपोल कतारको समन्वयका आधारमा सिंजालीलाई पक्राउ गर्न सकिएको बताउनुभयो। प्रहरीका अनुसार कारबाहीका लागि सिंजालीलाई इलाका प्रहरी कार्यलय बुटवल पठाइनेछ।

कोरिडोरमा पनि जामै जाम

नेपाल समाचारपत्र

काठमाडौं

ललितपुर लुभुका राजन घिमिरे नयाँबजारस्थित एक फेन्सी पसलमा काम गर्नुहुन्छ। त्यहाँ पुग्न उहाँलाई दैनिक मोटरसाइकलबाट आवतजावत गर्नुपर्छ। अन्य सडकमा ट्राफिक जाम हुने र यो बाटोबाट हिँड्दा छिटो पुगिने सोचले उहाँ पाँच वर्षदेखि विष्णुमती कोरिडोरबाटै आउने-जाने गर्दै आउनुभएको छ।

उहाँ गुनासो गर्नुहुन्छ- 'छिट्टै पुगिएला भनेर यो बाटो रोजेको तर आजभोलि त दिक्क लाग्न थालेको छ। किनकि यहाँ पनि उत्तिकै ट्राफिक जाम हुन्छ अचेल। बिहान जाँदा पनि उस्तै बेलुकी फर्कंदा पनि उस्तै जाम। घरबाट फर्कंदा झन् बढी जाम पर्न थालेको छ।'

घर फर्कंदा ३ घण्टासम्म जाममा परेको समस्या सुनाउँदै घिमिरे थप्नुहुन्छ- 'अरू बाटोबाट झन् जान सम्भव नै छैन। सम्भव हुने बाटोमा पनि यस्तो हालत छ। बढो नमज्जा लाग्छ।'

त्यसो त यस्तो समस्या झेल्ने व्यक्ति उहाँ मात्र होइन। यही बाटोबाट दैनिक ओहोरदोहोर गर्ने हजारौं सर्वसाधरणले पनि उस्तै सास्ती बेहोर्नुपरेको छ।

विष्णुमती कोरिडोर विशेष गरी राजधानीको ट्राफिक-जाम व्यवस्थापन गर्न परिकल्पना गरेका विभिन्न कोरिडोरमध्ये एक हो। परिकल्पना गरेअनुसार उक्त कोरिडोर सञ्चालनमा आइसकेको छ तर ट्राफिक समस्याको व्यवस्थापन हुनुको सट्टा सर्वसाधारणले यस कोरिडोरमा झन् जामको हैरानी भोगिरहेका छन्।

साँघुरो सडक, त्यहींमाथि ठूल्ठुला खाल्डाखुल्डी परेको सडक, जतातै जमेको पानी, थुपारेर राखिएको निर्माण सामग्री, फोहोरै फोहोरको डंगुर, सवारी साधन बनाउने ग्यारेज तथा पार्किङस्थलका कारण यो सडकमा ट्राफिक जाम धेरै भएको स्थानीयबासी बताउँछन्।

विशेष गरी सडकको यस्तो नाजुक अवस्था विष्णुमती कोरिडोर सडकको टेकु पुलदेखि शोभाभगवती पुलसम्म देखिन्छ। यसको असरका कारण विष्णुमती कोरिडोरको अर्को सडक टेकु-कालीमाटी पुलदेखि डल्लु जाने कोरिडरसम्म प्रभावित भएको पाइन्छ। यतिसम्म कि घण्टौं हुने ट्राफिक-जामका कारण विष्णुमती कोरिडोरका दुवैतर्फका पूरै सडक, सडकचोकहरू, यो सडक हुँदै भित्री बस्तीतिर जाने स-साना सडक, गल्लीहरू पूरै सवारी साधनले भरिन्छन्। यसले गर्दा पैदलयात्रीलाई समेत हिँड्न धौधौ हुन्छ। उनीहरूसमेत जाममा रोकिएर बस्न बाध्य हुनुपर्दछ।

जाम हुनुको अर्को एक कारण हो- अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले विष्णुमती खोलाको ढल व्यवस्थापन गर्ने भनेर सडकमै निर्माण सामग्री थुपारेर राख्नु। यस्तै नागढुंगाबाट कलंकी-कालीमाटी-त्रिपुरेश्वर हुँदै भित्रिने सवारी साधनको चापले गर्दा घण्टौंसम्म जाम हुने गरेको र त्यसको असर विष्णुमती कोरिडोरमा परेको ट्राफिक प्रहरी महाशाखाका प्रवक्ता उमेश रञ्जितकार बताउनुहुन्छ।

(क्रमशः पृष्ठ ९ मा)

सातै प्रदेशमा निर्वाचन अधिकृतको कार्यालय

काठमाडौं, (नेस)

राष्ट्रियसभा सदस्य निर्वाचनका लागि शनिबार सातवटै प्रदेशमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ।

आयोगले सातवटै प्रदेशमा निर्वाचन अधिकृतको कार्यालय सम्बन्धित उच्च अदालत रहेको जिल्लाको सदरमुकाममा स्थापना गर्ने निर्णय गरेबमोजिम ती ठाउँहरूमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको प्रवक्ता नवराज ढकालले जानकारी दिनुभयो।

प्रदेश नम्बर १ मा मोरङ, प्रदेश नम्बर २ मा धनुषा, प्रदेश नम्बर ३ मा ललितपुर, प्रदेश नम्बर ४ मा कास्की, प्रदेश नम्बर ५ मा दाङ, प्रदेश नम्बर ६ मा सुर्खेत र प्रदेश नम्बर ७ मा डोटी जिल्लाको सदरमुकाममा निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ। न्याय परिषद्को सचिवालयबाट प्राप्त नामावलीबमोजिम सात जना जिल्ला न्यायाधीशलाई आयोगले पुस २७ गतेदेखि लागू हुने गरी निर्वाचन अधिकृतको पदमा नियुक्त गरेको थियो।

नेपाल समाचारपत्र

www.newsofnepal.com

महानगर

2018, JAN Saturday 14

हिजोको माओवादीको मुद्दा हो भनेर नैतिक दायित्वबाट पन्छिन सक्ने अवस्था छैन। व्यक्तिगतरूपमा कुनै-कुनै नेताको मुद्दा त एकीकृत पार्टीको नै मुद्दा बनाइनुपर्छ।

'ओली र प्रचण्डको विकल्प खोज्ने बेला भएको छैन'

नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच पार्टी एकता प्रक्रिया अगाडि बढे पनि एकता कहिले गर्ने भन्ने विषयको टुंगो लाग्न सकेको छैन। एकता गर्नका लागि गठित एकता संयोजक समितिको बैठकले राष्ट्रियसभा र प्रदेशसभाको तयारीका लागि कार्यदल गठन गरेको छ। माओवादी केन्द्र र एमालेका बीचमा पार्टी एकता गर्दा पद बाँडफाँड नै मुख्य समस्याका रूपमा अर्थ्याउँदै आइएको छ। विशेष गरी एमालेका अध्यक्ष क`पी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच नै पद बाँडफाँडमा कुरा मिल्न नसक्दा एकता संयोजक समितिले गति लिन सकेको छैन। माओवादीले नयाँ सरकार गठनअघि नै पार्टी एकता गर्नुपर्नेमा जोड दिँदै आएको छ, भने एमालेले सरकार गठन र पार्टी एकता प्रक्रियालाई एकसाथ अगाडि बढाउनुपर्ने पक्षमा देखिएको छ। यसै विषयमा दुई पार्टीबीच कहिलेसम्म पार्टी एकीकरण होला ? अहिले पार्टी एकताको लागि भइरहेका छलफल र बहस कसरी अगाडि बढिरहेको भन्नेलगायतका विषयमा केन्द्रित रहेर माओवादी केन्द्रका नेता मणि थापासँग नेपाल समाचारपत्रका लागि मधुसूदन रायमाझीले गरेको कुराकानी :

पार्टी एकता प्रक्रिया कसरी अगाडि बढिरहेको छ ?

पार्टी एकताका लागि दुई अध्यक्षबीच छलफल भइरहेको छ। दोस्रो राष्ट्रियसभा प्रदेशसभाको प्रमुख र प्रदेशसभा गठनका लागि कार्यदल गठन गरेर नै काम गरिरहेको छ। विचार राजनीतिक र संठगनलाई एकाबद्ध बनाउने हिसाबले योजनाबद्धरूपमा पार्टी एकताको प्रक्रिया अगाडि बढेको छ।

पद बाँडफाँडमा दुई अध्यक्षबीच नै कुरा मिल्न नसकेको भनिन्छ नि ?

दुई अध्यक्षका बीचमा कुरा मिलेको छैन भन्ने होइन। तर बहसले पूर्णता प्राप्त गरेको छैन। दुई अध्यक्षका बीचमा केन्द्रीकृतरूपमा रणनैतिक साझेदारी सहमति, सहकार्य मुख्य कुरा हो। सहमति भएको छ। दुई अध्यक्षस्तरीय छलफलले पूर्णता पाइसकेको छैन। दुई अध्यक्षबीचको सहकार्य नै मुख्य विषय भएर गएको छ।

पार्टी एकीकरणको साथ जसरी निर्वाचनअघि व्यापकरूपमा प्रचार गरियो। तर निर्वाचन सम्पन्न गरेपछि पनि गति लिन सकेको देखिदैंन नि किन ?

ढिलासुस्ती भएको छैन। हामीले एउटा राम्रो काम के गर्‍यौं भन्दा पार्टी एकताको आधार तयार गर्‍यौं। जनताबीचको एकता कायम सफल भयौं। कार्यकर्ताबीचको एकता पनि कायम गर्‍यौं। एकताको मनोविज्ञान पनि हामीले तयार गर्‍यौं। जनता, कार्यकर्तालाई प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा एकता कायम गराइसकेका छौं।

एक प्रकारले पार्टी एकताको मनोवैज्ञानिक चरण सम्पन्न भएको छ। यदि हामीले निर्वाचनका क्रममा जनतालाई विश्वास दिलाइएको थिएनौं भने वाम गठबन्धनले यसरी जित हासिल हुने थिएन। अर्को कुरा यो वातावरण पनि निर्माण हुने थिएन। पार्टी एकताका लागि निश्चित प्रक्रिया हुन्छन्। विचार राजनीतिको छलफल मिचेर जानु हुँदैन। दुई वटा ठूला पार्टीको एकता गर्दा कार्यकर्ताको व्यवस्थापन गर्ने विषयले पनि समय लिन्छ। दुई अध्यक्षको सवाल मात्र छैन। दुई पार्टीमा मुख्य नेता पनि छन्। उहाँहरूको पनि व्यवस्थापन गर्नुपर्ने छ। समय लिएको सत्य हो। तर पार्टी एकताको प्रक्रियामा कुनै अवरोध छैन।

यसको अर्थ नयाँ सरकार गठनअघि नै एकीकरण हुन्छ ?

हामीले शुरूदेखि नै भन्दै आएका हौं। पहिला पार्टी एकीकरण, दोस्रो सरकार गठन। हाम्रोबीचमा समझदारी पनि त्यहीं हो। सरकार निर्माणको प्रक्रियामा ढिलाइ भएको छ। त्यो हाम्रो कारणले होइन। कांग्रेसको कारणले हो। सरकार गठन हुनुभन्दा अघि नै पार्टी एकताको एउटा निश्चित मार्गचित्र बनिसक्छ। मार्गचित्रको जगभित्र सरकार गठन र पार्टी एकताको प्रक्रिया एकसाथ अगाडि बढ्छ।

पार्टी एकताको घोषणा गरेर बाँकी विषय टुंगो लगाउँदै जाने भन्न खोज्नुभएको हो ?

सरकार गठनअघिएकताको घोषणा नहुन पनि सक्छ। तर यति समयभित्र यी काम गर्ने भन्ने खाका सार्वजनिक गर्छौं। त्यतिबेलासम्म लिडरसिपको टुंगो लाग्ने परिस्थिति बनिसकेको हुन्छ। सम्मेलन वा महाधिवेशनको समय पनि निश्चित गर्ने अवस्था बन्छ। सरकार गठन अघि नै एउटा रुटिङ बाहिर आइसकेको हुन्छ।

माओवादी केन्द्रले एकताका लागि हतार गरेको जस्तो देखिन्छ। माओवादीले त सरकारअघि नै पार्टी एकता टुंगो लगाउनुपर्ने निर्णय नै गरिसकेको छ, हैन ?

दुई दल पार्टी एकताका लागि तयार भएका छन्। एमाले एउटा प्रक्रिया पद्धती निश्चित मूल्य मान्यताबाट आएको पार्टी हो। माओवादी पनि एउटा मूल्य मान्यता बोकेर आएको पार्टी हो। एमालेभित्र संगठनभित्र बहस गर्ने, नेता र कार्यकर्ताको व्यवस्थानमा केही अप्ठ्यारो भएकाले पनि केही कठिनाइ उत्पन्न भएकोजस्तो मलाई लाग्छ। माओवादी केन्द्रको टुटफुट र अहिले एकता भएको छ। माओवादीलाई फुट भन्ने त्यति चिन्ताको विषय छैन। एमालेको लागि टुटफुट विभाजन धेरै चिन्ताको विषय पनि हुनसक्छ। माओवादी केन्द्रले अलिकता जोड गरेकोजस्तो देखिन्छ। एमालेले पनि गम्भीरतापूर्वक लिएको देखिन्छ। हामीले धेरै हतारमा पार्टी एकता प्रक्रिया टुंगो लगाउँदा पनि फुटमा परिणत भएको छ। माओवादी र एमालेभित्र पनि समस्या छन्। एउटा शक्ति पार्टी एकता नहोस् भनेर लागिरहेको छ। पार्टी एकता नहोस्, बीचमै भाँडियोस् भन्ने शक्तिहरू दायाँबायाँ चारैतिर छन्। कतै न कतै ती शक्तिले काम गरेका हुनसक्छन्। एकता प्रक्रियालाई टुंगो लगाउन ढिलाइ गरियो भने एकता नचाहने विस्तारै मजबुद हुँदै आउनेछन्। दुवै पार्टीभित्रैबाट पनि यस्तो हुन सक्छ। बाह्य शक्तिले भन् खेल्ने ठाउँ पाउँछ। यो एकता नरुचाउने देशी/विदेशी शक्ति सशक्त ढंगले लागेको छ। एकता भाँड्नका लागि विदेशी शक्ति विस्तारै बलियो हुँदै आएको पनि हो।

सरकार गठन प्रक्रिया लम्ब्याएर कांग्रेस माओवादीलाई फकाउने खेलमा लागेको हो ?

माओवादीलाई मात्र तान्न सकिन्छ भन्ने होइन। विदेशी शक्तिहरू माओवादीभित्र पनि छन्। एमालेभित्र पनि छन्। नेपालका सबै संघसंस्थामा विदेशी शक्ति छन्। विशेष गरेर दक्षिणले वाम गठबन्धनको एकता चाहेको छैन। दक्षिणका शक्तिहरू सबै पार्टी र संघसंस्थाभित्र छन्। यो थाहा भएको कुरा हो। ती शक्तिले पार्टी एकता रुचाइरहेका छैनन्। अहिलेसम्म नयाँ सरकार गठन भइसक्नु पर्दथ्यो। निर्वाचनको परिणाम निर्वाचन आयोगले सार्वजनिक गरिसक्नु पर्दथ्यो। राष्ट्रियसभा गठन भइसक्नु पर्दथ्यो। कहिले राष्ट्रपतिको, कहिले निर्वाचन आयोगमा गएर रोकिएको छ। यसको पछाडि नेपालीहरूको बुद्धिले मात्र काम गरेको छैन। विदेशी शक्तिहरू पनि लागेका छन्। एमाले र माओवादी भित्री बाहिरी शक्तिका विरुद्ध सचेत हुनुपर्ने जरुरी छ।

माओवादी केन्द्रका पनि केही नेता एकता गर्न हुन्न भनेर पार्टीबाट बाहिरिन थालेको देखिन्छ, बहस र छलफलबिना नै पार्टी एकता गर्न लागेकाले यस्तो भएको हो भनिन्छ नि ?

आहुती र गोपाल किराँतीको कुरा विदेशी शक्तिको कारणले गर्दा असन्तुष्टि राख्नुभएको होइन। राजनीतिक असन्तुष्टि हो। राजनीतिक असन्तुष्टि राख्न सकिन्छ। खुल्ला र प्रष्टरूपमा राख्दा अन्यथा सोच्नु हुँदैन। जहाँसम्म एमालेसँग पार्टी एकता गर्नका निम्ति छलफल र बहसको माग गर्दथ्यो, सदृढ समुन्तत पार्टी निर्माणका लागि विधि र प्रक्रियालाई पनि सही ढंगले व्याख्या र विश्लेषण गर्नुपर्छ भन्ने कुरा सही छ। असन्तुष्ट नेताहरूलाई पनि एकता प्रक्रियामा सँगै लिएर जाने प्रयत्न गर्नुपर्छ। आउने नआउने उहाँहरूको कुरा हो। पार्टीले ढोका बन्द गर्दैन।

तपाईंले त वैद्य र विप्लवलाई समेत एकसाथ एकतामा ल्याउनुपर्छ भन्नुभएको छ, के सम्भव छ ?

तत्काल नै सम्भव छैन। तर ढिलोचाँडो उहाँहरू एकता प्रक्रियामा आउनुपर्छ। उहाँहरूले वामपन्थीभन्दा बाहिर गएर आफ्नो स्पेस बनाउन सक्ने अवस्था देखिन्छ। एउटा राजनीतिक दलले आफ्नो धारलाई सुनिश्चित गर्न पनि यो स्टेप चाल्नुपर्छ भन्ने मेरो सुझाव हो। नेपालका वामपन्थी शक्तिहरू कार्यगत एकता संयुक्त गठबन्धन बनाएर एकताको प्रक्रियामा छन्। हिजोका दूरीलाई, तीतामीठा कुराहरूलाई न्यूनीकरण गर्दै अगाडि बढेको अवस्था छ। सहकार्यमा आएका छन् भन्ने सन्देश प्रचण्ड र मोहनविक्रम सिंहको भेटले पनि सन्देश दिन्छ।

एकताका लागि बहस हुनुपर्ने विचार र कार्यदिशामा भन्दा पनि पद बाँडफाँडमा बढी अल्झिएको देखिन्छ नि ?

पार्टी एकता गर्दा के एजन्डा राख्ने भन्ने व्यापक छलफल भएको छैन। एमालेका तर्फबाट पनि विचार र राजनीतिमा पर्याप्त छलफल भएको छैन। मेरो व्यक्तिगत विचारअनुसार २००६ सालदेखि अहिलेसम्म आउँदा एकता प्रक्रिया नयाँ सश्लेषण हो। हामीहरूको २१औं शताब्दीको जनवाद र एमालेको जनताको बहुदलीय जनवादमा हो माओ विचार धारा पनि। माओवाद र बहुदलीय जनवादको राम्रो पक्षलाई ग्रहण गर्ने प्रतिगामी पक्षलाई हटाएर समाजवादको बाटोमा अगाडि बढ्ने भने मुख्य कुरा हो। नेपाललाई स्थायित्व, शान्ति, समृद्धि र समाजवादी मोडलबाट कसरी विकास गर्न सकिन्छ भनेर मुख्य रूपमा दिमाग लगाउनुपर्छ।

> एकता भाँड्न विदेशी शक्ति विस्तारै बलियो हुँदै आएका छन्
>
> विदेशी शक्तिहरू माओवादीभित्र पनि छन्, एमालेभित्र पनि छन्

ओलीले सरकार र प्रचण्डले एकीकृत पार्टीको नेतृत्व गर्ने मोटामोटी सहमति भएको कुरा आएको छ। बाँकी रहेका नेताको व्यवस्थापनको पाटोचाहिं जटिलै देखिन्छ नि ?

ओली र प्रचण्डको बीचको समझदारी टुंगियो भने अरू नेताको व्यवस्थामा त्यति गाह्रो हुन्छ भन्ने लाग्दैन। मुख्य हल गर्नुपर्ने समस्या दुई अध्यक्षको हो। त्यसपछि कुनै पनि नेताले म फस्ट म्यान र सेकेन्ड म्यानको दाबी गर्दैनन्। नेताहरूको सम्मानसहित व्यवस्थापन गर्नुपर्छ।

द्वन्द्वकालीन घटनाका मुद्दा अझै पनि बाँकी नै छन्। बालकृष्ण ढुंगेल जेलमा हुनुहुन्छ। द्वन्द्वकालीन घटनाकौ धेरै विषय अझ टुंगो लाग्न बाँकी छ। एकता प्रक्रिया अगाडि बढेको छ। यसलाई माआवादीले कुनरूपमा लिएको छ ?

पार्टी एकताको कुरालाई स्वीकार गरेपछि ती द्वन्द्वकालीन घटना समग्र एकीकृत पार्टीको नै यो समस्याका रूपमा आउँछ। एकीकृत पार्टीले नै समाधान गर्नुपर्छ। हिजोको माओवादीको मुद्दा हो भनेर नैतिक दायित्वबाट पन्छिन सक्ने अवस्था छैन। व्यक्तिगतरूपमा कुनै-कुनै नेताको मुद्दा त एकीकृत पार्टीको नै मुद्दा बनाइनुपर्छ।

बालकृष्ण ढुंगेलको मुद्दामा पार्टी गम्भीर हुनुपर्छ। उहाँको मुद्दा बालकृष्ण ढुंगेलको मात्र होइन। जनयुद्ध र शान्ति प्रक्रियाको मुद्दा हो। यसमा सिंगो पार्टी र नेतृत्व बोल्नुपर्छ। त्यसलाई जिम्मेवारीबोधको साथ सकारात्मकरूपमा हल गरेर अगाडि बढ्नुपर्छ। सबैले सोच्नुपर्छ।

पार्टी एकतालाई निष्कर्षमा पुग्याउन युवाहरूको भूमिका के हुन्छ ?

हाम्रो भूमिका पार्टी एकतालाई राम्रो वातावरण बनाउने। जनताका बीचमा एकताको सन्देश दह्रो गरी स्थापित गर्न कोसिस गर्ने। नेताहरूमा एकताविरोधी चिन्तन आयो भने त्यसलाई रोक्न दबाब दिने। जसरी देशी विदेशी शक्तिहरूले एकता भाँड्ने कोसिसमा लागेका छन्, तिनीहरूलाई सक्रिय हुन नदिन भूमिका खेल्ने।

वाम गठबन्धनको सरकार बनेपछि के परिवर्तनको अनुभूति गर्न पाउँछन् नागरिकहरूले ?

यो सरकारको मुख्य काम नै सुशासन कायम गर्नु हो। राज्यबाट हुने राजनीतिक भ्रष्टाचार नियन्त्रण गर्ने र शान्तिपूर्ण परिस्थितिको सिर्जना गरेर आम नागरिकलाई आशा जगाउनुपर्छ। विकासको कामलाई प्राथमिकता दिएर ती कामको राम्रोसँग अनुगमन गर्ने संयन्त्र बनाउनुपर्छ। विकास बजेटको अधिकतम प्रतिशत जनताका बीचमा पुग्नुपर्छ। धेरै काम अहिले बजेट भएर पनि प्रभावकारीरूपमा हुन सकेको छैन। सुशासन मात्र कायम गर्न सक्यो, भ्रष्टाचार नियन्त्रण गर्न सक्यो र राजनीतिभित्रको नातावाद र कृपावादलाई अलिकता कन्ट्रोल गर्न सकियो भने राम्रो सन्देश जान्छ। बजेटलाई जनताका बीचमा लगेर कार्यान्वयन गर्न सकियो भने एउटा आशा नेपालमा शुरू हुन्छ। अहिले धेरै काम एकै पटक गर्न सकिने अवस्थामा पनि छैन। विकासको ट्रयाकमा हिँड्न शुरू भयो भन्ने सन्देश दिने नै अहिलेको मुख्य कुरा हो। यी काम पाँच वर्षभित्र गर्न सक्ने सम्भावना छ। यसमा नेताहरूको प्रतिबद्धता पनि छ। अनुभव प्राप्त नेताहरू पनि हुनुहुन्छ। त्यो अनुसारको भोट र जनमत पनि आएको छ। नेपाल अब नयाँ विकासको गतिमा अगाडि बढ्यो भन्ने सन्देश दिन सक्ने परिस्थिति बन्छ।

सरकारले निर्वाचनअघि नै गर्नुपर्ने काम अझै गर्न नसकेकाले संघीयता कार्यान्वयन गर्ने सवालमा अलमल र अन्यौलता देखियो भनिन्छ नि?

संघीयता कार्यान्वयनको बारेमा राजनीतिक कोर्ष पूरा भएको छ। यसलाई स्थायित्व बनाएर लैजाने हो। विकास र समृद्धिसँग संघीयता जोडिएको छ। असमानतासँग यो संघीयता जोडिएको हुनाले विकास समृद्धि र शान्तिको प्रश्न संघीयताले नै सम्बोधन गर्छ। जति हामीले स्थापित गर्न खोज्यौं संघीयता स्थापित हुँदै जान्छ। यदि हामीले विकास स्थायित्व र समृद्धिको अनुभूति दिलाउन सकेनौं भने संघीयता कमजोर हुन्छ। त्यसकारण संघीयताको राजनीतिक कोर्षभन्दा पनि अर्थ राजनीतिक कोर्षतिर नै बढी ध्यान दिनुपर्छ।

संघीयता कार्यान्वयनका लागि अहिले नै दातासँग हात थापेर चलाउनुपर्ने अवस्था आएको छ नि ?

विकास भएन भने संघीयता जटिल भएर जान्छ। सुशासन भएन भने पनि आम नागरिकमा आशाको सट्टा निराश र आक्रोश जन्माउँछ। यो खर्चिलो छ भन्ने कुरा हामी सबैलाई थाहा भएको कुरा हो। अहिलेसम्मको जनता मागअनुसार नै संघीयता दिइएको हो। तर यो खर्चिलो छ। यसको व्यवस्थापन दाता र सहयोगी नभएर होइन। यसको उचित व्यवस्थापन नभएर हो। व्यवस्थापमा पनि भ्रष्टाचार, अनियमिता, अरूचि भएर पनि हो। पैसाकै कारण व्यवस्थापनमा समस्या पर्दैन। तर नेताहरूको इच्छाशक्ति कति हुन्छ भन्ने हो। इच्छा भयो भने सुदृढ र व्यवस्थित भएर जान्छ।

अहिले नै प्रदेशको अस्थायी राजधानी तोक्ने विषयमा नै आन्दोलन शुरू भएको छ। राजनीतिक दलहका नेता पनि आ-आफ्नो ठाउँलाई प्राथमिकता दिएर राजधानीको माग गरिरहेका छन्। यसले त झन् जटिलतातिर लगेको देखिन्छ नि ?

प्रदेशको अस्थायी राजनीतिक नतोक्नु कांग्रेसको पराजित मानसिकता हो। अहिलेसम्म प्राप्त राजनीतक एजेन्डालाई स्थापित गर्नका लागि कांग्रेस उत्तरदायी रहेन। अहिले वातावरण धमिल्याउँदा आउने सरकारलाई पनि सुविधा होइन। असन्तुष्टि छोडेर जान चाहन्छ। जनताको ठूलो असन्तुष्टि भएर होइन। जनताको सानो असन्तुष्टि स्वभाविक कुरा हो। जनताको असन्तुष्टि अहिलेको निर्वाचन प्रक्रियालाई नै कमजोर पार्ने छैन। कांग्रेसले पराजयबाट आफू बचनका लागि जनतामा अझै असन्तुष्टि बढाउने कुरामा ध्यान दिएको छ। वामपन्थी गठबन्धनको सरकार आउँदा अप्ठ्यारो परिस्थिति बनाएर पुरानो रूढिवादी र र असहिष्णु चिन्तनको पराकाष्ठा हो। कांग्रेसको असन्तुष्टि हो। प्रदेशको राजधानीका बारेमा नेताहरूले जसरी अभिव्यक्ति दिएका छन्। ती सबै व्यक्तिवादी र क्षेत्रवादी नेता हुन्। कहाँ विकास हुन्छ ?

वाम गठबन्धनभित्र ओली र प्रचण्डको विकल्प खोज्न शुरू भएको हो ? नेतृत्व नयाँ पुस्तालाई दिनुपर्छ भन्ने कुरा पनि उठ्न थालेको छ ?

ओली र प्रचण्डको विकल्प खोज्ने बेला भएको छैन। उहाँहरूको आवश्यकता अहिले झन् बढेको छ। पार्टी एकतालाई टुंगो लगाउने जिम्मेवारी पूरा भएको छैन। दोस्रो देशलाई स्थायित्वतिर लैजाने भूमिका पनि टुंगिएको छैन। तेस्रो समृद्धिको बाटोतिर प्रवेश गराउने र समृद्धिको ढोका खोल्ने काम सम्पन्न नभएको हुनाले ओली र प्रचण्डको भूमिका झन् बढी देखिन्छ। प्रचण्ड र ओलीबिना नै यी काम गर्न सक्ने हैसियत तत्काल अरू नेताहरूसँग पनि छैन। त्यसकारणले गर्दा हामीले एक कार्यकाल पर्खिनुपर्छ। हामी युवा नेताहरूले अहिले हतारिनु पर्ने अवस्था छैन। हतारिँदा राष्ट्रिय परिस्थिति सहज बन्ने अवस्था देखिँदैन। क्रान्तिकारी हतारो युवाहरूले बोक्नुपर्ने आवश्यक छैन। पार्टी एकीकरण नहुँदै विकल्प खोज्न थाल्ने राम्रो पक्ष होइन।

मणि थापा
नेता, नेकपा माओवादी केन्द्र

२ वर्षमा डेढ सय भिडियो

सानैदेखि कलाको क्षेत्रमा केही योगदान गरौं भन्ने सोच लिएका थिए प्यूठानका देवेन्द्र क्षत्रीले। २०४६ सालमा प्यूठानमा जन्मिएका उनी दाङमा विद्यालयस्तरको अध्ययन पूरा गरी थप अध्ययनका लागि काठमाडौं छिरे। काठमाडौंमा पढाइसँगै कला क्षेत्रका कोही मानिससँग चिनजान नभएका कारण कसरी यो क्षेत्रमा प्रवेश गर्ने भन्ने सोचमा उनी डुबिरहन्थे।

'थप पढाइ पूरा गर्न २०६२ सालमा काठमाडौं आएको म आफ्नो रहर कसरी पूरा गर्ने भन्ने सोचमा थिएँ। कला क्षेत्रमा केही गर्नका लागि अवसर पाएको थिइनँ। यसैले पढाइमा नै ध्यान केन्द्रित गरिरहेको बेला मेरो भेट विन्ध्यवासिनी म्युजिकका प्रेंपाइटर सुवास रेग्मीसँग भयो', मोडल कलाकार देवेन्द्रले सुनाए- 'त्यसपछि अवसरका ढोकाहरु पनि खुल्दै गए।' हालसम्म १ सय ६० भन्दा धेरै लोकदोहोरी गीतको म्युजिक भिडियोमा अभिनय र मोडलिङ गरी यो विधाको म्युजिक भिडियोको क्षेत्रमा देन पुऱ्याएका उनको अधिकांश गीत र विन्ध्यवासिनी म्युजिकको छ। विन्ध्यवासिनीसँगको सहकार्यका कारण आफ्नो करिअर आफैंले रोजेको क्षेत्रमा जमाइरहेका उनले करिअरसँगै अध्ययनलाई पनि उत्तिकै महत्त्व दिएका छन्। एमबीएससम्मको पढाइ पूरा गरेका उनी आफ्नो संघर्षका दिन सम्झिँदै भन्छन्- 'अध्ययन गर्दा गर्दै २०६९ सालमा पहिलोपटक साथी तथा छायाँकार सागर गौतमबाट म्युजिक भिडियो खेल्ने एउटा अवसर पाएँ। मेरो सानैदेखिको सोख भएकाले सहर्ष स्वीकारें। विरही कार्की र टीका पुनको स्वरमा रहेको *आफ्नै मुटु चुँडिएको हेरौं कसरी* बोलको उक्त गीत नचलेका कारण पुनः अध्ययनतिर फर्किएको थिएँ। त्यसबीचमा स्वयम्भुस्थित एक सहकारी र पेट्रोल पम्पमा मैले एकाउन्टेनको रूपमा काम पनि गरें। २०७२ सालमा मास्टर लेभलसम्मको अध्ययन पूरा गरेर अलि फुर्सद भएको बेला मेरो भेट विन्ध्यवासिनी म्युजिकका सञ्चालक सुवास रेग्मी दाइसँग भयो। उहाँमार्फत नै यो क्षेत्रमा अगाडि बढें र अलिक समय दिएर यस क्षेत्रमा लागिरहेको छु। उहाँसँगको भेटका कारण मेरो करिअरले नयाँ मोड लियो।'

४ वर्षे अभिनय यात्रामा उनले राजकुमार बगर, विरही कार्की, रजिना रिमाल, विमल डाँगी, श्रेयशी चेम्जोङ, सञ्जीवकुमार पौडेललगायतका गीतको म्युजिक भिडियोमा अभिनय गरेका छन्। यीमध्ये राजकुमार बगरको एल्बम *सम्पदा-२* को *नचाहेरै तिमीसँग*, कृष्णहरि बरालको *शंका* एल्बमको *मनाही छलगायतका* उनले अभिनय र मोडलिङ गरेका गीतको म्युजिक भिडियोमा चर्चामा छन्। दोहोरीतर्फ भने विन्ध्यवासिनी म्युजिकको *भीरको माहुरी*, *पिरतीको इतिहास*, विमल डाँगीको *परदेशी*, पुरुषोत्तम न्यौपाने र लक्ष्मी न्यौपानेका *नरोउ सानु भोजस्ता* उनले अभिनय र मोडलिङ गरेका गीत चर्चित छन्।

६ महिना नृत्य प्रशिक्षण लिएका उनले अब अभिनय प्रशिक्षण लिने तयारी रहेको बताए। 'अभिनय नसिकिकनै यो क्षेत्रमा लाग्दा पनि दर्शकबाट माया पाएको छु। अब अभिनय सिकेरै अगाडि बढ्ने सोचमा छु' -उनले भने। अभिनय गरेर मात्र जीविका नचल्ने भएपछि हाल उनी यति डिस्टिलरीमा मार्केटिङ म्यानेजरको रूपमा कार्यरत छन्। 'आफ्नो रहरले यो क्षेत्रमा लागेका कारण मैले कमाउने उद्देश्यले यो क्षेत्रलाई हेरिनँ। रहर पूरा गर्ने हिसाबले कतिपय भिडियोमा फ्रि मै पनि काम गरें। तर, अहिले फ्रि मा काम गरेको छैन बरु संख्यात्मकभन्दा पनि गुणात्मक काम गरौं भन्ने सोचेको छु। पहिले अफिसियल काममा पनि व्यस्त रहेकाले यो क्षेत्रमा भने जति समय दिन सकिन', देवेन्द्र भन्छन्- 'यही क्षेत्रबाट मात्र बाँच्न नसकिने भएकाले जब पनि गरिरहेको छु। तर, अब भने जब र म्युजिक भिडियोको कामको समय व्यवस्थापन गरेर अगाडि बढ्ने कोशिस गर्दै छु। हालै सम्पन्न *आठौं विन्ध्यवासिनी म्युजिक अवार्ड*मा *सर्वोत्कृष्ट लोकदोहोरी मोडलको अवार्ड* पाएपछि भने आफूप्रति थप जिम्मेवारी बोध भएको छ।'

उनको अनुभव छ- 'लोकदोहोरीको मोडललाई हेर्ने दृष्टिकोण फरक रहेछ। मैले केही आधुनिक गीतमा पनि मोडलिङ गरेका कारण मलाई चिन्नेहरु लोकभन्दा आधुनिक भिडियो गर्नुपर्‍यो भन्ने सल्लाह दिन्छन्। मैले पनि दुवैलाई सँगै लाने सोचेको छु।'

नाचघरमा चौतारी

जापानमा बाँसुरी र तबलाको माध्यमबाट नेपाली गीत-संगीतको प्रवर्द्धन गर्दै आएको चौतारी ब्यान्डले राजधानी ततायको छ। ब्यान्डका बाँसुरीवादक पञ्च लामा, तबलावादक श्रवण लामा र जापानी कलाकार तेराकादो मित्सिगुले शुक्रबार सँझ जमलस्थित राष्ट्रिय नाचघरमा अयोजित *चौतारी साँझ* नाम दिइएको कार्यक्रममा लोक सँगीतिक धुनबाट दर्शकलाई मन्त्रमुग्ध तुल्याए। यी कलाकारले विभिन्न नेपाली र जापानी धुनबाट दर्शकको मन जितेका हुन्।

नेपालका सुन्दर दृश्यहरु समेटेर तयार पारेको लोक सांगीतिक वृत्तचित्र *सुन्दर नेपाल* प्रदर्शनसँगै आरम्भ भएको *चौतारी साँझ* २०७४ मा पञ्च लामाले बाँसुरीमार्फत मनकामना धुन प्रस्तुत गरे। यसपछि पञ्च र श्रवणले बाँसुरी र तबलाको फ्युजन धुन प्रस्तुत गरे। त्यसपश्चात्को प्रस्तुतिमा प्रकाशको किरणलाई पछ्याउँदै पञ्च र श्रवणले बाँसुरी र तबलाको धुन *जर्नी थ्रो द लाइट* प्रस्तुत गर्दा जापानी कलाकार तेराकादो मित्सिगुले गितारमा साथ दिएर सांगीतिक रोमाञ्चकता थपेका थिए। यी तीन सांगीतिक कलाकारले जापानी धुन टोकियो नाइट पनि प्रस्तुत गरे।

अर्को प्रस्तुतिमा द मेलानकोली *नोट इन काठमाडौं* शीर्षकमा प्रस्तुत गरिएको काठमाडौंका केही स्थानीय धुनले कार्यक्रमको रौनक बढाएको थियो। त्यसै क्रममा उनीहरुले *ए कान्छा* शीर्षकमा नेपाली लोकधुन प्रस्तुत गरेर माहौल तताए।

यी कलाकारले प्रस्तुत गरेको समुद्रको छाल धुन होस् या द हिमालयन शीर्षकका हिमाली क्षेत्रका लोकधुन हुन, सबै धुनमा कलाकारत्रयलाई दर्शकले तालीले निरन्तर साथ दिइरहे। उनीहरुको ड्रम सेसनको प्रस्तुत निकै ऊर्जायुक्त थियो। ड्रम सेसनअन्तर्गत ड्रमबाट श्रवण र बाँसुरीबाट पञ्चबीच युगल वादन प्रस्तुत गरिएको थियो।

कार्यक्रमका अन्तिम चरणमा पञ्चले एकल बाँसुरी धुन प्रस्तुत गर्दा दर्शकले फेरि तालीले साथ दिए। क्याराभान र वनचरी शीर्षकका लोकधुनमा यी तीन कलाकारको प्रस्तुतिमा दर्शक रमाए। उनीहरुले मौलिक धुनअन्तर्गत मुरलीको माध्यमले विभिन्न चराको आवाज र गीत सुनाएर वनचरी भाका प्रस्तुत गरेका थिए। *डान्सिङ बर्ड* शीर्षकको धुन अर्को आकर्षक पक्ष बन्न पुग्यो। लाम्बादा शीर्षकमा सांगीतिक धुनसँगै यी तीनले चौतारी साँझ २०७४ को पर्दा बन्द गराएका थिए।

दुई दशकदेखि जापानमा बसेर त्यहाँका विभिन्न कार्यक्रममा नेपाली धुन पस्कँदै आएका कलाकारद्वय पञ्च लामा र श्रवण लामाको काठमाडौंमा यो तेस्रो *चौतारी साँझ* हो।

सर्लाहीको हरिवन नगरपालिका-५ स्थित चेतना सन्देश नेपालद्वारा सञ्चालित द्वन्द्वपीडित बालगृहका लागि *चौतारी साँझ*मा पञ्च र श्रवण लामाले १२ लाख रुपियाँ सहयोग प्रदान गरे।

विगतका वर्षमा जस्तै यसपटक पनि नेपाली र जापानी संगीतलाई एकै थलोमा प्रस्तुत गर्न *चौतारी साँझ* २०७४ आयोजना गरिएको संस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापाले बताए।

सम्मान चलचित्रको उत्सव उत्कृष्टताको

CG Entertainment Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्ड्स् २०७४

मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: GRAND MASTER XXX RUM
OFFICIAL BANK: Prabhu Bank

ASSOCIATE SPONSOR: NIC ASIA एन आई सी एशिया बैंक लि. | IME International Money Express Fast, Reliable And Secure Remittance | KILOMETER | राष्ट्रको संचार NEPAL TELECOM

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

विधा: सर्वोत्कृष्ट चलचित्र
छक्का पञ्जा
Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

विधा: सर्वोत्कृष्ट निर्देशक
सुवर्ण थापा - बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल - चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी - गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी - के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत - लुट-२
Type KFA space 2E & send to 32722

विधा: सर्वोत्कृष्ट अभिनेता
दयाहाङ राई - वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी - गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की - जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती - निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल - शब्द
Type KFA space 3E & send to 32722

विधा: सर्वोत्कृष्ट अभिनेतृ
प्रियंका कार्की - छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा - डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत - जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी - लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना - निर्भय
Type KFA space 4E & send to 32722

विधा: सर्वोत्कृष्ट खलपात्र
ध्रुव कोइराला - बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा - वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी - छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल - जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया - पलाँस
Type KFA space 5E & send to 32722

विधा: सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे - छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा - जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई - लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत - गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ - छक्का पञ्जा
Type KFA space 6E & send to 32722

विधा: सर्वोत्कृष्ट संगीतकार
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा - लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल - निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा - राधा/छपक्कै
Type KFA space 7E & send to 32722

विधा: सर्वोत्कृष्ट पार्श्व गायक
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले - छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास - के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं - पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वरूपराज आचार्य - शब्द/हरपल
Type KFA space 11F & send to 32722

विधा: सर्वोत्कृष्ट पार्श्व गायिका
जलजला परियार - बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य - हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त - किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला - लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई - राधा/छपक्कै
Type KFA space 10E & send to 32722

विधा: लक्स पपुलर च्वाइस अवार्ड
वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722

{ भविष्य तिनीहरूको पक्षमा हुन्छ, जसले आफ्नो सपनाको सुन्दरतामा विश्वास गर्छन्।
– इलेनोर रुजबेल्ट

{ हामीले हिमालयमाथि विजय पाएका होइनौं, आफूमाथि विजय पाएका हौं।
– सर एडमण्ड हिलारी

सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

अवकाश मात्रै होइन समाधान

सरकारले निजामती कर्मचारीलाई स्वैच्छिक अवकाशको अवसर दिएसँगै करिब १० हजारभन्दा बढी निजामती कर्मचारीले जागिर छोड्ने सम्भावना देखिएको छ। संघ, प्रदेश र स्थानीय तहमा समायोजन नरोज्ने कर्मचारीका लागि अवकाशको विकल्प अघि सारिएपछि यति ठूलो संख्यामा कर्मचारीले स्वैच्छिक अवकाशमा चासो दिएका हुन्। २० वर्ष सेवा अवधि पूरा गरेका र ५० वर्ष उमेर पुगेका निजामती कर्मचारीलाई लक्षित गर्दै सामान्य प्रशासन मन्त्रालयले अवकाशको विकल्प अघि सारेको छ। शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले यस्तो निर्णय गरेको हो। संघीय मोडलअनुसार कर्मचारीलाई खटाइएको ठाउँमा गएर काम गर्ने अनिवार्य गर्ने, तोकिएको स्थानमा जान आनाकानी गर्ने र जागिर छोड्ने योग्यता पुगेकालाई अवकाशको विकल्प रोज्न समय दिइने बताइएको छ। कर्मचारी समायोजन ऐन २०७४ कार्यान्वयन भएपछि समायोजनमा नजाने कर्मचारीका लागि स्वैच्छिक अवकाशको प्रावधानअनुसार सामान्य प्रशासन मन्त्रालयले यस्तो तयारी अघि बढाएको हो। अवकाशको योग्यता नपुगेका कर्मचारी भने अब अनिवार्यरूपमा खटाएको ठाउँमा हाजिर हुनुपर्नेछ। कर्मचारी समायोजन ऐनमा ऐन कार्यान्वयनमा आएको ३० दिनभित्रमा यस्तो प्रक्रिया शुरू गर्नुपर्ने व्यवस्था छ।

समायोजनमा नगई स्वेच्छिक अवकाश लिन चाहने कर्मचारीले ७ वर्षको एकमुष्ठ निवृत्तिभरण पाउने छन्। ७ वर्षको अवधिपछि पनि नियमअनुसार फेरि मासिकरूपमा पेन्सन रकम पाउन सक्ने व्यवस्था ऐनमा छ। कर्मचारी अवकाशको व्यवस्था कार्यान्वयन हुने भएसँगै अब मुलुकले सोही शीर्षकका लागि अर्बौं रुपियाँको बजेटसमेत विनियोजन गर्नुपर्ने हुन्छ। यो कार्यले राज्यलाई एकपटक फेरि ठूलै आर्थिक बोझ थपिने निधो भएको छ। स्रोतका अनुसार कर्मचारी समायोजनका लागि आवश्यक रकम जुटाउन मन्त्रालयले आन्तरिक ऋण, विदेशी दातृ निकाय वा सरकारसँग ऋणसहित नेपाल राष्ट्र बैंकसँग ओभरड्राफ्ट ऋण लिने विकल्प अघि सारेको छ। स्वैच्छिक अवकाशको विकल्प अघि सारिएसँगै स्थानीय तह वा प्रदेशमा खट्न आनाकानी गर्दै आएका कर्मचारीलाई ठूलै राहत मिल्नेछ। तर, मुलुक संघीय ढाँचा कार्यान्वयनको चरणमा प्रवेश गर्दै गर्दाको आर्थिक भार र कर्मचारी निवृत्तिभरणको दोहोरो भार के-कति व्यवहारिक हुन्छ त्यसबारेमा सूक्ष्म अध्ययन जरुरी देखिन्छ। पक्कै पनि संघीय स्वरूपको खाका निर्माणमा कर्मचारीले ठूलो मेहनत र परिश्रम गरेका छन् तर कार्यान्वयन चरणमा उनीहरू आफैं पन्छिनु कति व्यावहारिक हुन्छ ? कर्मचारी अहिले जुन ठाउँ र जुन जिम्मेवारीमा खटिएका छन्, संघ र स्थानीयतहमा खट्दा केही समय पक्कै पनि विभिन्न किसिमका जटिलता र व्यवहारिक कठिनाइ थपिन्छ। स्वैच्छिक अवकाश ठूलो समस्याको आंशिक समाधान हो तर पूर्ण र दीर्घकालीन समाधान भने पक्कै होइन। कर्मचारीले आफू अनुकूल अवकाश खोज्ने र सरकारले त्यहीअनुसारको वातावरण बनाउने हो भने संघ र प्रदेशमा खारिएका जनशक्ति परिचालन गर्ने वातावरण बन्दैन। संघीयता कार्यान्वयन अझै लम्बिन सक्छ।

वाम गठबन्धन र जन अपेक्षा

खेमराज निरौला

मुलुकमा २०७४ सालमा सम्पन्न भएका तीनै तहका निर्वाचनमार्फत नेकपा एमाले र माओवादी केन्द्रको संयुक्त गठबन्धनले स्पष्ट बहुमत हासिल गरी आगामी ५ वर्षसम्मका लागि स्थिर सरकार निर्माण गरेर देशलाई अग्रगति प्रदान गर्ने सुनौलो अवसर प्राप्त गरेको छ। तीनै तहको निर्वाचन सफलतापूर्वक सम्पन्न भई सम्पूर्ण परिणाम सार्वजनिक भइसकेपछि वाम गठबन्धनले मुलुकमा स्पष्ट बहुमत प्राप्त गरेको छ। यसबाट नेपालको संविधान २०७२ को सफल कार्यान्वयन भई मुलुकमा संघीय शासन प्रणालीको शुरुआतको बाटो खुलेको छ। अझ स्पष्ट रूपमा भन्ने हो भने गठबन्धनका साझेदार दुई ठूला दलका नेतृत्वप्रति आम नेपाली जनताको विश्वास र भरोसा अझ प्रगाढ र तीव्र रहेको अनुमान गर्न सकिन्छ। गठबन्धनका तर्फबाट को प्रधानमन्त्री हुने भन्ने कुराको आधिकारिक निर्णयबाहिर आई नसके तापनि गठबन्धनकै एउटा प्रमुख दलका शिर्ष नेताले आगामी सरकारको नेतृत्व केपी आलीले नै गर्ने भन्नेतर्फ संकेत गरिसक्नुभएकाले पनि आगामी सरकारको नेतृत्व निर्विवाद ओलीले नै गर्नुहुने भएको आम नेपाली जनता त्यो क्षणको व्यग्रताका साथ पर्खाइमा रहेका छन्।

> वाम गठबन्धनबाट जनताले गरेको अपेक्षा भनेको राजनीतिक स्थायित्वमार्फत समृद्ध मुलुकको जनता भएर बाँच्ने हो। अस्थिर राजनीतिको आडमा मौलाएको अपराधीकरण, भ्रष्टाचार, ढिलासुस्तीलाई निर्मूल पार्दै पर्यटकीय दृष्टिकोणबाट नेपाललाई विश्वसामु प्रमुख गन्तव्यका रूपमा चिनाउनु नै अब बन्ने सरकारको प्रमुख कार्यभार हुनुपर्दछ।

निर्वाचन अघि जे-जस्तो अवस्था भए तापनि केही सामान्य घटनाबाहेक सबै निर्वाचन स्वच्छ र निर्भयका साथ सम्पन्न भई वाम गठबन्धनका पक्षमा जनताको अपार समर्थनले पनि आगामी दिनमा सरकारको नेतृत्व गर्नेले बढी संयमित, मर्यादित एवं परिणामोन्मुख भई काम गर्नुपर्ने चुनौती रहेको छ भने अर्कोतर्फ सबै तहका निर्वाचनमा नराम्रो पराजय भोगेको कांग्रेसलाई पनि विश्वासमा लिएर हिँड्नुपर्ने चुनौती छ। यसतर्फ पनि भावी प्रधानमन्त्रीका रूपमा उभिनुभएका केपी ओलीले प्रतिपक्षको विश्वास जितेर काम गर्ने भनिसक्नुभएकाले पनि नेपाली राजनीतिका आगामी दिन अझ सहज र समृद्धितर्फ उन्मुख हुनेछन् भन्ने आम नागरिकको अपेक्षा छ। निष्ठा, नैतिकता एवं इमानदारिता जस्ता विषय नेपाली राजनीतिबाट क्रमशः स्खलित हुँदै गइरहेका बेला अहिलेको राजनीतिलाई शुद्धीकरणतर्फ डोहोराई मुलुकमा समृद्धिको आधारशिला तयार पार्ने वाम गठबन्धनको प्रतिबद्धताले पक्कै पनि आम नागरिकका आँखा अहिले वाम गठबन्धनतर्फ सोझिएका हुनुपर्दछ। राष्ट्रियता, स्वाधीनता, सुशासन, समृद्धि एवं भ्रष्टाचारमुक्त प्रशासनमार्फत साझा घोषणापत्रमा गरिएका प्रतिबद्धता एवं वाचा पूरा गर्नेतर्फ गठबन्धन दृढ रहने अपेक्षा गर्न सकिन्छ। भ्रष्टाचार एवं ढिलासुस्तीका विरुद्ध शून्य सहनशीलताको नीति अपनाएका ओली एवं वाम गठबन्धनसामु आम मतदाताको मनोविज्ञानलाई बुझी जनताले दिएको जनादेशलाई कसरी सुशासन र समृद्धितर्फ डोऱ्याउने हुन् ? आम नागरिको चासोको विषय बनेको छ।

वाम गठबन्धनको बहुमतसँगै जनताका समस्या समाधानतर्फ कस्तो रबैया गठबन्धनले अपनाउँछ भन्ने चासो र सरोकार आम नागरिकमा छ। वाम गठबन्धनको विजयसँगै लोकतन्त्र, राष्ट्रहित, स्वाधीनता, राष्ट्रिय एकता र स्थिरताका विरुद्धमा फैलाइएका भ्रमलाई चिर्दै समुन्नत राष्ट्रनिर्माण गर्ने अठोटका साथ बनाइएको गठबन्धनलाई दिगोपन दिई संयुक्त घोषणापत्रलाई सफल कार्यान्वयनको चरणमा लगि नागरिकलाई आस्वस्त पार्नुपर्ने हुन्छ। वाम गठबन्धन अझ खास गरी नेकपा एमालेप्रति जनताले देखाएको भरोसा र विश्वासले वर्तमान परिप्रेक्ष्यमा एमाले अझ बढी सजगताका साथ अघि बढ्नुपर्ने देखिन्छ। वाम गठबन्धनका एजेन्डा नै किन जनताले अनुमोदन गरे ? भविष्यमा गठबन्धनले के गर्ला ? जनताको विकास, सुशासन, समृद्धि र भ्रष्टाचाररहित जनमुखी प्रशासनको परिकल्पनाले सार्थकता पाउला वा नपाउला भन्ने यावत् प्रश्नको उचित जवाफ केवल वाम गठबन्धनले मात्र दिन सक्ने आधार मतदाताले प्रस्तुत गरिदिएका छन्।

अहिलेको निर्वाचन परिणामले के सन्देश दिन खोजेको भने, जनता अब अस्थिरताको पक्षमा छैनन्। न त ६-८ महिना नपुग्दै सरकार परिवर्तनको शृंखलाको पक्षमा। छन् त केवल स्थिरता सुशासन, विकास एवं दिगो शान्ति। पछिल्ला वर्षमा संसद्मा कुनै पनि दलले बहुमत प्राप्त गर्न नसक्दाको अवस्थाले गर्न चाहेका काम पनि समयमा गर्न नसकिएका प्रसस्तै उदाहरण हाम्रा सामु छन्। सरकार परिवर्तनका बेमौसमी बाजाले राजनीतिलाई जनताको सेवामा भन्दा पनि व्यक्ति र पार्टी विशेषका फाइदाका पक्षमा बढी प्रयोग भएका दृष्टान्त कसैबाट छिपेको छैन। यस्ता विकृति र विसंगतिका विरुद्ध अब बन्ने सरकार पूर्णरूपमा सजग एवं इमानदारिताका साथ लागिपर्नेछ भन्ने आभास जनतालाई दिलाउन जरुरी छ। वाम गठबन्धनमा क्षमतावान् वैचारिक हिसाबले संघर्षशील, देश-विदेशको परिस्थितिअनुसार राजनीतिलाई हाँक्न सक्ने राजनेताको कमी छैन। जनताले यिनै विशेषता भएका नेताहरुलाई नै विश्वास गरेर बहुमत दिएका हुन्। यो बहुमतलाई अपव्याख्या गरी जनताका आकांक्षा एवं समृद्धिका सपनालाई कुनै पनि बहानामा तहसनहस बनाइयो भने त्योभन्दा दुखद क्षण अरू कुनै हुन सक्दैन। यो अवस्था नआउला भन्न सकिँदैन। किनभने अहिले वाम गठबन्धनलाई कसरी हुन्छ फुटाएर फाइदा लिने देशी एवं विदेशी शक्तिहरु पनि त्यत्तिकै सक्रियतापूर्वक लागिरहेका उनीहरुको बोली र व्यवहारबाट प्रस्ट देखिन्छ। यसतर्फ पनि गठबन्धनले ध्यान पुऱ्याउनुपर्ने देखिन्छ।

चुनावताका प्रचारप्रसारका क्रममा सत्तासीन दलका नेता खास गरी प्रधानमन्त्री शेरबहादुर देउवाले व्यक्त गरेका आधारहीन एवं अपत्यारिला मनगढन्ते अभिव्यक्तिलाई जनताले झुटा साबित गरिदिएका छन्। चुनाव प्रचारका क्रममा प्रधानमन्त्री देउवाले जनतामाझ केवल कम्युनिस्ट अधिनायकवादबाहेक अरू केही पनि बोलेनन्। यस्तोसम्म कि मानौं अब कांग्रेससँग जनतामाझ बोल्ने र गर्ने कुरा केही पनि रहेनछजस्तो देखियो। जुन ठाँउमा गए पनि कम्युनिस्ट अधिनायकवाद आयो भने मुलुकमा फेरि कहिल्यै चुनाव नहुने, बोल्न नपाइने, लेख्न नपाइने, संगठन गर्न नपाइनेजस्ता हावादारी कुरा गरेर जनतामा वाम गठबन्धनका विरुद्ध भ्रम छरेकाले पनि जनताले कांग्रेसलाई सजाय दिएको हुनुपर्दछ। वाम गठबन्धनको जस्तो स्पष्ट आफ्ना भावी योजना जनतासामु राख्न नसकेकाले कांग्रेसले इतिहासकै लज्जास्पद हार बेहोर्नुपरेको हो। तर, अब कांग्रेसको हारलाई वाम गठबन्धनले आफ्नो प्रतिबद्धता र जनतालाई देखाएको समृद्धि, सुशासन, सदाचार, स्थायी सरकारको सपनालाई पूरा गर्ने अवसरका रूपमा सदुपयोग गर्न कुनै हालतमा पनि चुक्नुहुँदैन। फेरि पनि यो वा त्यो बहाना बनाएर आरोप-प्रत्यारोप सुन्ने पक्षमा जनता छैनन्। दुई कम्युनिस्ट पार्टी एकीकरण गरेर एउटै पार्टीको निर्माण गरी मुलुकलाई राजनीतिक स्थायित्वतर्फ डोऱ्याउने नेताहरुको सहमतिले व्यापक मात्रामा उत्साह र आशाको आमसञ्चार गराएको छ भने अहिले पछिल्लो समयमा आएर त्यो उत्साह र आशा कतै निराशामा त परिणत हुने होइन भन्ने आशंका बढ्न थालेको छ। यो दुविधाको अवस्थालाई बेलैमा सकारात्मक सम्बोधन गरिएन भने जनताले अब वामपन्थीलाई माफी गर्ने छैनन्। सुशासन र समृद्धिका पक्षमा यो एकताले युगान्तकारी परिवर्तन ल्याउन सक्नुपर्दछ। यसबाट मुलुकमा मौलाएको भ्रष्टाचार, ढिलासुस्ती, अपारदर्शिता, लुटतन्त्र, अराजकता जस्ता लोकतन्त्रमा नसुहाउने गतिविधिलाई जरैदेखि उखेलेर सुशासन र कानुनी राज्यको प्रत्याभूत गराउन सफल हुनेछ। दुई दशकभन्दा बढीको प्रजातान्त्रिक कालखण्डमा झण्डै २५ पटक सरकार फेरिनु मुलुकको स्थिरता र विकासमा कति दुर्भाग्यपूर्ण छ। यो तीतो यथार्थतालाई मनन गरेर अब बन्ने सरकारले त्यसैअनुसारको कदम चाल्नुपर्ने टड्कारो आवश्यकता छ। सुखद भविष्य र समुन्नत मुलुकको नागरिकको परिकल्पनाका साथ कालखण्डका आन्दोलनमा होमिएको नेपाली समाजमा आजसम्म आइपुग्दा एक किसिमको असन्तुष्टि र आक्रोश कायमै छ। पटक-पटकका राजनीतिक परिवर्तनपश्चात् पनि आम नागरिकका सरोकारका विषयका तर्कपूर्ण समाधान नहुनुले राजनीतिमा वितृष्णा फैलिँदै गएको छ। भ्रष्टाचार र दण्डहीनताले कुरूप बनाएको राष्ट्रलाई विकासको बाटोमा ल्याउने काम अब बन्ने वाम गठबन्धनको सरकारले गर्ने अपेक्षा आम नागरिकको छ। चुनौतीका पहाड धेरै छन् तर इमानदार र कर्तव्यनिष्ट भइयो भने ती पहाडहरु सामान्य पनि हुन सक्छन्। जनतालाई स्थायी सरकारमार्फत काम गरीखाने वातावरण चाहिएको छ। वाम गठबन्धनले प्रस्तुत गरेका एजेन्डालाई मतदानमार्फत जनताले अनुमोदन गरिदिएका छन् तर सर्तसहित। त्यो सर्त भनेको राजनीतिक स्थायित्व, सुशासन, विकास, रोजगारी एवं सुसम्पन्न मुलुकको नागरिक बन्ने। अहिले मिनेट-मिनेटको समय बहुमूल्य छ। एकछिनको समय पनि खेर नफाली राष्ट्र र जनताको हितमा प्रयोग गर्नुपर्दछ। जनतासामु गरेका वाचालाई जस्ताको तस्तै कार्यान्वयनको चरणमा लान्छन् कि लाँदैनन् ? जनताले हेरिरहेका छन्। यदि त्यस्तो भएन भने वामपन्थी जनताबाट धेरै टाढा हुन पनि बेर छैन। वाम गठबन्धनबाट जनताले गरेको अपेक्षा भनेको राजनीतिक स्थायित्वमार्फत समृद्ध मुलुकको जनता भएर बाँच्ने हो। अस्थिर राजनीतिको आडमा मौलाएको अपराधीकरण, भ्रष्टाचार, ढिलासुस्तीलाई निर्मूल पार्दै पर्यटकीय दृष्टिकोणबाट नेपाललाई विश्वसामु प्रमुख गन्तव्यका रूपमा चिनाउनु नै अब बन्ने सरकारको प्रमुख कार्यभार हुनुपर्दछ।

पाठक पत्र

पिनास हुनबाट बचावट र उपचार

पिनासले धेरैलाई सताउने गर्छ। पिनासलाई डाक्टरी भाषामा साइनोसाइटिस भनिन्छ। साइनोसाइटिस भनेको नाकवरिपरिका पिनास ग्रन्थीहरु (साइनास) को इन्फ्लामेसन अथवा (सुनिएर रातोतातो भई दुख्नु र काम गर्न छाड्नु) हो। यी साइनस ग्रन्थीहरु नाकको वरिपरिका हड्डीमा पाइने हावा भरिएका खोक्रा संरचनाहरु हुन्। साइनसले टाउकोलाई हलुका बनाउन, स्वरलाई स्पष्ट बनाउन, श्वास क्रियामा सहजतापूर्वक श्वास लिन, अनुहारमा चोटपटक लाग्दा धेरै क्षति हुनबाट बचाउन सहयोग गर्नेजस्ता कार्य गर्दछन्। यी साइनसमा प्राकृतिकरूपमा हावा भरिएको हुन्छ, तर यदि हावा भरिएको हड्डीको खोक्रो भाग सुन्निएर रातो-तातो भई यसभित्र कफ जम्ने स्थितिलाई पिनास (साइनोसाइटिस) भनिन्छ।

पिनासका प्रकार

- **तीव्र पिनास** : पिनास ग्रन्थीहरु एकाएक सुन्निएर प्रदाहात्मक हुने र चार हप्ताभित्र आफैं ठीक हुने पिनासलाई तीव्र पिनास भनिन्छ।
- **मध्यम पिनास** : चार हप्ताभन्दा ज्यादा तर १२ हप्तासम्म लम्बिने पिनासलाई मध्यम पिनास भनिन्छ।
- **जीर्ण पिनास** : १२ हप्ताभन्दा लामो समयसम्म रहने पिनासलाई जीर्ण पिनास भनिन्छ।
- **आवर्तक तीव्र पिनास** : लामो एक वर्षमा चार वा धेरैपटक दोहोरिने तीव्र पिनासलाई आवर्तक तीव्र पिनास भनेर भनिन्छ।

पिनास हुनुको कारण

एलर्जी, नाकमा मासु पलाउनु, नाकको हड्डी बाङ्गिनु, नाक, कान, घाँटी र दाँतको संक्रमण हुनु, माथिल्लो श्वासमार्गको संक्रमण हुनु पिनास हुनुका कारण हुन्। यसै गरी भाइरसको संक्रमण जस्तै- राइनो भाइरस, कोरोना भाइरस, इन्फ्लुएन्जा भाइरस, एडिनो भाइरस, प्यारा इन्फ्लुएन्जा भाइरस इन्टेरो भाइरस आदि पनि पिनास हुने कारण हुन्। त्यस्तै स्ट्रेप्टो कोकस निमोनी, हिमोफिलस इन्फ्लुएन्जा, मोराक्सेला क्याटार ह्यालिस स्टाफाइलो कोकस अरिएसजस्ता ब्याक्टेरियाका कारण पनि पिनास हुन्छ। कमजोर प्रतिरक्षा प्रणाली, दुसीको संक्रमण जस्तै- मधुमेहका रोगी, एड्स आदिका बिरामीमा दुसीको कारणले हुने पिनास ज्यादा देखिन्छ।

पिनासका लक्षण

रुघा लाग्ने, टाउको भारी भएर दुख्ने, पिनासको ग्रन्थीको क्षेत्रमा दबाब दिँदा दुख्ने, स्वर परिवर्तित हुने, नाकको वरिपरि वा आँखाको ठीकमाथि पीडा हुने, दाँत दुख्ने, गन्ध ग्रहण शक्ति कमजोर हुने, स्वाद ग्रहण शक्ति कमजोर हुने, ज्वरो आउने, बेचैनी बढ्ने, नाक बुझ्किने पिनासका लक्षण हुन्। यसै गरी नाकबाट सिँगान बग्ने, घाँटी खसखसाउने, थकान हुने, श्वास गन्हाउने, हाच्छ्युँ आउने, अनुहार सुन्निने आदि पनि पिनासका लक्षण हुन्।

पिनासबाट बच्ने उपाय

माकुराको जालो, फूलको पोलन, चिसो, ढुसी, धूवाँ, धूलो, घोडाको लिदी, पशुको भुत्ला, पक्षीको प्वाँख आदि एलरजेनहरुसँग बच्नुपर्छ। त्यस्तै ढुसी, झ्याउ, लेउ लाग्न सक्ने फर्निचर एवं सामानहरुलाई नियमित सरसफाइ गरिरहनुपर्छ। जस्तै- गद्दा, सोफा, कार्पेट, गलैंचा, डोरम्याट, पर्दा रुमाल आदिको सफा गर्नुपर्छ।

त्यसै गरी परफ्युम, अत्तर आदिको बासनाले पनि धेरैलाई एलर्जी हुनसक्छ। दूषित वायुमा जस्तै- धूवाँ, धूलो, धुमपान, आद्र वायुबाट बचौं। घरमा हावा गुम्सिन नदिऔं, भएको भेन्टिलेसन प्रणालीलाई चुस्त राखौं। जाडोको मौसममा कम तापमान र आद्र हावामा पिनास ग्रन्थीहरुको संक्रमण हुनसक्छ, तसर्थ जाडोबाट बचौं। यसै गरी, अतिउष्ण तापक्रममा पनि श्वास लिँदा पिनास हुनसक्छ। तनाव, अनिद्रा, डर, चिन्ता, उदासीनता र नैराश्यता आदिबाट पनि बच्ने गरौं। यी मनोविकार भएको अवस्थामा शरीरको प्रतिरक्षा प्रणाली कमजोर हुन गई पिनास हुन सक्छ। रुघाखोकी लागेका व्यक्तिहरुबाट पनि बच्ने गरौं। तलाउ, पोखरी, खोला वा स्विमिङ पुलमा डुबेर नुहाउँदा नाकमा पानी पसी पिनास ग्रन्थीको संक्रमण हुन सक्छ। मौसमी संक्रमणबाट बचौं। ब्याक्टेरिया भाइरस आदिको संक्रमणले पिनास हुन सक्छ। नाक, कान, घाँटी र दाँतको संक्रमण भएकाले यी संक्रमणलाई बेलैमा नियन्त्रण गरौं। कहिलेकाहीं यी संक्रमण पिनास ग्रन्थीमा सरेर पिनास हुन सक्छ। जाडोमा निधारसम्म ढाकिने टोपी वा मङ्की क्याप लगाउने गरौं। दैनिक ३-४ लिटर पानी पिउने गरौं। नाकमा मासु पलाएको, नाकको हड्डी टेडो भएको जस्ता समस्याको बेलैमा उपचार गरौं। नाकको सफाइमा विशेष ध्यान दिऔं।

पिनासको उपचार

- **जलनेती** : प्रचीनकालदेखि नै ऋषिमुनिले नाकको सफाइ गर्नका लागि उपयोग गरेको यौगिक विधिलाई जलनेती भनिन्छ। नेतीको भाँडामा उमालेर मनतातो बनाइएको नुनपानीलाई एउटा नाकको प्वालबाट राखी अर्को प्वालबाट निकाल्ने पद्धतिले पिनास नियन्त्रण गर्छ।
- **सूत्रनेती** : रबरको नली वा मैनले भिजाएको चिल्लो डोरीलाई एउटा नाकको प्वालबाट पसाएर मुखबाट निकालेर घारघुर गरी पूरै श्वासमार्गलाई नै सफाइ गर्ने क्रियालाई सूत्रनेती भनिन्छ। सूत्रनेती गरिसकेपछि पुनः जलनेती गर्नुपर्छ।
- **बाफ लिने** : उम्लिएको पानीमा नाक खुलाउने दबाइ हालेर वा नहालिकन पानीको बाफमा अनुहार एक्सपोज गरी कपडाले पूरै टाउको र बाफको भाँडोसहित ढाकेर नाकबाट बाफ लिने गर्दा तातो बाफले पिनास ग्रन्थीमा भएको फोहोर निकाली प्रदाह कम गर्न मद्दत गर्दछ। (नोटः बाफ लिँदा आँखा बचाएर लिने गरौं।)
- **कुञ्जल क्रिया** : उमालेर मनतातो बनाएको पानीमा नुन हाली ८-१० गिलास पानी पिएर बमन गर्ने विधिलाई कुञ्जल क्रिया भनिन्छ। कुञ्जल गर्दा अमाशय सफा हुन्छ नै, साथसाथै यसले नाक र पिनास ग्रन्थीमा जम्मा भएर रहेको फोहोरलाई पनि बाहिर निस्कन मद्दत गर्दछ।
- **टाउकाको मालिस** : तातो तेल ठोकेर टाउकाको मालिस गर्दा तातो एवं मर्दन विधिले पिनास कम गर्न मद्दत पुऱ्याउँदछ।
- **मसलाको सेवन** : तीक्ष्ण स्वाद भएका मसला जस्तैः तोरी, ल्वाङ, प्याज, लसुन, मरिच, कडीपत्ता, बेसार आदि हालिएको सब्जी खाँदा पिनास घटाउन मद्दत गर्दछ। विशेषतः यी तीक्ष्ण स्वादका वस्तुले कफ काट्नेछ।
- **अकुप्रेसर** : अनुहारका पिनास ग्रन्थीमाथि, वरपरका अकुप्रेसर बिन्दुहरुमाथि, हत्केला वा पैतालाका बिन्दुहरु दबाउँदा पिनासबाट छुट्कारा पाउन सकिन्छ।
- **भुइँकटहरको गुबोको प्रयोग** : भुइँकटहरको गुबोमा ब्रोमेलिन नामको प्रोटिन पाइन्छ। यो प्रोटिनको उपयोग सुनिएको घाउ सुकाउन प्रयोग गरिन्छ। ब्रोमालिनको सेवनले पिनास तथा घ्राणमार्गको सुजन कम गर्न सहयोग गर्दछ।
- **गाईको घ्यू** : सुत्नुभन्दा पहिले २-३ थोपासम्म मनतातो गाईको घ्यू नाकमा हाल्नाले पिनास कम गर्न मद्दत गर्दछ।
- **प्रशस्त पानी पिउने** : पिनास भएकाले प्रशस्त पानी पिउने गर्नुपर्छ। पानीको निहुँमा कोल्डड्रिंस, पेप्सी, जुस, चिनी हालिएका पेप सुप आदि पिउन हुँदैन। रक्सी र चुरोटको सेवन पनि पिनासका लागि हानीकारक छ। पेय पदार्थको सेवन गर्दा कफ काट्ने पदार्थको छनोट गर्नुपर्छ।
- नाकभित्र मासु पलाएको, सुन्निएको, हड्डी बाङ्गिएको वा नासिकामार्ग थुनिएको भए चिकित्सकको परामर्श लिने गरौं।

- सुवास पौडेल, एमबीबीएस विद्यार्थी, काठमाडौं

सामाजिक सञ्जाल

जीवनलाई बढ्दोस्समा सार्थक, सुन्दर, आकर्षक, स्वस्थ, सक्षम र सराहनीय बनाउने प्रयास नै जीवनको सार होजस्तो लाग्छ। र, यो प्रयास जीवनभर चलिरहनुपर्छ।

Nilamber Acharya
@nilacharya

अदालतमा मुद्दा चल्दै छ।
डा. केसीले अनशन बस्न जरूरी छैन।
अदालतको निर्णय नआउञ्जेल
अनशन स्थगित गर्नु उचित हुन्छ।

Bishodip
@bishodip

नेपालको यातायातखध कार्यालयले बेचेको इम्बोस्ड नं. प्लेट र भारतीय गाडीका नं. प्लेट परबाट ट्याक्कै उस्तै देखिने रहेछन्। धूलोमैलोले झण्डा मधुरो भएपछि भारतीय गाडी सजिलै नेपाली गाडीको भीडमा घुलमिल हुने र बिलाउन सक्ने देखिन्छ।

Rajendra Dahal
@RDahal62

२०७४, पुस
आइतबार
३०

पहिलो बौद्ध मासिक पत्रिका आनन्दभूमिको गतमहिनाको अंकमा उनको आवरणसहित लेख, रचना प्रकाशन गरिएको थियो। यसले पनि भेटलाई अनिवार्य आवश्यकता बनाएको प्रतीत हुन्थ्यो।

नेपाल

९० वर्षीय शाक्यको सम्मान

सुनील महर्जन, काठमाडौं

उमेरले उनी ९० मा टेकिसकेका छन्। उनको क्रियाशीलतामा उमेर कतै पनि बाधक भएको पाइएन। उनी अर्थात् लोकबहादुर शाक्य।

शाक्यकै सम्मानमा शनिबार राजधानीमा सयौं मानिस जम्मा भए। नेपालको बुद्ध धर्मको लेखन क्षेत्रमा प्रगतिशील लेखक, स्तम्भकारका रूपमा चिनिएका शाक्यको सम्मानमा भेटको सन्दर्भ भिक्षु कौण्डन्यले जुटाइदिएका थिए।

नेपालको पहिलो बौद्ध मासिक पत्रिका आनन्दभूमिको गतमहिनाको अंकमा उनको आवरणसहित लेख, रचना प्रकाशन गरिएको थियो। यसले पनि भेटलाई अनिवार्य आवश्यकता बनाएको प्रतीत हुन्थ्यो। पञ्चशील प्रार्थनाबाट शुरु गरिएको समारोहमा शाक्य र उनकी श्रीमती पुनमाया शाक्यको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै विहारको तर्फबाट जुजुभाइ तुलाधरले शाक्य दम्पतीलाई खादा लगाइदिए। त्यसपछि सुख, शान्ति र मैत्रीको कामना गदै भिक्षु कौण्डन्य, भिक्षु धर्मानन्द, भिक्षु सुद्धिको, भिक्षु धर्मदत्तले लयबद्ध परित्राण पाठ गरेका थिए। परित्राण पाठ गर्नाले भय, रोग बिघ्न बाधा हटेर शान्ति मिल्ने जनविश्वास रहेको छ।

सोही अवसरमा शाक्यकै बुद्ध धर्म नामक पुस्तकको लोकार्पण गरिएको थियो। सो पुस्तकको भिक्षु कौण्डन्य र उनकी श्रीमती पुनमाया शाक्यले संयुक्तरूपमा लोकार्पण गरे। समारोहको अन्तमा बुद्ध धर्मको लेखन क्षेत्रमा शाक्यको योगदानलाई स्मरण गर्दै भिक्षु कौण्डन्यले बुद्धमूर्तिसहितको उपहार प्रदान गरेका थिए।

यसअघि सहभागी वक्ताहरूले शाक्यको विविध पक्षबारे चर्चा गरेका थिए। बुद्ध धर्मको क्षेत्रमा देखापरेका बेथिति र सामाजिक विकृतिविरुद्ध शाक्यको लेखन निकै कडा र सशक्त रहेको उल्लेख गर्दै भिक्षु कौण्डन्यले भने- 'शाक्य एक क्रान्तिकारी व्यक्ति हुन्।' शाक्यको विचार, जीवनशैली धेरैका लागि प्रेरणादायी रहेको पनि उनको भनाइ थियो। भिक्षु कौण्डन्यले शाक्यको आलोचनात्मक दृष्टि न्याय र समानतामा आधारित समाजका लागि नभई नहुने चिन्तनका रहेका पनि बताए।

नेपाल भाषाका लेखक एवं गीतकार लाभरत्न तुलाधरले बुद्ध धर्मको क्षेत्रमा देखा परेका विकृतिविसंगति, बेथितलाई शाक्यले आफ्नो लेखनको केन्द्रबिन्दु बनाएको चर्चा गदै शाक्य एक सुधारक, प्रगतिशील लेखक रहेको बताउनुभयो। 'उमेरले उहाँ मेरो बुबाभन्दा दुई हप्ताले जेठो। सक्रियतामा मभन्दा निकै अगाडि हुनुहुन्छ' -तुलाधरले भन्नुभयो।

शाक्यका जेठा छोरा एवं चर्चित ध्यान गुरु हेमबहादुर शाक्यले आफ्नो बुबा पञ्चायतकालमा प्रमुख जिल्ला अधिकारीको हैसियतमा रहँदा सदैव न्याय र समानताको पक्षपाती रहेको विभिन्न उदाहरण प्रस्तुत गर्नुभएको थियो। बुबा जतिको साहसिक र न्यायको पक्षपाती हुन नसकेको पनि उहाँले स्वीकार गर्नुभयो।

सो अवसरमा बौद्ध युवा कमिटीका पूर्वअध्यक्ष सुनील महर्जनले शाक्य आफ्नो मान्यता, सिद्धान्त र विचारका लागि भीडदेखि पर रहेर एक्लै उभिन सक्ने आँट भएको साहसिक व्यक्ति रहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'अक्सर मानिस आफ्नो मान प्रतिष्ठा र लोकप्रियताको खातिर सत्य बोल्दैनन्। शाक्यको जीवन भने सधैं यसैको अपवाद बनेको छ।' पद्मकन्या क्याम्पसका पूर्वअध्यापक सुमति बज्राचार्यले समाज सुधार र सामाजिक कार्यकर्ता र अभियन्ताका लागि शाक्यको जीवनी सदैव प्रेरणादायी रहने विश्वास व्यक्त गर्नुभयो।

२००८ सालदेखि २०४५ सम्म सरकारी जागिरमा रहेका शाक्यलाई २०४५ सालमा गोरखा दक्षिण बाहु तृतीय श्रेणी, जनस्तरमा पञ्चवीरसिंह सिरपा-११२४, मा आशामान ताम्रकार सिरपा-१११३ लगायत विभिन्न पुरस्कार र सम्मान प्रदान गरिएको थियो। बौद्ध दर्शनसम्बन्धी शाक्यका एक दर्जनभन्दा बढी पुस्तक प्रकाशित भइसकेको छ।

'सरकारले निर्वाचन सार्न खोज्यो'

काठमाडौं, (नेस) । नेकपा एमालेका नेता सुवासचन्द्र नेम्वाङले सरकारले राष्ट्रियसभाको निर्वाचन सार्न खोजेको आरोप लगाउनुभएको छ।

दोलखा-काठमाडौंसम्पर्क मञ्चले आयोजना गरेको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचित सांसदलाई बधाई तथा शुभकामना कार्यक्रममा उहाँले प्रदेश प्रमुख र अस्थायी मुकाम नतोक्नुले सरकार राष्ट्रियसभाको निर्वाचन सार्न खोजेको आशंका उत्पन्न भएको बताउनुभयो।

'सरकारले षड्यन्त्रमूलक ढंगबाट निर्वाचन सार्न खोजेको छ', उहाँले भन्नुभयो- 'होइन भने सरकारले यथाशीघ्र प्रदेश प्रमुख र अस्थायी राजधानी तोकोस्।' उहाँले सरकारले राष्ट्रियसभाको निर्वाचन समयमा नगराएर आफ्नो कार्यकाल लम्ब्याउन चाहेको धारणासमेत व्यक्त गर्नुभयो। उहाँले वाम गठबन्धनले बहुमत ल्याउँदा पनि वर्तमान सरकारले नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त नगरेको गुनासो गर्नुभयो। पूर्वसभामुख नेम्वाङले व्यवहारमा एमाले र माओवादी केन्द्र एक भइसकेको भन्दै अब सैद्धान्तिक हिसाबले मात्र एक हुन बाँकी रहेको बताउनुभयो।

काउन्सिलले गऱ्यो तीन सम्पादकसँग छलफल

काठमाडौं, (नेस)

प्रेस काउन्सिल नेपालले प्रहरी प्रशासनद्वारा स्रोतसहित आफ्नो कार्यालयमा हाजिर हुन बोलाइएका ३ वटा अनलाइन मिडियाका सम्पादकसँग शुक्रबार छलफल गरेको छ। काउन्सिल सभाहलमा भएको छलफलका क्रममा तीनै पत्रिकाका सम्पादकले आफूहरूलाई समाचार लेखेकै आधारमा राज्यले दुःख दिएको जीकिर गरेका थिए।

उनीहरूले समाचार लेख्नु आफ्नो धर्म भएकाले आफूहरूले बाहिर आएकै समाचारलाई आफ्नो मिडियामा ठाउँ दिएको बताएका थिए। उनीहरूले पत्रकारको काम नै समाचार लेख्नु हो के अब हामी के समाचार लेख्ने के नलेख्ने भनेर सोचेर बस्नुपर्ने हो त? भनेर प्रश्न गरेका थिए। केही सम्पादकले भनेका थिए- 'समाचार लिएरै मान्छे आए लेखियो, अहिले झन्झट पाइयो।'

छलफलमा काउन्सिलका कावा अध्यक्ष किशोर श्रेष्ठले प्रहरी नायव महानिरीक्षक (एआईजी) नवराज सिलवालको सक्कली र नक्कली भनिएको कासमू कागजातका विषयमा समाचार लेख्ने पत्रकारले पत्रकार आचारसंहिताविपरीत आफ्नो फेसबुक स्ट्याटसमा यो वा त्यो व्यक्तिको पक्षधरता लिँदा समस्या आएको बताउनुभएको थियो। उहाँले अब पत्रकारलाई उक्त समाचार लेख्दा कहाँ कहाँ आचारसंहिताको ख्याल भएन भनेर पछि छलफल गरिने पनि प्रष्ट पार्नुभयो।

छलफलमा काउन्सिलका अन्य पदाधिकारी र कर्मचारी, नेपाल बार एसोसिएसनका कोषाध्यक्ष ज्ञानरत्न शाक्य, सुशासन अनलाइनका सम्पादक उत्तम अर्याल, मूलधार अनलाइनका सम्पादक रवि धामी, सुदिन अनलाइनका सम्पादक अशोक अधिकारी सहभागी हुनुभएको काउन्सिलका सहप्रशासकीय अधिकृत एवम् सूचना अधिकारी दीपक खनालले जानकारी दिनुभयो।

स्मरणीय छ, यसै विषयमा काउन्सिलले मंगलबार महानगरीय प्रहरी परिसर काठमाडौंका प्रमुख रवीन्द्रबहादुर धानुक र डीएसपी बेलबहादुर पाण्डेसँग पनि छलफल गरेको थियो। उक्त छलफलमा आमसञ्चारमाध्यमबाट सम्प्रेषित समाचार तथा समाचार-सामग्रीका सम्बन्धमा केही जानकारी नै लिनुपर्ने मुनासिब कारण भएमा प्रेस काउन्सिल नेपालसँग समन्वय गर्न सकिने, समाचारको स्रोतको संरक्षण गर्नु पत्रकार र आमसञ्चामाध्यमको दायित्व हुने तथा फौजदारी अपराधबाहेक आमसञ्चारमाध्यममा सम्प्रेषित सबै विषयवस्तु सबै हेर्ने निकाय काउन्सिल भएकाले समाचारसँग सम्बन्धित विषयमा पनि अब काउन्सिलले नै हेर्ने सहमति भएको थियो।

पाण्डेको 'यार' विमोचन

काठमाडौं, (नेस)

आख्यानकार नयनराज पाण्डेको नयाँ कृति 'यार'को शनिबार विमोचन भयो। यार मित्रहरूमाथि लेखिएको संस्मरणको संग्रह हो। मित्रता बन्ने मात्र गर्दैन टुट्ने पनि गर्दछ। त्यही बन्ने अनि टुट्ने, फेरि जोडिने र भत्किने मित्रताका अनेक सम्झनालाई स्मृतिको गइराइबाट टिपेर ल्याएका छन् नयनराज पाण्डेले यारमा।

संस्मरणका पाँच पात्र शार्दूल भट्टराई, श्यामल, पुरुषोत्तम सुवेदी, जय हमाल र राजवले उक्त पुस्तक संयुक्तरूपमा विमोचन गरे।

कार्यक्रममा बोल्दै लेखक पाण्डेले भने- 'यार'मा मैले आफ्ना साथीहरूसितका सुन्दरतम् या सुखदतम् पलहरूको कुरा मात्र लेखेको छैन, कुरुप र दिगमिग लाग्दा क्षणहरूको कुरा पनि लेखेको छु। सम्बन्धको गरिमाको कुरा त लेखेकै छु, सम्बन्धविच्छेदका दिक्क लाग्दा कुराहरू पनि लेखेको छु। माया र प्रेमका कुरामात्र लेखेको छैन, घृणा र चोटका कुरा पनि लेखेको छु।'

उनले थपे- 'यार लेख्न शुरु गर्दा मैले सोचेको थिएँ, म यसमा आफ्ना साथीहरू या साथीजस्ता मानेका आदरणीय अग्रजहरूका अनेक अनेक कमीकमजोरी खोतल्नेछु। ती सबै कमीकमजोरीलाई निडर भएर उजागर गर्नेछु। तर, मलाई के थाहा, अरुभित्रका कमजोरी खोज्दाखोज्दै मैले आफैंभित्र भेट्ने छु आफ्ना सहस्र कमजोरीहरू। त्यसैले 'यार'को अन्त्यमा मैले लेखेको छु- यो किताब मेरो आफ्नै वजन जोख्ने तराजु पनि हो। मेरो लम्बाई, चौडाइ र उचाई नाप्ने इन्चीटेप पनि हो।'

INVITATION FOR BIDS

Chhatradev Rural Municipality

Office of the Rural Municipal Executive

Chhatragunj – Arghakhanchi

Invitation for Bids for procurement of "Supply and Delivery of Corrugated Galvanized Iron (CGI) Sheet"

Contract Identification No: CRM/G/NCB/ARG/01/074/75

First Date of Publication: 2074/09/30(01/14/2018)

1. **The Chhatradev Rural Municipality ,Office of the Rural Municipal Executive,Chhatragunj– Arghakhanchi** has allocated funds for **Supply and Delivery of Corrugated Galvanized Iron (CGI) Sheet** and the CRM intends to apply the funds to cover eligible payments under the Contract for **Supply and Delivery of Corrugated Galvanized Iron (CGI) Sheet .** Bid is open to all eligible Nepalese Bidders.
2. The **Chhatradev Rural Municipality, Office of the Rural Municipal Executive,Chhatragunj – Arghakhanchi** invites sealed bids from registered Suppliers/fabricators for supply and delivery of **Corrugated Galvanized Iron (CGI) Sheet** at the location of different ward office (1-8) of CRM, Arghakhanchi. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators/Suppliers should have experience of successfully completing supply and delivery of CGI Sheet for two times in the Government offices of Nepal within last Three years. New fabricators/Suppliers may apply in joint venture with an eligible firm having the required experience. However, bids of such fabricators /suppliers shall be considered responsive only in case fabricators fulfill the requirements..
4. Eligible Bidders may obtain further information at the office of **Chhatradev Rural Municipality, Office of the Rural Municipal Executive, Chhatragunj – Arghakhanchi, Phone: Phone No.: 077-690573, 077-690574, Mr. Bhesh Raj Panth, Mo.No. 9857066971, Email: chhatradev.ruralmun@gmail.com.**
5. Bidder must submit their bid electronically and may down load the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np**. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the office's Sanchit account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank, Branch office, Arghakhanchi
   Name of Office: - Chhatradev Rural Municipality, Office of the Rural Municipal Executive, Chhatragunj – Arghakhanchi
   Office Account no.: 3050304018105
6. Bids must be submitted electronically to the **www.bolpatra.gov.np,** on or before **12:00 hours** on **2074/11/02(February 14, 2018)**. Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **Chhatradev Rural Municipality, Office of the Rural Municipal Executive, Chhatragunj – Arghakhanchi** on **13:00 hours, 2074/11/02(February 14, 2018)** at the office of **CRM, Arghakhanchi**. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, amounting to as stated in Table given below, which shall be **valid for 30 days** beyond the bid validity period.
8. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Account Name: **Chhatradev Rural Municipality, Office of the Rural Municipal Executive, Chhatragunj – Arghakhanchi** Bank Name: Rastriya Banijya Bank Arghakhanchi . Account Number: Dharauti Account 3050303007105 and submit bank deposit voucher along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. Pre-Bid Meeting shall be held at the office of, **Chhatradev Rural Municipality, Office of the Rural Municipal Executive, Chhatragunj – Arghakhanchi** at **11:00 hours** on **2074/10/19 (February 2, 2018).**
11. The name and identification of the contract are as follows:

Identification No.	Description of Work	Estimated Amount, NRs (Excluding VAT)	Bid Security Amount (Rs.)	Remarks
CRM/G/NCB/ ARG/01/074/75	Supply and Delivery of **Corrugated Galvanized Iron (CGI) Sheet** at the location of CRM, Arghakhanchi	**1,06,17,651.72**	**3,23,945.00**	

12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

सिनेमा कर्नर

अग्नि यातायात प्रा. लि.

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे

रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान

फो. नं. ०१-४१८५६३३

मो. नं. ९८४१५७९६९७ (शम्भु)

माउन्ट मकालु यातायात सेवा

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ

प्रस्थान दिउँसो २ बजे

केन्द्रीय कार्यालय, कलंकी

सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

आजको राशि

ज्यो. चन्द्रेश शर्मा

मेष : स्वास्थ्य समस्या, खर्च वृद्धि, आलस्यता, दिनचर्या अस्तव्यस्त।

वृष : पैसा प्राप्ति, जीवनसगिनीबाट राम्रै सहयोग, इज्जत-प्रतिष्ठा वृद्धि।

मिथुन : धन लाभ, प्रतिस्पर्धामा विजय, गरेका कार्यहरू सफल।

कर्कट : आँटिका र गरेको काममा बाधा-व्यवधान, बाथजन्य रोगको भय।

सिंह : पाचनमा समस्या, दुःख-कष्ट, विनाउपलब्धिको दौडधुप।

कन्या : मान वृद्धि, धन लाभ, व्यापार एवम् पढाइमा सफलता।

तुला : मानसिक चञ्चलता, आर्थिक नोक्सानी, खर्च वृद्धि, कष्ट।

वृश्चिक : तेज वृद्धि, लाभ, मान-प्रतिष्ठा वृद्धि, पुरस्कार-कोसेली प्राप्ति।

धनु : चोटपटकको भय, नोक्सानी, स्वास्थ्यमा समस्या, तनाव।

मकर : सुख-समृद्धि, धन लाभ, उपब्धिमूलक यात्रा, मिष्ठान्न भोजन।

कुम्भ : मनोरञ्जन प्राप्ति, उत्साह-उमंग वृद्धि, मानसिक सन्तुष्टि।

मीन : राजनीतिक व्यक्तित्वबाट धोका, तनाव, प्रतिष्ठामा ह्रास।

नेपाल समाचारपत्र

www.newsofnepal.com

2018, JAN Sunday 14

नेपाल

आउँदो माघ २४ गते हुने राष्ट्रियसभा निर्वाचन हुँदैछ। त्यसका लागि १२ जिल्लाका मतदाता दाङ आउने भएका छन्। ५ नम्बर प्रदेशमा दाङ, बाँके, बर्दिया, पाल्पा, नवलपरासी, रुपन्देही, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, रोल्पा, प्युठान र पूर्वी रुकुम पर्दछन्।

साढे ६ सय भूकम्पपीडित अनुदान लिन आएनन्

दुर्गाप्रसाद शर्मा, पर्वत

२०७२ वैशाख १२ र २९ को भूकम्पमा परी पर्वत जिल्लामा पूर्ण क्षतिमा परेका परिवारमध्ये अझै साढे ६ सय लाभग्राही पहिलो किस्ताको अनुदान लिन आएका छैनन्।

भूकम्पमा परी पर्वतका ५ हजार २ सय ६९ घर पूर्ण क्षति भएका छन्। जसमध्ये हालसम्म ४ हजार ५ सय ९९ जनाले सम्झौता गरेर पहिलो किस्ताको रकमवापत् रु ५० हजार रुपियाँ लगिसकेको जिल्ला समन्वय समिति पर्वतले जनाएको छ।

भने बाँकी ६ सय ४९ जना सम्झौता गर्नसमेत नआएका हुन्। पर्वतमा दोस्रो किस्ता अहिलेसम्म पनि वितरण हुन सकेको छैन।

पुनर्निर्माणका लागि प्राविधिकहरू नआउँदा लाभग्राहीले घर बनाउनसमेत पाएका छैनन् भने बनाइसकेकाहरूको पनि अनुगमन र भूकम्पप्रतिरोधी छ या छैन भनेर परीक्षण नगरिँदा दोस्रो किस्ता वितरण हुन नसकेको जिल्ला समन्वय समितिका सूचना अधिकृत तुलसीराम शर्मले जानकारी दिए।

हालसम्म पर्वतमा रु. २३ करोड १० लाख रुपियाँ वितरण भइसकेको छ भने थप २१ जनाका लागि रु १० लाख ५० हजार रुपियाँ भुक्तानीका लागि सिफारिस गरिएको छ। कतिपयको नाम परिवर्तन भए नभएको, अर्काको जग्गामा बसोबास गरेका, दुई घर भएकाको पहिचान गर्न कठिनाई भएकाले पनि पुनर्निर्माणमा समस्या देखिएको छ।

पर्वतमा पुनर्निर्माणका लागि यही पुसबाट मात्रै १७ जना इन्जिनियर खटिएका छन्। पर्वतका सात वटै स्थानीय तहमा क्षतिको संख्याअनुसार उनीहरूलाई परिचालन गरिएको छ।

त्यसै गरी अबको एक महिनाभित्र ८ सय ३८ जना डकर्मीलाई तालिम दिएर पुनर्निर्माणमा लगाउने तयारी भएको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव नारायण श्रेष्ठले जानकारी दिए। जसमध्ये दुई नगरपालिकामा ५०/५० का दरले र चार गाउँपालिकामा २५ र बिहादी गाउँपालिकामा ५० जना गरी दुई सय ५० जनालाई घरेलु तथा साना उद्योग विकास समितिले तालिम दिन थालेको छ। अन्य प्राधिकरणले माथिबाटै व्यवस्था गरेर पठाउने भएको छ।

'प्रत्येक स्थानीय तहमा लाभग्राहीको संख्याको आधारमा डकर्मीहरूलाई तालिम दिएर खटाइने छ' -उनले भने। उनले अब लाभग्राहीका अधिकांश समस्या जिल्लाबाटै समाधान गर्नका लागि जिल्ला आयोजना कार्यान्वयन एकाइको कार्यालय स्थापना गर्ने र त्यसमा जिल्ला समन्वय अधिकारीलाई प्रमुख र जिल्ला इन्जिनियरलाई व्यवस्थापनको जिम्मेवारी दिइनेसमेत बताए।

यसैबीच राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी प्रमुख युवराज भुसालले चालू आर्थिक वर्षभित्रै सबै भूकम्पपीडित घरभित्र बस्न पाउने गरी व्यवस्था मिलाइने बताए।

पर्वत सदरमुकाम कुश्माबजारमा आयोजित सरोकारवालाबीचको छलफल कार्यक्रममा बोल्दै भुसालले भूकम्पपछिको झण्डै तीन वर्षसम्म आकाशमुनि बस्न बाध्य लाभग्राहीलाई घरभित्र बसाल्ने गरी तयारी भइरहेको बताए। भूकम्पबाट बढी प्रभावित जिल्लामा गत वर्षदेखि नै पुनर्निर्माणले तीव्रता पाएको बताउँदै कम प्रभावित १७ जिल्लामा पनि आवश्यक इन्जिनियर र दक्ष डकर्मी परिचालन गरिएको बताए। उनले पहिलो किस्ता लगिसकेका लाभग्राहीलाई तत्काल प्राविधिक पठाएर अनुगमन गरी दोस्रो किस्ता दिनसमेत आग्रह गरे।

दशगजा अतिक्रमण रोक्न सहमत

नेपाल समाचारपत्र

भद्रपुर

दशगजा अतिक्रमण रोकथामका लागि नेपाल-भारत दुवै देशका सुरक्षा निकाय सहमत भएका छन्। भारतको विहार राज्यस्थित किशनगन्ज जिल्लाको डीआरडीए सभाघर रचना भवनमा शुक्रबार आयोजित प्रदेश नम्बर १ स्तरीय नेपाल-भारत बोर्डरको प्रशासन तथा प्रहरी प्रमुखसँग भएको सीमासम्बन्धी बैठकमा दुवै देशका सुरक्षा निकाय सीमा अतिक्रमण रोक्न सहमत भएका हुन्।

बैठकले पूर्वी नेपालको ताप्लेजुङदेखि झापा हुँदै सुनसरीसम्मको सीमा स्तम्भभित्र पर्ने दशगजाभित्रको जमिन अतिक्रमण भए भारतसँग सहकार्यमा त्यसको स्थलगत सर्वे गरी अतिक्रमण हटाइने सहमति भएको जिल्ला प्रहरी कार्यालय झापाका एसपी विष्णुकुमार केसीले जानकारी दिए।

दुवै देशको सीमांकन स्तम्भ हराएको वा भत्किएको भए त्यसको पनि सर्वे गरी त्यस ठाँउमा नयाँ स्तम्भ राखिने बारेमा लिखित सहमति भएको एसपी केसीले बताए। सीमासम्बन्धी कुनै मुद्दा बल्झिए दुवै देशका प्रशासनिक तथा प्रहरी प्रमुखले त्यस बारेमा छलफल गरेर मुद्दा टुंगो लगाउने विषयमा पनि गम्भीर छलफल भएको उनले जनाए।

दशगजा क्षेत्रमा सीमा चिह्न हराएकाले त्यस स्थानमा नयाँ स्तम्भ राखिने, नदीमा देखिने डलफिनको संरक्षणमा ध्यान दिइने र विराटनगर- जोगवनी जोड्ने एक घण्टासम्म चलेको बैठकमा विषेश गरी तीन विषयमा व्यापक छलफल भएको थियो।

मेची नदीमा आएको बाढीले भत्काएको वा बगाएका स्तम्भ खडा गरी अतिक्रमणमुक्त पारिने विषयमा छलफल भएको बुझिएको छ। बैठकमा मेची नदीमा देखिने डलफिनको संरक्षणका विषयमा चर्चा गर्दै राष्ट्रिय जल जीवलाई बचाउन दुवै देशको कर्तव्यको बारेमा छलफल भएको थियो। त्यसैले स्तम्भ निर्माण गर्ने बेलामा त्यसलाई ध्यानमा राखेर सर्वे गर्न राष्ट्रिय सर्वे टोलीलाई आग्रह गरिएको थियो। सीमा स्तम्भ राख्दा नदीमा रहेका डलफिनलाई असर नपर्ने गरी काम गर्न दुवै देशका सरकारी निकाय सहमत भएका छन्।

विहारका सुपौलका डीएम वैद्यनाथ यादवको अध्यक्षता भएको बैठकमा नेपालका तर्फबाट झापाका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारी, ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी जिल्लाका प्रशासन तथा नेपाल प्रहरी, सशस्त्र प्रहरी प्रमुखको सहभागिता रहेको थियो भने, भारतका तर्फबाट सुपौल, दार्जिलिङ, सिक्किम, किशनगन्जका प्रशासन, एसएसबी, भारतीय प्रहरी प्रमुखको सहभागिता थियो।

पूर्वी क्षेत्रका ताप्लेजुङदेखि सुनसरीसम्मको नेपाल-भारत सीमानामा १ हजार १ सय ७३ स्तम्भ रहेका छन्। त्यसमध्ये ७ सय स्तम्भको निर्माण भइसकेको छ भने ४ सय ७३ स्तम्भ निर्माण हुन बाँकी छ। सर्वे अफ नेपाल भारतका पदाधिकारीका अनुसार सीमा क्षेत्रमा साना, मझौला र ठूला गरी १ हजार १ सय ७३ स्तम्भ निर्माण गर्नुपर्ने देखिन्छ। बाढीले बगाएका स्तम्भको हकमा अहिले दुवै देशका सर्वे टोलीले मेसिनमार्फत् सर्वे शुरू गरिसकेको जनाइएको छ। सर्वेपश्चात् चिह्न लगाएर नयाँ स्तम्भ राखिने छ। झापा र मोरङसँग जोडिएको किशनगन्ज सीमा क्षेत्रमा मात्र १ सय ९१ वटा स्तम्भ निर्माण हुन बाँकी देखिन्छ।

राष्ट्रियसभा निर्वाचनका लागि प्रदेश निर्वाचन कार्यालय दाङमा

नरेन्द्र केसी, घोराही, दाङ

राष्ट्रियसभा सदस्य निर्वाचनका लागि दाङमा पाँच नम्बर प्रदेशस्तरीय निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ।

निर्वाचन आयोगले राष्ट्रियसभा सदस्य निर्वाचनका लागि निर्वाचन अधिकृत तोकेलगत्तै घोराहीमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो। नागरिक समाज दाङका संयोजक टीकाराम रेग्मीले शनिबार जिल्ला अदालत परिसरमा बोर्ड टाँगेर कार्यालयको उद्घाटन गर्नुभएको हो।

जिल्ला न्यायाधीश तथा राष्ट्रियसभा सदस्य निर्वाचन पाँच नम्बर प्रदेशस्तरीय मुख्य निर्वाचन अधिकृत हेमन्त रावलको अध्यक्षतामा भएको समारोहमा बोल्दै सरोकारवालाहरूले राष्ट्रियसभा निर्वाचनका लागि कार्यालय स्थापना हुनु पाँच नम्बर प्रदेशको राजधानी बन्ने आधारलाई थप बलियो भएको चर्चा गरेका थिए। उनीहरूले कार्यालय स्थापना गरिए पनि निर्वाचनका लागि मतदाताको टुंगो छिटो लगाउन सरकारलाई आग्रहसमेत गरे। प्रतिनिधिसभातर्फ समानुपातिक सदस्यहरूको परिणाम आइनसकेकाले अन्यौल रहेको भन्दै त्यसका लागि तत्काल प्रदेश प्रमुख र त्यसको अस्थायी कार्यालय तोक्न आग्रहसमेत गरे।

मुख्य निर्वाचन अधिकृत रावलले दाङमा राष्ट्रियसभा सदस्य निर्वाचनका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो। नागरिक समाज, पत्रकार तथा आम दाङवासीको सहयोगको अपेक्षा गर्नुभयो।

आउँदो माघ २४ गते हुने राष्ट्रियसभा निर्वाचन हुँदैछ। त्यसका लागि १२ जिल्लाका मतदाता दाङ आउने भएका छन्। ५ नम्बर प्रदेशमा दाङ, बाँके, बर्दिया, पाल्पा, नवलपरासी, रुपन्देही, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, रोल्पा, प्युठान र पूर्वी रुकुम पर्दछन्। प्रदेश राजधानी कहाँ बनाउने भन्ने विषयमा विवाद भइरहेका बेला निर्वाचन आयोगले दाङमा प्रदेश निर्वाचन अधिकृतको निर्वाचन अधिकृतको कार्यालय स्थापना हुनुलाई प्रदेश राजधानी बनाउने शुभ संकेतको रूपमा लिनुपर्नेमा जोड दिनुभयो। उहाँले निर्वाचनलाई सफल बनाउन राजनीतिक दल, नागरिक समाज, पत्रकार तथा आम दाङवासीको सहयोगको अपेक्षा गर्नुभयो।

आउँदो माघ २४ गते हुने राष्ट्रियसभा निर्वाचन हुँदैछ। त्यसका लागि १२ जिल्लाका मतदाता दाङ आउने भएका छन्। ५ नम्बर प्रदेशमा दाङ, बाँके, बर्दिया, पाल्पा, नवलपरासी, रुपन्देही, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, रोल्पा, प्युठान र पूर्वी रुकुम पर्दछन्। प्रदेश राजधानी कहाँ बनाउने भन्ने विषयमा विवाद भइरहेका बेला निर्वाचन आयोगले दाङमा प्रदेश निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेको को।

निर्वाचन आयोगको तालिकाअनुसार माघ ७ गते मतदाता नामावली प्रकाशन, ८ गते नामावलीमाथि दाबी विरोध, ९ गते अन्तिम मतदाता नामावली प्रकाशन, १० गते उम्मेदवारी मनोनयन र उम्मेदवारको सूची प्रकाशन र १२ गतेसम्म उम्मेदवारीमाथि दाबी विरोध, १३ गते उजुरीमाथि जाँचबुझ तथा छानविन, १४ गते उम्मेदवारी फिर्ता, १५ गते अन्तिम नामावली प्रकाशन र उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान र १६ गतेदेखि २३ गतेसम्म प्रचारप्रसार तथा २४ गते बिहान १० बजेदेखि ३ बजेसम्म मतदानको कार्यक्रम रहेको मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले जानकारी दिनुभयो।

वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।

जलपादेवी वाटर सोलुशन
फोन नं:- ४८५१०६४३४२, ४८५१०२१०३८

जग्गा विक्रीमा

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४४७८१

वर्गीकृत डिस्प्ले

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४१२९९८४, ४१२९०१६
४१२९६११, ४१२९४४५

वर्गीकृत विज्ञापन

डिप्रेशन र माईग्रेनको सफल उपचार !!!

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ट्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

मर्मत

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

उपलब्धी सुविधाहरू

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

चाहियो

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
राजु मो-बाइक कन्सर्न
न्यूप्लाजा, पुतलीसडक,
काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

बाथ तथा दमको अचुक उपचार

हिमाली जडीबुटीहरुको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि-गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम
महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)
फोन : ४७२००४६
मोबाइल : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

काठमाडौं

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४९६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३९७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेड्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३,४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेड्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्ताईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्युनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२९९७३ फोन : ४२७४६३३, ४२८९२६०

ललितपुर हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित ग्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२९२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

भक्तपुर सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटार्छे : ६१२७२४

२०७४, पुस
आइतबार
३०

'छोराछोरीमाथि भेदभाव अन्त्यका लागि गाउँपालिकाले पहल थालेको हो।' 'हाम्रो समाजमा अझै पनि छोरा र छोरी भनेर विभेद गरिन्छ'

नेपाल

सडक निर्माणमा नगरपालिकाको रोक

नेपाल समाचारपत्र

भद्रपुर

काम शुरू भएको केही दिनमै सडक भत्किन र चर्किन थालेपछि नगरपालिकाले निर्माण कार्यमा रोक लगाएको छ। झापा भद्रपुर नगरपालिकाअन्तर्गत वडा नम्बर ५ स्थित नयाँ बजारदेखि अमला डाँगी, तारानगर, डाँगीबारी, आपगाँछी हुदै किचकबध भैसावाडी जोड्ने सडक निर्माणाधीन अवस्थामा भत्किन शुरू भएपछि कार्यालयले रोक लगाएको हो।

नयाँ बजारमा शुरू भएको निर्माण कार्य स्टिमेभन्दा फरक ढंगले काम गरेको जनगुनासो आउन थालेपछि निर्माण कार्यलाई नगरपालिकाले रोक लगाएको नगर प्रमुख जीवनकुमार श्रेष्ठले बताए। निर्माण गरिएका कामहरू पुन: भत्काएर नयाँ बनाउने सर्तमा ठेकेदार कम्पनीसँग छलफल भएकाले सोहीअनुसार काम गरेमा मात्र निर्माण कार्य सुचारु गर्न दिने श्रेष्ठले बताए। निर्माण कम्पनीका मूल ठेकेदारले पेटीमा ठेक्का दिएकाले गुणस्तरहीन काम भएको स्थानीय बताउँछन्।

हाल भद्रपुरका विभिन्न क्षेत्रमा सडक विस्तारको काम भइरहेको छ। लुम्बिनी, गजुरमुखी/एपेक्स जेभीले ठेक्का लिए पनि सम्बन्धित कम्पनीका इन्जिनियर फिल्डमा देखा परेका छैनन्। कम्पनीले मिस्त्री तथा लेवरलाई निर्माण कार्यको जिम्मा दिएकोले गुणस्तरहीन काम भइरहेको स्थानीयवासीको आरोप छ। निर्माण कार्यमा कमसल सामग्री प्रयोग गरिएकाले अहिले नै नाला भत्किन र चर्किन थालिसकेको स्थानीय मोहम्मद बालीले बताए। निर्माणस्थलमा रहेको लेवर तथा मिस्त्रीलाई यस बारेमा बुझ्दा उनीहरूले कुनै प्रतिक्रिया नदिएको उनले गुनासो गरे। निर्माण कम्पनीले काम राम्रो नगरेको रायिना खातुनले बताइन्। नालाको ढालन र पिलर उठाउन थालिसके पनि अहिलेसम्म पानी नहालेको उनको भनाइ छ।

नगरपालिकाले निर्णय गरी छनोट गरी पठाएका योजनाहरूलाई शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयले स्थलगत फिल्ड सर्वे गरी स्टिमेट बनाइ ठेक्का लगाएको हो। नालासहित सडक विस्तारको स्टिमेटबमोजिम नगर क्षेत्रमा निर्माण गरिने सडक ४० मिटर हुनुपर्ने तोकिएको छ। तर, अहिले नगरमा निर्माण कार्य शुरू भएपछि विभिन्न वडामा ३० वा ४० मिटरको विवाद बल्झिएको छ। ४० मिटर सडक विस्तार गर्दा हाल सडक छेउमा रहेका भौतिक संरचना भत्काउनुपर्ने अवस्था सिर्जना भएपछि स्थानीय र नगरपालिकाबीच विवाद बढेको छ। एउटै वडाका केही स्थानीयले ४० मिटरको माग गरेका छन्, भने केही स्थानीय ३० मिटरको माग राखेकाले विवाद देखिएको नगरपालिकाले जनाएको छ। भद्रपुर ५, ६, १० नम्बर वडामा केही विवाद देखिएको नगरपालिकाका कार्यकारी अधिकृत काजीमान राईले जानकारी दिए। नगरपालिकाले काम राकिदिएपछि ठेकेदार बेपत्ता भएका छन्। ठेकेदारले कामदारको पारिश्रमिक, पसलबाट ल्याएको खाद्यान्नको रकमसमेत नदिएर विचल्ली बनाएको कामदारले गुनासो गरेका छन्।

१३ प्रतिशत घरधुरी आधारभूत खानेपानीको पहुँचबाहिर

बैतडी, (नेस)

बैतडीमा अधिकांश खानेपानीका योजना जीर्ण हुँदा खानेपानीको समस्या भएको छ। जिल्लाका अधिकांश खानेपानी योजनाको समयमै मर्मत हुन नसक्दा समस्या आएको हो। जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको तथ्यांक अनुसार ८७.६९ प्रतिशत घरधुरीको आधारभूत खानेपानीमा पहुँच छ।

तर अधिकांश खानेपानी योजना जीर्ण हुँदा खानेपानीको समस्या बल्झिँदै गएको खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका डिभिजन प्रमुख मोहनबहादुर कुँवरले बताउनुभयो। जिल्लामा सन् २०१४ मा भएको एक सर्वेअनुसार ४० प्रतिशत योजनाहरू मर्मत गर्नुपर्ने देखिएको उहाँले बताउनुभयो। खानेपानी योजना निर्माणपछि उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने र उपभोक्ता समितिले खानेपानी योजनाको मर्मत सम्भार नगर्ने भएकाले खानेपानीका योजना जीर्ण बनेका डिभिजन प्रमुख कुँवरले बताउनुभयो।

जिल्लामा साना ठूला गरेर अहिलेसम्म १ हजार १ सय ८५ खानेपानीका योजना छन्। कतिपय योजना वर्षौं पुराना भएकाले बन्दसमेत भइसकेका छन्। खानेपानी योजना मर्मतका लागि थोरै रकम आउने र योजना धेरै भएकाले खानेपानी कार्यालयबाट मर्मतको सम्भावना कम भएको डिभिजन प्रमुख कुँवरले बताउनुभयो। खानेपानी योजनालाई चुस्तदुरुस्त र दिगो बनाउने काम उपभोक्ता समितिको भए पनि उनीहरूले आफ्नो भूमिका निर्वाह गर्न नसकेको उहाँको आरोप छ ।चालु आर्थिक वर्षमा ७२ खानेपानीका योजना निर्माण भइरहेका छन्। यी योजनाहरू निर्माण भईसकेपछि उपभोक्ता समितिलाई हस्तान्तरण गरिने उहाँले बताउनुभयो। उपभोक्ता समितिलाई खानेपानीका योजना हस्तान्तरण गरेपछि मर्मत सम्भार गर्ने र सञ्चालन गर्ने जिम्मा सम्बन्धित उपभोक्ता समितिको भएको डिभिजन प्रमुख कुँवरले बताउनुभयो।

सरकारी गाडीको दुरुपयोग रोक्दै प्रहरी

ठेकेदारले चलाउँछन् गाउँपालिकाको मोटरसाइकल

रविन भट्टराई, ताप्लेजुङ

ताप्लेजुङमा सरकारी र सार्वजनिक बिदामा समेत सरकारी गाडीको दुरुपयोग बढ्न थालेपछि ट्राफिक प्रहरीले त्यस्ता सवारी नियन्त्रणमा लिन थालेको छ।

सरकारी सवारी बिनापास बिदामा समेत आफ्नो

प्रयोजनका लागि र अरूलाई नै कुदाउन दिन थालेपछि त्यस्ता सवारी नियन्त्रणमा लिन शुरू गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय ताप्लेजुङका इन्चार्ज टंक न्यौपानेले जानकारी दिनुभयो।

शनिबार बिनापास फक्ताङ्लुङ गाउँपालिकाका वडा सचिव पवनकुमार देवले प्रयोग गर्ने मेपब ३१३ नंबरको सरकारी मोटरसाइकल अर्के व्यक्तिले प्रयोग गरिरहेको अवस्थामा पक्राउ गरिएको इन्चार्ज न्यौपानेले बताउनुभयो। सो सरकारी मोटरसाइकल जिल्ला नापी कार्यालयको भवन निर्माण गरिरहेका ठेकेदार दिवस लाबुङले चलाइरहेको अवस्थामा पक्राउ गरिएको उहाँको भनाइ छ।

सो सरकारी मोटरसाइकलको दुरुपयोग भइरहेको सूचना यसअघि पनि बारम्बार ट्राफिक प्रहरीमा आएको र आज शनिबार पनि सोही व्यक्तिले चलाएको अवस्थामा नियन्त्रणमा लिएको प्रहरीको भनाइ छ। सो मोटरसाइकल जिल्ला प्रहरीमा बुझाएको इन्चार्ज टंक न्यौपानेले जानकारी बताउनुभयो।

ताप्लेजुङमा सरकारी र सार्वजनिक बिदामा समेत सरकारी गाडीको दुरुपयोग बढेकाले अहिले आफूहरूको ध्यान सरकारी गाडीको दुरुपयोग रोक्नेमा रहेको र केही सरकारी सवारी सिक्न, विवाह, बरखी, मलामी र पिकनिकमा समेत प्रयोग गर्ने गरेको सूचना आफूहरूकोमा आएकाले त्यस्ता सवारीको निगरानीमा ट्राफिक प्रहरी रहेको उहाँको भनाइ छ।

सरकारी सवारी सरकारी कामकाजका लागि सरकारी कार्यालय खुलेको समयमा मात्र प्रयोग गर्न पाइन्छ भने अन्य बिदाको समयमा सरकारी कामकै लागि चलाउनुपरे जिल्ला प्रशासन कार्यालयबाट पास लिनुपर्ने प्रावधान रहेको प्रमुख जिल्ला अधिकारी मोहन जीसीले बताउनुभयो।

छोरी जन्माउने ४८ आमाले पाए प्रोत्साहन भत्ता

विनोदसिंह विष्ट, बैतडी

बैतडीको दोगडाकेदार गाउँपालिकाले छोरी जन्माउने आमालाई १ हजार भत्ता दिने निर्णय गरेसँगै हालसम्म ४८ जना आमालाई प्रोत्साहन भत्ता दिएको छ। स्वास्थ्य संस्थामा आएर छोरी जन्माउने ४८ आमालाई नेपाल सरकारले दिँदै आएको संस्थागत सुत्केरी भएकोमा १ हजार र ४ पटक गर्भजाँच गराएमा थप ४ सयबाहेक गाउँपालिकाले दिएको थप १ हजार प्रोत्साहन भत्ता वितरण गरिसकेको दोगडाकेदार गाउँपालिकाका स्वास्थ्य संयोजक नरेन्द्र नाथले बताउनुभयो। उहाँले भन्नुभया- 'आ.व.२०७४/७५ को साउनदेखि कात्तिकसम्ममा ४८ जना आमालाई सो रकम वितरण गरिसकेका छौं।'

गाउँपालिकाको यो निर्णयले दोगडाकेदार गाउँपालिकाका महिला निकै खुसी भएका छन्। छोरा र छोरी भनेर गरिने विभेद अन्त्य गर्ने उद्देश्यले छोरी जन्मिएवापत् गाउँपालिकाले प्रोत्साहन भत्ता दिँदा जन्मिएका बालबालिकालाई न्यानो लुगा कपडा किन्न सजिलो भएको दोगडाकेदार-६ का रुवसी विकले बताउनुभयो। 'पैसा कमै भए पनि गाउँपालिकाले गरेको यो कार्य निकै राम्रो लाग्यो', उहाँले भन्नुभयो- 'दोगडाकेदार गाउँपालिकाले छोरी जन्मिदा दिने गरेको प्रोत्साहन भत्ताले केही राहत भएको छ।'

यो कार्यले आमाहरूलाई पनि साहस प्राप्त हुने र घरमै हुने विभेदको अन्त्य पनि हुने गाउँपालिकाका उपाध्यक्ष पार्वती कार्कीले बताउनुभयो। उहाँले भन्नुभयो- 'छोराछोरीमाथि भेदभाव अन्त्यका लागि गाउँपालिकाले पहल थालेको हो।' 'हाम्रो समाजमा अझै पनि छोरा र छोरी भनेर विभेद गरिन्छ', उहाँले भन्नुभयो- ' यसले छोराछोरीबीचको विभेद अन्त्य हुने विश्वास लिएका छौं।'

गर्भावस्थामै छोरी भए गर्भ फाल्ने तथा भ्रूणहत्यामा कमी ल्याउनका लागि गत भदौबाट प्रोत्साहन दिने निर्णय गरेको दोगडाकेदार गाउँपालिकाका अध्यक्ष चक्र कार्कीले बताउनुभयो। छोरी जन्मिदा आमालाई प्रोत्साहन भत्ता दिने दोगडाकेदार गाउँपालिका बैतडीकै पहिलो गाउँपालिका हो।

सेनाद्वारा दुईकोठे विद्यालय भवन निर्माण

विमल विष्ट, डोटी

नेपाली सेनाको सुदूरपश्चिम पृतना दिपायल राजपुरले दुईकोठे पक्की भवन निर्माण गरेको छ। शिखर नगरपालिका-१ स्थित भगवती प्राथमिक विद्यालय सेरीमा सेनाको सुदूरपश्चिम पृतनाको आर्थिक सहयोग तथा सर्वेश्वर गणको श्रमदानबाट उक्त दुईकोठे पक्की भवन निर्माण गरिएको हो।

सेनाले निर्माण गरेको उक्त भवनको आज एक कार्यक्रमका बीच सुदूरपश्चिम पृतनापती उपरथी झंकरबहादुर कडायतले उद्घाटन गर्नुभएको हो। भवन उद्घाटन गरिएसँगै उक्त भवनको चाबी विद्यालयका प्रअ सरस्वती शाहीलाई पृतनापती उपरथी कडायतले हस्तान्तरण गर्नुभएको छ।

विद्यार्थीलाई पठनपाठनमा राहत मिलोस् भन्ने उद्देश्यका साथ उक्त विद्यालय भवन निर्माण गरिएको पृतनापती उपरथी कडायतले बताउनुभयो। उहाँले भन्नुभयो- 'जनातासँग नेपाली सेना भन्ने कार्यक्रमअन्तर्गत हामीले सुदूरपश्चिमका

विभिन्न जिल्लामा रचनात्मक काम तथा जनतालाई सहयोग गरिरहेका छौं, यही कार्यक्रमअन्तर्गत यहाँ पनि विद्यालय भवन निर्माण गरेका छौं, यस्ता कार्यक्रम अझै गर्नेछौं।'

करिब १ सय ५० जना विद्यार्थी रहेको उक्त विद्यालयमा ४ कक्षासम्म पढाइ हुँदै आएको छ। विद्यार्थीको अनुपातमा विद्यालय भवन नहुँदा विद्यार्थी चौरमा बसेर पढ्न बाध्य भएका थिए अहिले सेनाले विद्यालय भवन बनाइदिएकाले सजिलो भएको सो विद्यालयका प्रअ सरस्वती शाहीले बताउनुभयो। उहाँले भन्नुभयो- 'विद्यार्थी बस्ने भवन नहुँदा विद्यार्थीलाई खुल्ला चौरमा राखेर बढाउनु पर्थ्यो, पानी परेको समय विद्यालय नै बन्द गर्नुपर्ने अवस्था थियो, सेनाले विद्यालय बनाइदियो, निकै राहत पुगेको छ।'

उक्त विद्यालयमा सेनाले यसअघि फर्निचरसमेत प्रदान गरेको थियो। उक्त भवन ३ लाख २९ हजार ९ सय ९३ रुपियाँको लागतमा निर्माण सम्पन्न भएको सर्वेश्वर गणका सुबेदार मेजर कालुसिंह साउदले बताउनुभयो। सुदूरपश्चिम पृतनाले २०६२ सालदेखि उक्त विद्यालयमा सहयोग गर्दै आएको बताइएको छ।

कारबाही गर्ने प्रहरी नै जुवा खेल्दै गरेको भेटिएपछि...

शेरबहादुर थापा, सुर्खेत

तपाईंले कतै सुन्नुभएको छ वा देख्नु भएको छ जुवाडेलाई कारबाही गर्ने प्रहरी नै जुवा खेल्दै गरेको ? तर यो सुर्खेत जिल्ला ट्राफिक प्रहरी कार्यालयभित्रै पुस २७ गते दिउँसो अन्दाजी ३ बजे सई कवि सेञ्चुरी, हवल्दार प्रवीण थापा र प्रहरी जवानले गरेको चर्तिकला हो। उनीहरू यहाँसम्म की पोसाकमै उनीहरूले जुवा खेलिरहेको भिडियोसमेत भाइरल भयो।

के भएको थियो ?

सुर्खेतका अटो व्यवसायी विनोदसिंह विष्ट पुस २७ गते एउटा ग्यारेजमा काम गर्ने चंखे नाम गरेका व्यक्तिलाई अनाहकमा हिरासतमा लिएको कारण बुझ्न जिल्ला प्रहरी कार्यालय पुगे। त्यहाँ जाँदा उनले जिल्ला ट्राफिक प्रहरी प्रमुख कवि सेञ्चुरीलाई भेट्न खोजे। उनी कार्यालयबाहिर रहेको खबर अन्य प्रहरीले दिए तर विष्ट कार्यालयभित्रै गए र उनीहरूलाई जुवा खेलिरहेको अवस्थामा फेला पारे। र उनले झण्डै ६ मिनेट लामो भिडियो सार्वजनिक गरे। भिडियोमा तिनै जना जुवा खेलिरहेका र व्यवसायी विष्टबीच बार्गेनिङसमेत भइरहेको छ। अहिलेसम्म उक्त भिडियोलाई झण्डै १५ हजारभन्दा बढीले हेरिसकेका छन्।

हामीसँग कुरा गर्दै विष्टले प्रहरीले यसरी अनाहकमा कसैलाई हिरासतमा लिनु गलत भएको बताए। साइलेन्सर फेर्न नजानेको निहुँमा कसैलाई हिरासतमा राखिनु अन्यायपूर्ण र ज्यादतिपूर्ण भएको उनको भनाइ छ।

यता कार्यालयभित्रै जुवा तास खेलिरहेको भिडियो सार्वजनिक हुनु प्रहरीको गैरजिम्मेवार कार्य भएको मध्यपश्चिमाञ्चल विश्वविद्यालयका उपप्राध्यापक कमल लम्सालले बताए। उनले भने- 'प्रहरी नै यस्तो कार्यमा सहभागी हुनु गैरजिम्मेवार र नैतिकताहीन कार्य हो। उनीहरूलाई कडा कारबाही हुनुपर्छ।' उनका अनुसार प्रहरीले सुरक्षा व्यवस्थामा ध्यान दिनुपर्नेमा यसरी तास खेल्दै बस्नुले विधिको शासनमाथिको खेलवाड भएको आरोप लगाए।

के भन्छन् ट्राफिक हवलदार प्रवीण?

यता समाजिक सञ्जालमा भिडियो भाइरल बनेपछि तास खेल्दै गरेको देखिएका हवल्दार प्रवीण थापा भने कार्यालय समय पछि तास खेलेको स्वीकार्छन्। उनले आफ्नो बचाउ गर्दै भने- 'कार्यालयमा आफ्नो डिउटी सकाएर, करिब ३ बजे पछि ड्रेस चेन्ज गरेर मात्रै खेलेको हो। हामीसँग फुर्सद नहुने हुँदा बिदाको दिन परेकाले १ डेढ घण्टाको समयमा खाली थियौं। अन्य बाहिरी ठाउँमा जाने कुरा पनि हुँदैन त्यसैले तास खेलका हौं।' उनले आफू र कार्यालय प्रमुखसहित १ जवानले जुवा खेलेको स्वीकार गरे।

जिल्ला प्रहरी एक्सनमा

सामाजिक सञ्जालमा तास खेलिरहेको भिडियो सार्वजनिक भएपछि जिल्ला प्रहरी कार्यालय एक्सनमा आएको छ। जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी उमाप्रसाद चतुर्वेदीले तिनै जनालाई छानबिन गरिने र दोषी पाइए कडा कारबाही गरिने प्रतिक्रिया दिए। उनले कार्यालयभित्रै तास खेल्ने कार्य अनुचित भएको र असह्य भएको बताउँदै तत्काल छानबिन समितिसमेत गठन गरिने जनाए ।

उता क्षेत्रीय ट्राफिक प्रमुख राजेन्द्रसिंह खड्काले समेत आवश्यक छानबिनपश्चात् कारवाही गरिने बताए। अहिले आफू दाङमा रहेको सुर्खेत जिल्ला प्रहरी र प्रदेश प्रहरीले छानबिन शुरू गरिसकेको बताउँदै एसपी खड्काले प्रहरी नियमावलीअनुसार कारबाही गर्ने प्रतिबद्धता जनाए। जिल्ला ट्राफिक कार्यालय सुर्खेतमा हाल ११ जना कर्मचारी कार्यरत रहेका छन्।

हार्दिक श्रद्धाञ्जली

स्व.ज्यानमाया महर्जन

जन्म: १९९०/०२/१२

स्वर्गारोहण : २०७४/०९/१८

यस संस्थाका संचालक समितिका सदस्य श्री न्हुच्छे नारायण महर्जनका ममतामयी माता श्रीमती **ज्यानमाया महर्जनको** असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना अर्पण गर्दछौं ।

जय गणेश बहुउदेश्यीय सहकारी संस्था लि.

परिवार

का.म.पा - १८, ताम्सिपाखा

विश्व

आक्रमण

सिरियाको राजधानी दमास्कस नजिकको लडाकू नियन्त्रित क्षेत्रमा क्लोरिन ग्यास हमला भएको सञ्चारमाध्यमले जनाएको छ।

अग्रता

चेक गणतन्त्रको हालै सम्पन्न राष्ट्रपतीय चुनावको मतगणनाको पछिल्लो परणामअनुसार राष्ट्रपति मिलोस जेमान अग्र स्थानमा रहेका छन्।

2018, JAN
Sunday
14

विश्व २ मिनेट

चीन

लाश निकालिए

बेइजिङ, (एजेन्सी)

चीनको समुद्री तटमा जल्दै गरेको एउटा टैंकरमा छिरेर त्यसको चालकदलका सदस्यका दुईवटा लाश बाहिर ल्याउन शनिबार उद्धारकर्मीहरु सफल भएका छन्। तर बाक्लो धुवाँको कारण तिनीहरु त्यहाँबाट बाहिर आउन बाध्य भएको सरकारी समाचार निकाय सिनहवाले जनाएको छ। एक साताअघि अर्को एउटा मालवाहक जहाजसँग ठोकिएको सान्ची नामक यो तेल बोकेको जहाजमा अझै आगो बलिरहेको छ। साथै उद्धारकर्मीहरु सान्चीबाट 'ब्ल्याक बक्स' रेकर्डिङ युनिट पनि भेटाउन सफल भएका छन्। सो दुर्घटनामा ३२ जना चालक दलका सदस्य मरेका थिए।

अमेरिका

बालिकाको हत्या

डल्लास, (एजेन्सी)

एउटा भारतीय अनाथालयबाट धर्मपुत्री बनाइएकी एक तीन वर्षीया बालिकाको हत्याको अभियोग एक जना अमेरिकी पुरुषलाई शुक्रबार लगाइएको छ। झन्डै तीन महिनाअघि टेक्सासको डल्लासस्थित आफ्नै घरनजिकको ढलमा उनको शव फेला परेको थियो। सेरिन नामक ती बालिकालाई मृत भेटिएको केही समयपछि नै हत्याको आशंकामा ३७ वर्षीय बेस्ली म्याथ्युलाई हिरासतमा लिइएको थियो। वकिलहरुले अटोप्सीबाट ती बालिकाको मृत्यु घरेलु हिंसाको कारण भएको पुष्टि भएपछि म्याथ्युसलाई अभियोग लगाइएको बताएका छन्। उनलाई अधिकतम सजाय मृत्युदण्ड हुन सक्ने बताइएको छ।

स्पेन

राष्ट्रपति छान्ने सहमति

म्याड्रिड, (एजेन्सी)

क्याटालोनियाको मुख्य पृथकतावादी पार्टीहरुले भगौडा नेता कार्लेस पुइग्डेमोन्टलाई यसै महिनाको उत्तरार्धमा त्यस क्षेत्रको राष्ट्रपतिमा पुनः निर्वाचित गर्ने सहमति जनाएका छन्। तर यस कार्यलाई कसरी कानुनीरूपमा सम्भव बनाउने भन्नेबारे स्पष्ट पारिएको छैन। गत अक्टोबरमा स्पेनी सरकारद्वारा आफ्नो क्षेत्रीय सरकार बर्खास्त गरेयता पुइग्डेमोन्ट बेल्जियमको राजधानी ब्रसेल्समा बसोबास गर्दै आएका छन्। उनी आफ्नो अनुपस्थितिको बाबजुद पनि आफूलाई पृथकतावादीको बहुमतले नयाँ क्षेत्रीय संसद्मा नियुक्त गरियोस् भन्ने चाहन्छन्। तर स्वाधीनता विरोधीहरुले भने उनको विरोध गर्दै आएका छन्।

भारत

डुंगा पल्टियो

नयाँदिल्ली, (एजेन्सी)

भारतको मुम्बईनजिकको समुद्रमा शनिबार ४० जना विद्यार्थी बोकेको डुंगा दुर्घटनामा परेकाको उद्धार कार्य भइरहेको प्रहरीले जनाएको छ। अहिलेसम्म ३२ जना बालबालिकालाई सकुशल उद्धार गरिसकेको सञ्चार माध्यमले जनाएको छ। यस उद्धारकार्यलाई सहयोग पुग्याउने उद्देश्यले अन्य जहाजहरु महाराष्ट्र राज्यको डाहानु नजिकको क्षेत्रबाट अन्यत्रै मोडिएका छन्। दि टाइम्स अफ इन्डियाका अनुसार डुंगामा क्षमताभन्दा बढी संख्यामा यात्रु रहेका थिए भने ती बालबालिकाले लाइफ ज्याकेट लगाएका थिएनन्। भारतका राष्ट्रपति राम कोभिन्दले मृतकका परिवारप्रति गहिरो समवेदना प्रकट गरेका छन्।

अमेरिकी नाकाबन्दीप्रति इरान आक्रोशित

तेहरान, (एजेन्सी)

इरानले शनिबार संयुक्त राज्य अमेरिकाले आफ्नो न्यायालयका प्रमुख अयातोल्लाह सादेक आमोली-लारिजानीलाई नाकाबन्दी लगाएर रेड लाइन क्रस गरेको आरोप लगाएको छ।

इरानी विदेश मन्त्रालयले अमेरिकाको यस कदमविरुद्ध कडा प्रतिवाद गरिने जनाए पनि कस्तो किसिमको प्रतिवाद गर्ने भन्ने स्पष्ट पारेको छैन। यसैबीच इरानले विश्वका शक्ति राष्ट्रहरूसँग आफूले गरेको आणविक सम्झौतामा कुनै पनि हेरफेर गर्नसमेत अस्वीकार गरेको छ।

सन् २०१५ मा इरानको विवादास्पद आणविक कार्यक्रम नियन्त्रणका लागि अमेरिकालगायतका शक्ति राष्ट्रहरुले गरेको उक्त सम्झौताका आलोचक अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार उक्त ऐतिहासिक सम्झौताअन्तर्गत आफूले एकचोटि अन्तिम पटक नाकाबन्दी सहज गर्ने घोषणा गरेका थिए।

यसैबीच अमेरिकाले आफ्नो पदीय अधिकार दुरूपयोग गरेको अभियोगमा इरानका १४ व्यक्ति र संघसंस्थामाथि पछिल्लो नाकाबन्दी लगाएको छ। साथै राष्ट्रपति ट्रम्पले आफूले अमेरिका र युरोपलाई सन् २०१५ मा छवटा शक्ति मुलुक र इरानबीचको आणविक सम्झौतामा भएका गम्भीर त्रुटिहरु सच्याउन अन्तिम मौका दिने बताएका छन्।

ह्वाइट हाउस इरानको युरेनियम प्रशोधन कार्यमा स्थायी प्रतिबन्ध लगाउने विषयमा सम्झौतामा हस्ताक्षर गर्ने युरोपका सदस्य राष्ट्रहरुलाई सहमत गराउन चाहन्छ।

हात्तीसँग सेल्फी खिच्न खोज्दा मर्नेको संख्या बढ्यो

नयाँदिल्ली, (एजेन्सी)

भारतको पूर्वी राज्य ओडिसामा जंगली हात्तीसँग सेल्फी खिच्ने क्रममा मर्ने व्यक्तिको संख्या बढिरहेको छ। बीबीसीका हिन्दी पत्रकार सुव्रतकुमार पाटीले स्थानीय अधिकारीहरुले यस मामिलामा चिन्ता व्यक्त गरेको बताउँछन्। गत डिसेम्बरमा जयकृष्णा नायक नामक व्यक्तिले गाउँको आफ्नो घरतर्फ फर्किंदै गर्दा स्थानीय बजारमा एउटा हात्ती देखे।

त्यहाँ जम्मा भएको ठूलो भिडले हात्तीलाई जिस्काउँदै तस्वीर खिचिरहेको थियो। रहरैले भिडमा मिसिन पुगेका नायकले पनि हात्तीसँग सेल्फी खिच्न खोजे। त्यसैक्रममा अचानक आक्रोशित हुन पुगेका उनलाई हात्तीले सुँडले बेरेर भुइँमा पछाडेर किचिमिची गर्दै कुल्चेपछि उनले घटनास्थलमै प्राण त्यागे।

उनका पुत्र दिपक नायकले बीबीसीलाई भनेका छन्- 'त्यहाँ थुप्रै प्रत्यक्षदर्शी थिए। तर कसैले पनि मेरो बुबालाई बचाएनन्। सबै भाग्न सफल भए। तर मेरो पिता आक्रमणबाट उम्किन सकेनन्। सेप्टेम्बरमा पनि यस्तै दुर्घटना भएको थियो। अशोक भारती नाम एकजना सुरक्षा गार्ड यसरी नै सेल्फी खिच्ने क्रममा हात्तीबाट कुल्चिएर मरेका थिए।

भाग्दै गर्दा उनलाई हात्तीले लखेटेरै कुल्चेर घाइते बनाएको थियो। उपचारका लागि अस्पतालमा लाँदै गर्दा उनको बाटोमै मृत्यु भएको थियो। भारती भाग्दै गरेको भिडियो अनलाइनमा भाइरल हुन पुगेको थियो। त्यसबेला सेल्फी खिचिरहेका अन्य व्यक्तिहरु भाग्ने क्रममा गम्भीर घाइते हुन पुगेका थिए।

जंगली हात्ती विशेषज्ञ विश्वजित मोहान्तीले यस्ता थुप्रै अप्रिय घटना भए पनि थोरैको मात्र प्रहरीमा उजुरी हुने गरेको बीबीसीलाई बताएका छन्। यस्ता घटानको कारण ओडिसा सरकार निकै चिन्तित भएको छ। उक्त राज्यका प्रमुख वन्यजन्तु अधिकारी सन्दीप त्रिपाठीले संवेदनशील जिल्लाहरुमा यसबारे जन चेतना फैलाउने अभियानहरु सञ्चाल गरिने जानकारी दिएका छन्। ओडिसाको सरकारी तथ्यांकमा अहिलेसम्म यस्ता घटनामा ६० जना मानिसको मृत्यु भइसकेको जनाइएको छ।

एचआईभीविरुद्ध सात दिन पेटमा बस्ने औषधि

वासिङ्टन, (एजेन्सी)

एचआईभी पीडितहरुले साताको एक पटक मात्र खाए पुग्ने औषधि चक्कीको चाँडै नै मानिसमाथि परीक्षण गरिन लागेको र सुंगुरमाथि गरिएको यसको परीक्षण सफल भएको अमेरिकी वैज्ञानिकहरुले बताएका छन्।

विस्तारै प्रभाव देखाउने यस औषधिको कारण अब रोगीहरुले दिनहुँ सम्झेर औषधि खाइरहने झन्झटबाट मुक्त हुने बताइएको छ। हेर्दा एउटा सामान्य क्याप्सुलजस्तै भए तापनि मानिसका पेटमा पुगेपछि मात्र यसको खोल घुलेर विशेष ढाँचामा क्याक गरिएको औषधि खुल्ने ती वैज्ञानिकहरुले बताएका छन्।

१ दशमलव ५ इन्चे तारा आकारको यस औषधिले सात दिनसम्म पेटभित्रै बसेर औषधि निकालिरहने गर्दछ।

बाँदरलगायतका अन्य थुप्रै स्तनधारी जनावरमाथि यसको प्रयोग परीक्षणका लागि सिफारिस गरिएको छ। तर अनुसन्धानकर्ताहरुले दुई वर्षभित्रै मानिसमाथि यसको परीक्षण गरिने जानकारी दिएका छन्। एचआईभी विशेषज्ञहरुले यस नयाँ उपचार विकल्प स्वागतयोग्य भएको बताएका छन्।

यो अलि ठूलै तारा लामै समय पेटभित्र रहिरहे पनि मानिसले खाने खाना भने सानो आन्द्राबाट पास हुने बताइएको छ। आफ्नो काम सकेपछि भने यो तारा टुक्रिँदै पाचन नलीमा जाने बताइएको छ। सुंगुरमाथि गरिएको परीक्षणमा यसभित्र सात दिनलाई पुग्ने तीनवटा एन्टिरेट्रोभाइरल औषधि डोलुटेग्राभिर, रिल्पभिराइन र क्यावोटेग्राभिर राखिएको थियो।

अनुसन्धानकर्ताहरुले भविष्यमा यस्ता खाने औषधि चक्की एचआईभीलगायत अन्य थुप्रै रोगका लागि पनि तयार पारिने बताएका छन्। यसअघि दुई सातासम्म पेटमा रहिरहने तारा आकारको इभरमेक्छिन नामक औलोको औषधिको सुंगुरमाथि प्रयोग परीक्षण भइसकेको छ। अमेरिकास्थित मास्साचुसेत्स इन्स्टिच्युट अफ टेक्नोलोजी एन्ड ब्राइघाम एन्ड विमिन्स हस्पिटलका अनुसन्धानकर्ता गियोभान्नी ट्राभर्सो यस औषधिबारे जानकारी दिएका हुन्।



सर्वोच्च अदालतका प्रमुख न्यायाधीशविरुद्ध चुनौती

नयाँदिल्ली, (एजेन्सी)

भारतको सर्वोच्च अदालतका चार जना वरिष्ठ न्यायाधीशले शुक्रबार उक्त न्यायालयका प्रधानन्यायाधीशको अधिकारमाथि सार्वजनिक रूपमा चुनौती दिएका छन्। उक्त अप्रत्यासित कदम चाल्ने क्रममा लिखित पत्र र पत्रकार सम्मेलनमार्फत ती न्यायाधीशहरुले प्रधानन्यायाधीश दीपक मिश्रले अदालतको विद्यमान नियम कानुन उल्लंघन गर्दै आफूलाई मनपर्ने इजलासहरुलाई मुद्दा सुम्पने गरेको आरोप लगाएका छन्।

तिनीहरुले अदालतको कानुन पालना नगरिएसम्म भारतमा लोकतन्त्र बाँच्न नसक्ने पनि बताएका छन्। भारतको सर्वोच्च अदालतका न्यायाधीशहरुले यसरी सञ्चारमाध्यमलाई सम्बोधन गरेको यो पहिलो घटना हो। यसरी अदालतको मुद्दाहरुसम्बन्धी विभेदकारी कार्यमाथि विगतमा सर्वोच्चका कुनै पनि न्यायाधीशले पत्रकार सम्मेलन गरी प्रत्यक्षरूपमा बोल्न सकेका थिएनन्।

तिनीहरुको यस अप्रत्याशित कदमको कारण भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले कानुन मन्त्री रवि शंकर प्रसादसँग आपत्कालीन बैठक बस्ने स्थिति उत्पन्न भएको छ। ती चार जना न्यायाधीशले प्रधानन्यायाधीशले यस विषयमा सम्बोधन गरेर लेखेको पत्र सार्वजनिक गरेका छन्।

साथै तिनीहरुले सर्वोच्च अदालतद्वारा पारित केही आदेशप्रति समेत दुःख प्रकट गरेका छन्। तिनीहरुले प्रधानन्यायाधीशले आफ्नो वरिष्ठताको अधिकार आफ्ना सहकर्मीहरुमाथि जबरजस्ती लाद्न नपाइने विचार पनि प्रकट गरेका छन्। भारतीय सञ्चारमाध्यमले भने यो विषयको गतवर्ष एक जना अवकाश प्राप्त उच्च अदालतका न्यायाधीशविरुद्धको भ्रष्टाचारको मुद्दा सुम्पिएको घटनासँग सरोकार हुनुपर्ने अनुमान गरेको छ।

पुरूषलाई भन्दा महिलालाई हृदयाघात बढी खतरनाक

लन्डन, (एजेन्सी)

यदि पुरुषलाई दिइने नै उपचार दिएको खण्डमा हृदयाघातबाट पीडित केही महिलाको ज्यानसमेत जान सक्ने हालै गरिएको नयाँ अध्ययनले जनाएको छ। अनुसन्धानकर्ताहरुले १० वर्षको अवधिभित्र हृदयाघात भएका स्विडेनका १ लाख ८० हजार ३ सय ६८ जना बिरामीमाथि अध्ययन गरेका थिए।

महिलाहरु पुरुषको तुलनामा हृदयाघातको कारण मर्ने सम्भावना दोब्बर हुने बताइएको छ। बेलायती हृदय प्रतिष्ठानले जनाएको छ- 'प्रायशः हृदयाघातलाई पुरुषहरुको समस्याका रूपमा लिइने गरिन्छ। तर स्तन क्यान्सरको कारणले भन्दा हृदयाघातको कारण बढी संख्यामा महिलाको मृत्यु हुने गरेको छ।'

युनिभर्सिटी अफ लिडस र स्विडेनस्थित कारोलिन्स्का इन्स्टिच्युटका अनुसन्धानकर्ताहरुले स्विडेनको अनलाइन कार्डियाक रजिष्ट्रिको तथ्यांक विश्लेषण गरेका थिए। तिनीहरुले उक्त विश्लेषणबाट हृदयाघातपछि महिलाहरुले पुरुषहरुको तुलनामा दिइएको उपचार ग्रहण गर्ने सम्भावना कमै रहेको पत्ता लगाएका छन्।

यस अध्ययनका सहलेखक युनिभर्सिटी अफ लिड्सका प्रोफेसर क्रिस गेलले भनेका छन्- 'हृदयाघातका बिरामीहरुको सम्बन्धमा आम मानिस र स्वास्थ स्याहार व्यवसायीहरुमा अझै भ्रम रहेको छ। हृदयाघातबाट पीडित बिरामीको प्रसंग आउनासाथ हामी अधवैंसे, मोटोघाटो, धुमपान गर्ने मधुमेह लागेका व्यक्तिको कल्पना गर्दछौं।'

तर सधैं त्यस्तो मात्र घटना हुँदैन। यस्ता विशेषता नभएका महिलालगायत अन्य व्यक्तिमा पनि ठूलो परिणाममा हृदयाघात भइरहेको हुन्छ। ३४ प्रतिशत महिलालाई हृदयाघातपछि धमनीमा रक्तसञ्चार सुचारु गर्न गरिने वाइपास सर्जरी र स्टेन्ट्रसजस्ता उपचार ग्रहण गर्ने सम्भावना नरहेको पाइन्छ।

त्यस्तै २४ प्रतिशत महिलालाई दोस्रो हृदयाघात रोक्नका लागि दिइने औषधिले काम नगर्ने र १६ प्रतिशतलाई रगत जम्न नदिन दिइने एस्पिरिनले पनि काम नगर्ने पाइएको छ। बेलायतमा प्रत्येक वर्ष करिब १ लाख २४ हजार पुरुष र ७० हजार महिलालाई हृदयाघातको कारण अस्पतालमा भर्ना गरिने गरिएको छ।

२०७४, पुस
आइतबार
३०

पशुपतिनगर भन्दा ३६ किलोमिटरमा रहेको भारत दार्जिलिङमा वर्षेनी हजारौं पर्यटकले खचाखच रहन्छ। त्यहाँ आएका तेस्रो मुलुकका पर्यटक पशुपतिनगर छेउसम्म आउँछन् तर सँगै रहेका इलामका रमणीय स्थान घुम्न पाउँदैनन्।

नेपाल

चिसोले बालकसहित दुईजनाको मृत्यु

सप्तरी, (नेस)

चिसोका कारण शनिबार साँझ १ बालक र १ वृद्धाको निधन भएको छ। रूपनी गाउँपालिका-८ रायपुरका २ वर्षीय शिवम् पासवान र डाक्नेश्वरी नगरपालिका-८ बिसहरियाकी ७० वर्षीया शुगावतीदेवी सरदारको चिसोका कारण निधन भएको प्रहरीले जनाएको छ। सप्तरीमा शीतलहर र चिसोका कारण मृत्यु हुनेको संख्या २७ पुगेको जनाइएको छ।

आँखा शिविर सम्पन्न

काठमाडौं, (नेस)

कागेश्वरी- मनोहरा नगरपालिकामा रहेका जेष्ठ नागरिकलाई लक्षित गर्दै निःशुल्क आँखा शिविर सम्पन्न भयो। लालीगुराँस सामुदायिक अध्ययन केन्द्रको आयोजना तथा नेपाल मेडिकल कलेज, अत्तरखेल जोरपाटीको प्राविधिक सहयोगमा सो शिविर सम्पन्न भएको हो।

शिविरमा स्थानीय १ सय ५० जना जेष्ठ नागरिक तथा स्थानीयले स्वास्थ्य परीक्षण गराएको संस्थाका अध्यक्ष अमृत रिजालले बताउनुभयो। सोमध्ये १० जनाले निःशुल्क मोतियाविन्दुको शल्यक्रियासमेत गराउनका लागि मेडिकल अस्पताल रिफर गरिएको छ। सो अवधिमा अस्पतालमा बस्न, खान र शल्यक्रियाका क्रममा लाग्ने सम्पूर्ण खर्च नेपाल मेडिकल कलेजले सहयोग गरेको समेत अध्यक्ष रिजालले बताउनुभयो। शिविरमा स्वास्थकर्मीहरू लुनिभा श्रेष्ठ, अलिशा श्रेष्ठ, पारस पौडेल, जयसुन्दर सुनरेत तथा संस्थाका पदाधिकारी अरूणा गजमेर, डिना श्रेष्ठ, प्रमिला केसी, रिता रिजालले सेवा प्रदान गर्नुभएको थियो।

सीमाको निरीक्षण गर्न राजदूत पुगे इलाम

गणेश घिमिरे, इलाम



पूर्वी इलामको सिमावर्ती क्षेत्र पशुपतिनगरमा अध्यागमन कार्यालय राख्न पहल गर्ने नेपालका लागि भारतीय राजदूत मञ्जीवसिंह पुरीले बताएका छन्। पूर्वी नेपालमा रहेका नेपाल-भारत सीमा क्षेत्रको स्थलगत निरीक्षण गर्ने क्रममा शनिबार पशुपतिनगर आइपुगेका राजदूत पुरीले स्थानीयले वर्षौंदेखि चाहेको अध्यागमन कार्यालयको मागबारे पहल गर्ने आश्वसन दिएका छन्। उनले भने- 'सीमा क्षेत्रका भौतिक संरचनाको विषयमा अध्ययन गर्दै आएका छौं, दुवै क्षेत्रका नागरिकलाई आवातजावत तथा व्यापारका लागि सहज वातावरण बनाउन लागि पर्नेछौं।'

झापाको काकडभिट्टा नाकाको निरीक्षणपछि इलाम आइपुगेका राजदूत पुरीले भन्सार कार्यालय, सीमा क्षेत्रमा गाडिएका पिलरलगायतको स्थलगत निरीक्षण गरेका थिए। सो क्रममा स्थानीयबासीले राजदूतसमक्ष पशुपतिनगरमा भन्सार, क्वारेन्टाइन र अध्यागमन कार्यालय खोल्न माग गरेका थिए। सो क्रममा उनले स्थानीयको मागलाई आफूले गम्भिरताका साथ लिएको बताए। राजदूत पुरीले पशुपतिनगर नाका हुँदै नेपाल आउने पर्यटकको बारेमा पनि चासो राखेका थिए।

पर्यटकीय सम्भावना बोकेको इलाममा पशुपतिनगर हुँदै आउने पर्यटक भारतीय नाकामा अध्यागमन कार्यालय नहुँदा विभिन्न समस्याका कारण त्यसै फर्किन बाध्य छन्। पशुपतिनगर भन्दा ३६ किलोमिटरमा रहेको भारत दार्जिलिङमा वर्षेनी हजारौं पर्यटकले खचाखच रहन्छ। त्यहाँ आएका तेस्रो मुलुकका पर्यटक पशुपतिनगर छेउसम्म आउँछन् तर सँगै रहेका इलामका रमणीय स्थान घुम्न पाउँदैनन्।

अनौपचारिक रूपमा पूर्वी क्षेत्रको सीमा क्षेत्रको निरीक्षणमा निस्केका राजदूत पुरीले पशुपतिनगर सीमा क्षेत्र फाटकमा रहेको भारतीय सीमा सुरक्षा बल (एसएसबी) को बेस क्याम्पको समेत निरीक्षण गर्दै सीमा क्षेत्रको सुरक्षा अवस्थाको बारेमा जानकारी लिएका थिए। राजदूत पुरी सीमा क्षेत्रको निरीक्षण गर्दै शनिबारै इलाम सदरमुकाममा रहेको भारतीय पेन्सन वितरण (सोल्जर बोर्ड) कार्यालयको पनि निरीक्षण गरेका छन्।

निरीक्षणपश्चात भूतपूर्व भारतीय सैनिकसँग केहीबेर अन्तरक्रिया गरे। सो क्रममा उनले भारतीय राजदूतबासको तर्फबाट ताप्लेजुडमा रहेको एक अपाङ्गता सम्बन्धी अध्यापन गराउँदै आएको विद्यालयलाई १ लाख रूपियाँ पनि उपलब्ध गराएका छन्। राजदूत पुरी शनिबार इलाम सदरमुकाममै बास बसेर आइतबार काठमाडौं फर्कने कार्यक्रम रहेको छ।

निर्वाचन अधिकृतको कार्यालय स्थापना

पोखरा, (नेस)

राष्ट्रियसभा सदस्य निर्वाचनका लागि प्रदेश नं ४ निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ।

क्षेत्रीय निर्वाचन कार्यालय, पोखरामा शनिबार एक कार्यक्रमका बीच निर्वाचन अधिकृत दीपेन्द्र अधिकारी, कास्कीका प्रजिअ. तारानाथ अधिकारी, सुरक्षा निकायका प्रमुख एवम् सञ्चारकर्मीको उपस्थितिमा आज कार्यालय स्थापना गरिएको हो। आगामी माघ २४ गते हुने निर्वाचनका लागि प्रदेश नं ४ मा २ सय ३० जना मतदाता रहने क्षेत्रीय निर्वाचन कार्यालय, पोखराका प्रमुख गंगालाल सुवेदीले जानकारी दिए। उहाँका अनुसार राष्ट्रियसभाका लागि यस प्रदेशबाट प्रदेशसभा सदस्य ६० जना र गाउँपालिका एवम् नगरपालिकाका प्रमुख तथा उपप्रमुख गरी १७० जना मतदाताका रूपमा रहनेछन्।

भूमिगत ढल तथा सडकको शिलान्यास

महोत्तरी, (नेस)

महोत्तरीको जलेश्वरमा शनिबार भूमिगत ढल तथा सडकको शिलान्यास गरिएको छ। महोत्तरीको जलेश्वरस्थित जिरोमाइलमा भूमिगत ढल तथा सडकको शिलान्यास शनिबार जलेश्वर नगरपालिकाका मेयर रामशंकर मिश्र (शाहीजी) ले गरेका छन्।

जलेश्वरको १२.५ किमि सडक खण्डमा भूमिगत ढल, फुटपाथ, पार्किङसहित निर्माण गरिने जलेश्वर नगरपालिकाका मेयर मिश्रले बताउँदै उनले भूमिगत ढल तथा सडकको काम द्रुत गतिमा अघि बढाउनसमेत निर्देशन दिएको जानकारी गराए। उनले जलेश्वरलाई स्मार्ट सिटी बनाउने कार्य जलेश्वरमा अझै भौतिक पूर्वाधार तयार नभएको कारण चुनौती भएको बताउनुहुँदै आफू सो चुनौती पूरा गरेर देखाउनेसमेत थपे। ९६ करोडको लागतमा निर्माण गरिने सो भूमिगत ढल तथा सडकको बीचमा ह्युम पाइप राख्ने तथा सडकको दुवै साइडमा फुटपाथ ढल निकाससहित पार्किङ तयार गरिने योजना रहेको शहरी विकास तथा भवन डिभिजनका डीई गंगाप्रसाद यादवले बताए। साथै उनले सो निर्माण कार्य २०७६ असाढ मसान्तसम्ममा पूरा गर्ने योजना रहेको जानकारी गराए।

सो शिलान्यास कार्यक्रममा जलेश्वर नगरपालिकाका इन्जिनियर पवन झा, श्रेष्ठ एपेक्स रोशन जेभीका कन्स्ट्रक्सन मैनेजर रमेश ढकाल, जेभी प्रतिनिधि हीरा भगत, प्रोजेक्ट मैनेजर राजेशकुमार शर्मालगायतको उपस्थिति रहेको थियो।

अन्तर्राष्ट्रिय युवा सम्मेलन काठमाडौंमा शुरु

'विश्व शान्ति र सांस्कृतिक कूटनीतिको शुरूआत बुद्धको जन्मभूमिबाट'

नेपाल समाचारपत्र

काठमाडौं

विश्वभरका युवाका साझा समस्या र सरोकारबारे छलफल गर्न विभिन्न ३३ राष्ट्रका युवाप्रतिनिधि काठमाडौंमा भेला भएका छन्। युवा संसद् नेपालले आयोजना गरेको 'ग्लोबल युथपिस कन्फ्रेन्स २०१८' मा सहभागी हुन सार्क राष्ट्रसहित अमेरिका, क्यानडा, अस्ट्रेलिया, इथियोपिया, युगान्डा, जापान, फिलिपिन्स, थाइल्यान्डलगायत राष्ट्रबाट १ सय ३० युवा अभियन्ताको सहभागिता रहेको छ।

विश्व युवा शान्ति सम्मेलनको अन्तरिम मन्त्रिपरिषदका पूर्वअध्यक्ष एवं प्रधानन्यायाधीश खिलराज रेग्मीले राष्ट्रियसभामा एक समारोहका बीच उद्घाटन गर्नुभयो। सम्मेलनको उद्घाटन गर्दै रेग्मीले विश्वभरका युवा प्रतिनिधिलाई नेपालमा स्वागत गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो। युवाशक्तिमा नै विश्वको भविष्य निर्भर रहेको बताउँदै उहाँले न्यायमूलक समाज, दिगो विकास, लोकतान्त्रिक शासन र समानता युवाका सरोकारका विषय रहेको बताउनुभयो।

नेपालले युवाका समस्या समाधान गर्न कानुनी र कार्ययोजनागत ढंगले धेरै प्रयास गरिरहेको भन्दै युवा पलायन रोक्नु नेपालको मुख्य चुनौती रहेको बताउनुभयो। 'बौद्धिक जनशक्ति मात्रै होइन श्रमिक युवा जनशक्ति पनि ठूलो संख्यामा विदेशिएको सन्दर्भमा उनीहरूलाई स्वदेशमै अवसर सिर्जना गर्न नेपालका लागि चुनौतीको विषय भएको हो' -रेग्मीले भन्नुभयो।

सो क्रममा युवा संसद् नेपालका संयोजक दिवाकर अर्यालले युवाको साझा एजेन्डा र आवश्यकताबारे छलफल गरी भावी रणनीति तय गर्न सम्मेलन आयोजना गरिएको बताउनुभयो। सम्मेलनमा जलवायु परिवर्तन, लोकतन्त्र र सुशासन, सामाजिक उद्यमशीलता, युवा सहभागिता र शान्तिका लागि सांस्कृतिक कूटनीतिलगायतका विषयमा छलफल हुने अर्यालले जानकारी दिनुभयो। उद्घाटन समारोहमा नेपालका लागि युरोपेली युनियनकी राजदूत वेरोनिका कोडीले विश्वभरका युवाहरूको साझा सरोकार सम्बोधन गर्न र दिगो शान्ति स्थापना गर्न ईयूले सहयोग गर्ने बताउनुभयो। युवा सम्मेलनले विश्वको ध्यान युवाका एजेन्डातर्फ आकर्षित गराउने कोडीको विश्वास थियो।

त्यस्तै नेपालका लागि बंगलादेशकी राजदूत मारूफीविन्ते श्याम्सले बंगलादेश सरकारले आफ्नो देशमा युवा उद्यमशीलता बढाउन प्रयास गरिरहेको बताउनुभयो। युवा उद्यमशीलता, शान्ति स्थापना र सुशासनका लागि विश्वभरका युवासँग सरोकार गर्न तयार रहेको उहाँको भनाइ थियो। सो क्रममा नेपाली चलचित्र क्षेत्रका महानायक राजेश हमालले युवाहरूको मनोविज्ञान एउटै भए पनि देशअनुसार युवाका प्राथमिकता फरक देखिन सक्ने बताए। सम्मेलनमार्फत साझा रणनीति बनाएर विश्व शान्तिलाई संस्थागत गर्न नेपालबाटै पहल लिइनु उत्तम हुने उहाँको भनाइ थियो।

सम्मेलनको उद्घाटन समारोहमा नेपालमा युवा, शान्ति, उद्यमशीलता र सुशासनको क्षेत्रमा काम गर्ने व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो। अभिनेता राजेश हमाल, सीएनएन सुपर हिरो पुष्पा बस्ने, एपीवान टेलिभिजनका समाचार प्रमुख टीकाराम यात्री, शान्ति अभियन्ता पिताम्बर भण्डारी, युवा वैज्ञानिक जितेन्द्र उपाध्याय, युवा अभियन्ताहरू सुलोचना सिग्देलन, बासु गौतम र हिक्मत थापालाई 'युवा अभिप्रेरणा सम्मान २०१८' प्रदान गरिएको थियो।

आइतबारसम्म चल्ने सम्मेलन काठमाडौं घोषणापत्र जारी गर्दै सम्पन्न हुनेछ।

कर्मचारीलाई...

महानिर्देशक गौतमका अनुसार बोनस बाँड्ने भएमा अर्थ मन्त्रालयले तोकेको सीमा र निर्देशनमा रहेर बाँड्नुपर्ने प्रावधान रहेको छ। यदि बाँडिने अवस्था आएमा २०६८ सालदेखिका अवकास प्राप्त र बहालवाला कर्मचारीले बोनस पाउनेछन्। नबाँड्ने निर्णय भएमा प्राधिकरणको कोषमै राखी सो रकम प्राधिकरणको पूर्वाधार विकास र कर्मचारीको आन्तरिक सुदृढीकरणमा खर्च गरिनेछ।

यसैबीच अर्थ मन्त्रालय स्रोतले भने विगतका अनुभव र अन्तर्राष्ट्रिय अभ्यासलाई हेरेर यसबारे निर्णय लिइने जनाउँदै छलफलमै रहेको विषयमा अहिले नै बोल्न नमिल्ने बताएको छ। अख्तियारले पत्र काटेको भए पनि समयसापेक्ष खुद नाफा भएको अवस्थामा के गर्ने भन्ने विषयमा जिम्मेबार निकायहरू नै अन्यालमा रहेको देखिन्छ भने केही जानकारहरू भिल्ने कानुनी आधारहरू भएकामा बोनस वितरण हुन सक्ने दाबी गर्छन्।

कक्षागत...

यस्तै राष्ट्रिय परीक्षा बार्डले यो कामको जिम्मेवारी लिनुपर्ने, निरन्तर मूल्यांकन, उदार कक्षोन्नति तथा अक्षरांकन विधिले भित्र्याएको नपढ्ने तथा नपढाउने संस्कृति अन्त्य गर्नका लागि विद्यार्थी स्वयंले आफैं परीक्षित हुने परीक्षा प्रणालीको अवलम्बन गर्नुपर्ने, आफू कमजोर देखिएको विषय वा क्षेत्रमा विद्यार्थीलाई शिक्षक, प्रधानाध्यापक, व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ वा अभिभावकले अनिवार्य रूपमा सघाउनुपर्ने जस्ता विषय उल्लिखित छन्।

शिक्षा मन्त्रालयका प्रवक्ता डा. हरि लम्सालले विज्ञ समूहले दिएको प्रतिवेदन अध्ययन भइरहेको बताउँदै प्रतिवेदनमा उल्लेख भएका विषयको आधारमा सुधारका कदम चालिने जानकारी दिनुभयो। सो आयोगका सदस्य-सचिव समेत रहनुभएका डा. लम्सालका अनुसार प्रतिवेदनमा विद्यालयदेखि विश्वविद्यालयसम्मको समग्र शिक्षाको नीति, कार्यक्रम, योजना तर्जुमालगायतका विषय उठान गरिएका छन्।

प्रतिवेदनमा स्थानीय सरकारले कक्षा ८, प्रादेशिक सरकारले कक्षा १० र संघीय सरकारले कक्षा १२ को परीक्षा लिई त्यसको गुणस्तर कायम गर्नुपर्ने संवैधानिक जिम्मेवारी छ। तर कक्षागत गुणस्तरको जिम्मा शिक्षकलाई नै दिइएको छ। उदार कक्षोन्नति र अक्षरांकन परीक्षण पद्धतिको प्रयोग गर्दा सुधारात्मक कक्षाहरू प्रभावकारी रूपमा सञ्चालन गरिएको नपाइएको उल्लेख छ। प्रत्येक कक्षाका विद्यार्थीको गुणस्तर अपेक्षित स्वरूपको भए नभएको परीक्षण गर्ने जिम्मा स्थानीय सरकारले लिनुपर्ने, परीक्षामा अपेक्षित गुणस्तर सुनिश्चित गर्न नसकेका बालबालिकालाई स्थानीय विद्यालयका शिक्षकले निःशुल्क रूपमा सुधारात्मक कक्षाको व्यवस्था गर्नुपर्ने विषय सो प्रतिवेदनमा राखिएको छ।

कोरिडोरमा...

उहाँ भन्नुहुन्छ- 'कलंकी-त्रिपुरेश्वर सडकको जामले गर्दा विष्णुमती कोरिडोरको ट्राफिक व्यवस्थापनमा चुनौती थपिएको छ। तर हामीले सुल्झाउने प्रयास गरिरहेका छौं।'

प्रवक्ता रञ्जितकारका अनुसार कोरिडोरको सडक संरचना पुलमुनिबाट नभई पुलको मुखबाटै क्रस भएर सञ्चालन हुँदा पनि ट्राफिक व्यवस्थापनमा समस्या भएको हो।

यता काठमाडौं महानगरपालिका शहरी पूर्वाधार विकास विभागका प्रमुख उत्तर रेग्मी भने तत्कालका लागि ट्राफिक समस्या घटाउन कोरिडोरको सडक बरदानसावित नै हुने विचार राख्नुहुन्छ। महानगरभित्रका यस्ता सडकमा ट्राफिक समस्या देखिनुलाई महानगरले गम्भीर रूपमा लिएको उहाँको दावी छ- 'ट्राफिक समस्या समाधान गर्न सम्बन्धित निकायसँग निरन्तर औपचारिक/अनौपचारिक छलफल गरिरहेका छौं।'

वाम गठबन्धको अघि चुनौतीका चाङ : *प्रचण्ड*

काठमाडौं, (नेस)

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले वाम गठबन्धनको अगाडि चुनौतीको चाङ रहेको बताउनुभएको छ। उहाँले राजनीतिक स्थायित्व कायम गरी मुलुकलाई सुशासन र विकासउन्मुख गराउने विषय वाम गठबन्धनका लागि चुनौतीपूर्ण भएको बताउनुभएको हो।

देशभक्त गणतान्त्रिक मञ्चले राजधानीमा शनिबार गरेको कार्यक्रममा अध्यक्ष प्रचण्डले मुलुक धेरै अप्ठ्यारा पार गर्दै सही बाटोमा आएको बताउनुभयो। राजनीतिक स्थायित्व, सुशासन र विकास वाम गठबन्धनको औचित्य भएको भन्दै उहाँले चुनौतीलाई पार गर्दै अवसर उन्मुख हुनुपर्ने दाबी गर्नुभयो।

प्रचण्डले देशको बृहत्तर हितका लागि नै एमाले र माओवादी केन्द्रबीच पार्टी एकता गर्न लागेको बताउनुभयो। 'हामीले मिलेर संविधान बनायौं, ठूलाठूला जोखिम थिए। तर, मिलेरै संविधान कार्यान्वयन भयो। अब देशको स्थिरता, सुशासन र विकासको निकल्प छैन। हामीले यत्तिकै पार्टी एकताको कुरा गरेका होइनौं', उहाँले भन्नुभयो- 'देशको राजनीतिक अस्थिरता अन्त्य गर्न, सुशासन र विकासलाई गति दिन नै एमाले र माओवादी केन्द्रबीच पार्टी एकता गर्न लागिएको हो। यो नेपालको भविष्य निर्माणका लागि निकै ठूलो कुरा हो।'

कक्षा ११ को नतिजा सार्वजनिक

नेपाल समाचारपत्र

भक्तपुर

राष्ट्रिय परीक्षा बोर्डले बोर्डले गत असारमा सञ्चालित कक्षा ११ को नियमिततर्फको नतिजा सार्वजनिक गरेको छ। शनिबार बेलुकी एक सूचना जारी गर्दै बोर्डले परीक्षाको नतिजा सार्वजनिक भएको जनाएको छ। बोर्डले पहिलोपटक नतिजा ग्रेडिङ प्रणालीमा सार्वजनिक गरेको हो।

परीक्षा नियन्त्रक डम्बर बतासका अनुसार परीक्षामा ३ लाख ४७ हजार ७४८ विद्यार्थी सहभागी भएकोमा ७४ जनाको परीक्षा रद्द भएको छ भने १ जनाको स्थगित गरिएको छ। बोर्डले एसईईकै जस्तै नौ समूहमा विभाजन गरेर विषयगत ग्रेडमा मात्रै नतिजा सार्वजनिक गरेको छ। तर एसईईमा जस्तो विषयत जीपीए र एकमुष्ट जीपीए ननिकालेको बोर्डले जनाएको छ। विद्यार्थीले आफ्नो सिम्बोल नम्बरबाट आफ्नो कुन विषयमा कुन ग्रेड आयो? भन्ने मात्रै थाहा पाउने नियन्त्रक बतासले बताउनुभयो।

नियन्त्रक बतासले डी प्सल वा त्योभन्दा मुनि कुनै एक विषय हुने विद्यार्थीले आगामी माघ २७ गते ग्रेड वृद्धि परीक्षा दिन पाउने बताउनुभयो। एकभन्दा बढी विषयमा डी प्लसभन्दा कम छ भने त्यस्ता विद्यार्थीको अर्को साल मात्रै परीक्षा दिन पाउनेछन्।

ग्रेडिङ प्रणाली लागू भएसँगै विद्यार्थीले विषयगत रूपमा नतिजा पाउनेछन्। ९० देखि एक सयसम्म ल्याउनेको विषय ग्रे ए प्लस हुन्छ भने ८० देखि ८९ सम्म ल्याउनेको ए, ७० देखि ७९ अंक ल्याउनेको बी प्लस, ६० देखि ६९ सम्मको बी, ५० देखि ५९ अंक ल्याउनेको सी प्लस, ४० देखि ४९ सम्म अंक ल्याउनेको सी, ३० देखि ३९ सम्मको डी प्लस, २० देखि २९अंक ल्याउनेको डी र ० देखि १९ अंक आउने विषयको ग्रेड ई हुने बोर्डले जनाएको छ।

स्थानीय तहको निर्वाचनका कारण देखाउँदै पटकपटक मिति सार्दै असारमा सञ्चालन भएको कक्षा ११ को परीक्षा नतिजा प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनको कारण देखाउँदै बोर्डले ७ महिनापछि नतिजा सार्वजनिक गरेको हो।

TENDER NOTICE

Project Reference No: T1 : 34 **Date of Publication : 14/1/2018**

Sandakphu Tea Processors Pvt. Ltd. Maipokhari 01, Ilam announces invitation for bids to supply goods and services as mentioned hereunder.

Qualified manufactures and suppliers within/outside Nepal are requested to send their bids within 15 days from the date of publication. Legal documents with bids are requested to be submitted at:

Name of item	Qty	Name of item	Qty
Dryer and Hot Air Stove	1	Withering Fan & Heater	4
Double Pot Tea Dryer	1	Revolving Dryer	1
Roller	1	Enzymer	1
Stepped Stalk Picker	1	Transformer and Wiring	1
Cutter		Generator	1
Tea Winnowing Machine	2880 sq.ft.(2 floors truss building) Extension single floor 1920 sq. ft. truss building		
Factory Building Truss			

Sandakphu Tea Processors Pvt. Ltd. P.O. Box: 8975 EPC 2179. We will send bidding documents with detail specification (factory Design and Layout) to you upon written request. For further details, kindly contact ***tea@teadirect.org***

अर्थ

{ समीक्षा अवधिमा १ सय ७३ कम्पनीका ३५ अर्ब १७ करोड रुपियाँ बोनस सेयर तथा ७३ कम्पनीका ३० अर्ब ४६ करोड ४८ लाख रुपियाँ बराबरको हकप्रद शेयर नेप्सेमा सूचीकृत गरिएको नेप्सेले जनाएको छ।

हिमाल स्टील आजको भाउ

ज्योति

	टोरस्टिल			टि. एम. टि. टेम्परकोर			टोरकारी	एनिल्ड
	८ मि.मि.	१०-२० मि.मि.	२५-३२ मि.मि.	८ मि.मि	१०-२० मि.मि	२५-३२ मि.मि.	४.७५-७ मि.मि.	
काठमाडौं	७९.८५	७८.८५	८१.३५	८०.३५	७७.३५	७९.८५	७९.६५	८९.२२
बीरगंज	७७.९५	७६.९५	७९.४४	७८.४५	७५.४५	७७.९४	७७.७५	८७.४२
विराटनगर	७८.४५	७७.४५	७९.९४	७८.९५	७५.९५	७८.४४	७८.२५	८८.०२

• अन्तः शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ्न ।

JAGDAMBA STEEL

देशको भरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

स्थानहरु / साइज	JAGDAMBA E ८ एम.एम.	१०-२० एम.एम.	२५ एम.एम.	२८-३२ एम.एम.
काठमाडौं	८३	८०	८३	८३
सिमरा, बिरगंज, कलैया	८१।४०	७८।४०	८१।४०	८१।४०
मलंगवा, जनकपुर, नारायणघाट	८२।४०	७९।४०	८२।४०	८२।४०
लाहान, विराटनगर, धरान, इटहरी	८३।९५	८०।९५	८३।९५	८३।९५
वितामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर	८२।१०	७९।१०	८२।१०	८२।१०
पोखरा, स्याङ्जा	८२।६०	७९।६०	८२।६०	८२।६०

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191

EARTHQUAKE RESISTANT REBAR

नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

KUMARI JOB.COM

YOUR CAREER STARTS HERE !

के तपाईले आज Login गर्नुभयो?

01-4478845 , 4480374 , 4464043

info@kumarijob.com

विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ पुस ३०, जनवरी १४, २०१७

खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

	खरिद दर	बिक्री दर
भारतीय रूपियाँ १०० को रू.	१६०.००	१६०.१५
अमेरिकी डलर १ का रू.	१०१।५२	१०२।१२
युरो १ को रू.	१२३।०९	१२३।८२
पाउन्ड स्टर्लिङ १ को रू.	१३८।३९	१३९।२०
स्विस फ्रन्क १ को रू.	१०४।५६	१०५।१८
अस्ट्रलियन डलर १ को रू.	७९।१९	८०।३८
क्यानाडियन डलर १ को रू.	८१।१०	८१।५८
सिङ्गापुर डलर १ को रू.	७६।४५	७६।११
जापानी यन १० को रू.	९।१४	९।१९
चिनियाँ युआन १ को रू.	१५।७२	१५।८१
साउदी अरब रियाल १ को रू.	२७।०७	२७।२३
कतारी रियाल १ को रू.	२७।८८	२८।०५

	खरिद दर	बिक्री दर
थाई भाट १ को रू.	३।१८	३।२०
सं. अरब इमिरट दिराम १ को रू.	२७।६४	२७।८०
मलसियन रिङ्गिट १ को रू.	२५।५६	२५।७१
दक्षिण कारियन वन १०० को रू.	९।५५	९।६०

खरिद दर

स्विडिस क्रोनर १ का रू.	१२।५०
डेनिस क्रानर १ का रू.	१६।५३
हडकड डलर १ का रू.	१२।९८

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

करिब १२ सय मेट्रिक टन बढी धान उत्पादन

पाल्पा, (नेस)

जिल्लामा यस वर्ष गत वर्षको तुलनामा करिब १२ सय मेट्रिक टन बढी धान उत्पादन भएको छ। परम्परागत खेती प्रणालीको सट्टा आधुनिक कृषिलाई जोड दिँदै उन्नत जातको खेतीतर्फ कृषकको आकर्षण बढ्नु, समयमै पर्याप्त वर्ष भएको र रोग किराको प्रकोप नदेखिएकाले उत्पादन बढेको कृषि प्राविधिकहरू बताउँछन्।

यस वर्ष जिल्लाको माडीफाँट, कचलफाँट, रामपुरफाँट, हुँगी, अर्गली, पूर्वखोला, झडेवा, सत्यवती, गल्धा, सर्देवालगायतका स्थानमा बढी मात्रमा धान उत्पादनले किसान उत्साहित भएका छन्। जिल्लामा गत वर्ष ३३ हजार ८ सय ९६ मेट्रिक टन उत्पादन भएकोमा यो वर्ष धानको उत्पादन ३५ हजार ८८ मेट्रिक टन उत्पादन भएको जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत किशोरमान क्षेष्ठले बताउनुभयो। यो गत वर्षभन्दा १ हजार १ सय ९२ मेट्रिकटन बढी उत्पादन भएको हो।

कार्यालयका अनुसार ६ हजार २ सय २० हेक्टर क्षेत्रफलमा उन्नत तथा स्थानीय जातका धान खेती गरिँदै आएको छ। धान वाली सप्रिदा चौपायालाई पनि फाइदा पुगेको छ। धानको पराल धेरै हुँदा गाई, भैंसीलाई हिउँदको समयमा गोठभित्रै खुवाउन सहज हुने किसानको भनाइ रहेको छ। जिल्ला कृषि विकास कार्यालयका अनुसार अनुदानमा खुमलटार, सावित्री, रामलगायतका उन्नत जातका धानको बीउका कारण उत्पादनमा वृद्धि भएको हो। स्थानीय जातका धानका बीउभन्दा उन्नत जातका धान बढी फल्ने भएपछि किसान उन्नत जातको धान खेतीप्रति आकर्षित भएका हुन्। यो वर्ष समयमै रोपाई सकिएको र स्थानीय जातको तुलनामा उन्नत जातको धान खेती बढी भएका कारण उत्पादनमा वृद्धि भएको कृषि प्राविधिक बताउँछन्।

यसैबीच तानसेन नगरपालिका क्षेत्रभित्र तरकारी खेती गरेकाकिसानहरूलाई उत्पादनमा वृद्धि गराउने योजनाका साथ प्रतिफलमा आधारित प्रोत्साहन अनुदान प्रदान गरिएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना जोन कार्यान्वयन इकाई पाल्पाले तरकारी खेती गर्दै आएका किसानलाई लक्षित गरी उत्पादनमा १० प्रतिशत वृद्धि गरेका किसानलाई प्रोत्साहन रकम प्रदान गरेको हो।

कार्यालयले तानसेन नगरपालिकाभित्रका ८४ जना किसानलाई अनुदान रकम प्रदान गरेको छ। जोन सञ्चालक समितिले आयोजना गरेको अनुदानवितरण कार्यक्रममा तानसेन नगरपालिका उपप्रमुख लक्ष्मी पाठकले किसानलाई अनुदान रकम वितरण गर्नुभयो। किसानले १ हजार ५ सयदेखि ७ हजार रुपियाँसम्म अनुदान रकम पाएका छन्।

‘उपभोक्ता पाइलापाइलामा ठगिने अवस्था छ’

कुमारप्रसाद दाहाल
महानिर्देशक, आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग पछिल्लो समयमा बजार अनुगमन गर्ने निकायको रुपमा परिचित छ। विभाग तथा यस मातहतमा रहेका कार्यालयले नियमित रुपमा अनुगमन भएको दाबी गर्दै आए पनि बजार अनुगमन फितलो रहेको सरोकारवालाको गुनासो छ। बजार अनुगमन भए पनि सोहीअनुसार कारबाही हुँदैन भन्ने पनि उत्तिकै छन्।

स्वास्थ्य सेवा विभागमा निर्देशक रहेर काम गरिसक्नुभएका कुमार दाहाल सो विभागका महानिर्देशक हुनुहुन्छ। उहाँ विभागमा आउने वित्तिकै विशेष बजार अनुगमन थालिएको चर्चा भए पनि अहिले त्यो सुस्त देखिएको छ।

यिनै सन्दर्भमा रहेर विभागले अहिले गरिरहेको बजार अनुगमन, समस्या तथा भावी योजनाका साथै संघीयतामा विभागको प्रभावकारीता विषयमा दाहालसँग नेपाल समाचारपत्रका लागि हेमन्त जोशीले गरेको कुराकानी :

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले अहिले बजार अनुगमनको अवस्थालाई कसरी अगाडि बढाएको छ ?

बजार अनुगमनको व्यवस्था कस्तो छ भन्नेभन्दा पनि नियमन कसरी भइरहको छ भन्ने कुरा महत्त्वपूर्ण हो। बजारमा विभिन्न क्षेत्रको अनुगमन गर्दै जाँदा मासुजन्य वस्तु, खाद्य, लुगा कपडा, यातायात,, शिक्षा, स्वास्थ्य सबै अत्यावश्यक वस्तुको अनुगमन हामीले गरिरहेका छौं। हामीले स्वास्थ्य संस्थालगायत ठुला घराना (बिग हाउस) हरूमा पनि अनुगमनलाई तीव्र पारेका छौं। बिग हाउसमा कसैले पनि अनुगमन नगर्दा उनीहरूले जथाभावी मूल्य असुली गरेर जनतालाई ठगिरहेका छन्। अस्पतालले मनोमानी ढंगले मूल्य असुली गरिरहेको हामीले अनुगमनका क्रममा भेटेका छौं।

पछिल्लो समयमा सिमेन्ट र डन्डीको मूल्य वृद्धि भएको विषयमा पनि हामीले अनुगमन गरिरहेका छौं। सरकार फितलो भएर हो वा सरकारका अन्य निकायले नियमित अनुगमन नगरेको कारण हो, मूल्य र गुणस्तरका विषयमा बजारमा उतार चढाव धेरै छ। यो कतिपय कृतिम रूपमा नै अगाडि बढेको जस्तो पनि हामीले भेटेका छौं। आम उपभोक्ता पाईला-पाईलामा ठगिने अवस्था रहेको छ।

बजार अनुगमन न्यून मात्रामा हुने गरेको छ। के कति कारणले चाहेजति अनुगमन गर्न नसकेको हो ? अनुगमन पनि शहर केन्द्रित मात्रै भएको देखिन्छ, यसतर्फ तपाईंहरूले किन ध्यान नदिएको ?

सरकारी क्षेत्रबाट मात्रै अनुगमन गर्ने निकाय एक दर्जनभन्दा बढी छन्। स्थानीयस्तरमा पनि अनुगमनका लागि सरकारी क्षेत्रको पहुँच पुगेको छ। तर, यसैमा पनि विभिन्न खालका समस्या र अवरोधले बजार अनुगमन फितलो देखिने गरेको छ। पहिलो जनशक्तिलाई सबै क्षेत्रमा सधैंजसो अनुगमनका लागि पठाउनसक्ने अवस्था छैन। हामीले आफूले कुन क्षेत्रमा गर्न सकिन्छ र त्यो क्षेत्रमा उच्च इच्छाशक्तिका साथ हामीले बजार अनुगमन गर्न सक्यौं भने कमजोरी छैन। तर, कर्मचारीतन्त्रमा उच्च इच्छाशक्ति नहुनु, राजनीतिक फेरबदल भइरहनु र भईराखेका ऐन, नियम कानुनको कार्यान्वयन नहुँदा निजी क्षेत्र जहिले पनि अवसर हेरिराखेको हुन्छ। यी कुराको व्यवस्थापन जबसम्म हामीले गर्न सक्दैनौं तबसम्म बजारमा विकृतिहरू आईराख्छन्।

गाउँघर अर्थात दुर्गम तहसम्म निगरानी अनुगमन गर्नका लागि अहिले स्थानीय निकायनै अधिकार प्राप्त छ। तर, निर्वाचित भएर आएको यतिका समय भईसक्दा पनि उहाँहरूले काम राम्रोसँग सम्हाल्न सक्नुभएको छैन। निर्वाचित प्रतिनिधिलाई ‘ओरियन्टेसन’ गर्नुपर्ने अवस्था छ। स्थानीय निकायले काम गर्दा पनि कमजोरी देखिएको छ। त्यो के भने कसले काम गर्न अवरोध गरिरहेको छ त ? त्यसको पहिचान हुनुपर्‍यो। यस अर्थमा आ-आफ्नो क्षेत्रबाट जिम्मेवारी सुम्पेर काम नगरुन्जेल जतिसुकै परिवर्तनका कुरा गरेर

> हामीसँग बजार अनुगमन गर्ने कुनै कानुन नै छैन भने पनि हुन्छ। उपभोक्ता सम्बन्धी ऐन २०५३, कालो बजार ऐन, अत्यावश्यक सेवा ऐनलगायतका दर्जनभन्दा बढी ऐन छन्। तर, ती कानुनले विषयगत ढंगले स्पष्ट रूपमा यो यो कानुन अमुक विभाग वा संस्थाले हेर्ने अथवा सजाय गर्ने, न्यायिक निरूपण अमुक संस्थाले गर्ने भर्ने क्षेत्राधिकार नै तोकिएको छैन।

पनि समस्या समाधान हुँदैन। निजी क्षेत्र पनि अनुगमनबाट सन्तुष्ट भएको देखिँदैन। जे इच्छा लाग्यो त्यहि गर्ने खालको मानसिकता छ।

प्रभावकारी बजार अनुगमनका लागि नीतिगत तथा कानुनी जटिलता पनि थुप्रै रहेका छन्। काम गर्ने क्रममा तपाईंले के कस्ता कानुनी झन्झट रहेको पाउनुभएको छ ?

पक्कै पनि यस क्षेत्रमा पनि कानुनी जटिलता पर्याप्त छन्। हामीसँग बजार अनुगमन गर्ने कुनै कानुन नै छैन भने पनि हुन्छ। उपभोक्ता सम्बन्धी ऐन २०५३, कालो बजार ऐन, अत्यावश्यक सेवा ऐनलगायतका दर्जनभन्दा बढी ऐन छन्। तर, ती कानुनले विषयगत ढंगले स्पष्ट रूपमा यो यो कानुन अमुक विभाग वा संस्थाले हेर्ने अथवा सजाय गर्ने, न्यायिक निरूपण अमुक संस्थाले गर्ने भर्ने क्षेत्राधिकार नै तोकिएको छैन। कुनै प्रकतिको नराम्रो काम गर्नेलाई यति जरिवाना गर्ने अथवा यति वर्ष सजाय हुने भनेर पनि स्पष्ट हुन सकेका छैनौं।

अर्को भनेको अनुगमन गर्ने निकाय र न्यायिक निरूपण गर्ने निकाय नै फरक-फरक छन्। जस्तो कि आपूर्ति व्यवस्थापन तथा हित संरक्षण विभागले बजार अनुगमन गर्दा सम्पूर्ण कुराको निरूपण गर्न सक्दैन। किनभने विभागले जिल्ला न्यायाधिवक्ताको अथवा प्रहरी प्रशासनको परामर्श लिएर मुद्दा दायर गर्नुपर्ने अवस्था रहेको छ। विभागका कर्मचारीले बजार अनुगमनका क्रममा भेट्टाएको तथ्यलाई अनुसन्धान गर्ने निकायले फरक दृष्टिकोण राखिदियो भने अनुगमन फितलो हुँदै जान्छ। एकद्वार प्रणाली अन्तर्गतको कानुन हामीसँग छैन। २०औं वर्षदेखि यस्तो खालको कानुन निर्माणका लागि प्रयास गरिराखेका छौं।

जति अनुगम हुन्छ सोही अनुसार कारबाही हुँदैन र गल्ती गर्नेले पनि प्रश्रय पाइरहेका छन भन्ने गुनासो सुनिन्छ। त्यसलाई तपाईंले कसरी लिनुभएको छ ?

जनगुनासो मात्र होइन हामीकहाँ कारबाही नै छैन। उपभोक्ताको जीउ, ज्यान र सुरक्षामा असर पर्ने गरी कुनै पनि वस्तु उत्पादन र बिक्री वितरण गरिन्छ भने त्यो ठूलो अपराध हो। त्यो अपराधलाई सामान्य अपराध मानिँदैन र सोही अनुसारको कानुन नेपालले अहिलेसम्म पाउन सकेको छैन। न त हामीले कसैलाई दण्ड सजाय दिन सकेका छौं। केही हजार रुपियाँ जमानत र केही दिन हिरासतमा राखेर उन्मुक्ति दिने गरिन्छ। केही विषयमा भने कानुन कडा भए पनि कार्यान्वयन फितलो छ। हामीले जिल्ला प्रशासन कार्यालयमा फाईलहरू पठाउँछौं। तर, सोही अनुसारको कानुनी कारबाही भएको देखिँदैन। ठगीका लागि गरिने कानुनी कारबाही हामीसँग छैन। उपभोक्ता ठग्ने भनेको कडा कानुनी दायरामा ल्याउनुपर्ने विषय हो। तर, यो विषयमा कारबाही भएको छँदै छैन भने पनि हुन्छ।

यसलाई सच्याएर जान सरकारले, निजी क्षेत्रले अथवा उपभोक्ता कसले बढी ध्यान पुर्‍याउनपर्ने हो ?

मुख्य कुरा त कानुन बनाउने र नियामक निकायले यो विषयलाई हेर्नुपर्ने हो। सरकारले कानुन बनाई दिन पर्‍यो नि। अहिले रहेको विद्यमान कानुनलाई परिमार्जन गरी संघ, प्रेदश र स्थानीय तह समेतलाई स्पष्ट अधिकार र कानुनी व्यवस्था गरेर पठाउनुपर्छ। त्यो खाका पनि तयार भएको छ, नभएको होइन। तर, तिनीहरूलाई पूर्णता दिइएको छैन।

विभागले गर्ने अनुगमन पनि दशैं तिहार र चाडबाडको बेला मात्र बढी हुने गरेको देखिन्छ नि ?

अनुगमन वर्षभरी नै हुन्छ। तर, दशैं तिहारमा भएका अनुगमन एक किसिमले भन्ने हो भने प्रभावकारी अनुगमन हुन्। जतिखेर जुन वस्तुको उपभोग बढ्छ, गलत पनि त्यहाँ नै बढी भएको हुन्छ। त्यतिखेर भएका अनुगमनलाई हामीले कुन अर्थमा प्रभावकारी भनेको भने केही हदसम्म त्यसले उपभोक्ता र व्यापारी दुवैलाई सचेत तुल्याउँछ। तर, हामीले दशैं तिहारमा मात्र अनुगमन गर्ने भन्ने होइन वर्षभरी नै अनुगमन गरिरहेका छौं। जस्तो कि तरकारीको मूल्य बढेको बेला, खाद्य वस्तुको मूल्य बढेको बेला, सिमेन्ट छडको मूल्य बढेको बेला हामीले अनुगमन गरेका छौं, कैफियत पनि भेटिएको छ।

त्यसैगरी अस्पतालमा पनि धेरै ठूला कैफियतहरू भेटिएका छन्। चाडबाडलगायत केही समयममा उपभोक्ताको उजुरी र गुनासो बढी आउने भएकाले पनि हामी बढी सक्रिय भएको सन्देश गएको हुनसक्छ।

बजार अनुगमनका क्रममा अहिले के कस्ता अप्ठ्यारा र चुनौतीहरू रहेका छन् ?

बजार अनुगमन गर्ने विषय चुनौती नै चुनौतीले भरिएको छ। कसरी निजी क्षेत्रको विश्वसनीयता कायम राखेर लैजाने र कसरी उपभोक्तामा सरकारले पनि अनुगमन गरिराखेको छ हैं भनेर बुझाउने काम मुख्य कुरा हो। कुनै वस्तु मैले खाँदा किन्दा, उपभोग गर्दा त्यसमा सरकारको निगरानी भइसक्यो भन्ने खालको वातावरण अझै स्थापित भइसकेको छैन।

कुनै पनि वस्तु किन्दा त्यसको मूल्य यति नै हो कि होइन भन्ने कुराको पनि उपभोक्तालाई अनिश्चितता मनमा खड्किरहन्छ। शिक्षा क्षेत्रमा पनि त्यस्तै छ। कुन तहका लागि कति शुल्क निर्धारण गर्ने भन्ने कुरा अझै निक्यौल भइसकेको छैन। त्यस्तै स्वास्थ्य निर्देशिका अनुसार शुल्क निर्धारण गरिएको छैन। कुनै जिल्ला शिक्षा कार्यालयले विद्यालयको शुल्क अनुगमन गरी शिक्षा विभागलाई बुझाएको देखिँदैन। एउटै वस्तुमा दुई तीनपटक कर लगाएर वस्तु बेचेको उदाहरण पनि हामीसँग छन। निजी क्षेत्रले वस्तु तथा सेवा बिक्री वितरण गर्छ। तर, सरकारले बिल बिजकहरू दिँदैन।

सबैभन्दा ठूलो कुरा संगठित बजार संस्थागत बजार बनाउनु नै हो। कुनै पनि बजारका बारेमा पर्याप्त सूचना हामीसँग छैन। त्यसको अभिलेख राख्न सक्यो र सम्बन्धित निकायले सम्बन्धित क्षेत्रको अनुगमन गर्न सक्यो भने हामीले निकै हदसम्म समस्या समाधान गर्न सक्छौं। निजी क्षेत्रलाई उनीहरूले गरेको कामको सम्पूर्ण जानकारी सरकारी निकायसँग छ भन्नेसम्मको बनाउनु जरुरी देखिन्छ।

त्यसैगरी उपभोक्तालाई पनि कुने वस्तु तथा सेवा उभयोग गर्दा त्यसले पारेको असरबाट क्षतिपूर्ति तिराउने अवस्था नरहुन्जेलसम्म हामी अहिले कै अवस्थाबाट गुज्रिरहन्छौं। यस अर्थमा बजार व्यवस्था र भन्सारबाट आयातित वस्तु पूर्णतया हाम्रो निगरानीमा रहनुपर्‍यो।

उपभोक्तामा जनचेतनाको कमी भएका कारणले पनि बढी ठगिन्छन भन्ने सुनिन्छ। उपभोक्तामा सचेतना फैलाउन र त्यसलाई बढाउन के गर्नुपर्ला ?

उपभोक्ता भनेको ‘प्रिन्सिपल अफ् च्वाइस’बाट सञ्चालित भएका भए पनि ठगिने कारण के हो भने सामाजिक सांस्कृतिक रूपमा निर्देशित भएका कारणले पनि समस्या देखिएको छ। जस्तो कि दशैं तिहारमा मासु खानैपर्ने, नयाँ लुगा लगाउनै पर्ने, विभिन्न चाडबाडमा विभिन्न वस्तु किन्नुपर्ने भन्ने मानसिकता छ। जसका कारण पनि उपभोक्ता ठगिएका हुन्छन्। यदि हामीसँग विकल्प सहितका वस्तु तथा सेवाको रोजाई हुने हो भने निजी क्षेत्रले उपभोक्तालाई ठग्न सक्दैनन्।

कतिपय अवस्थामा आपूर्ति व्यवस्थापन आफ्नो क्षेत्राधिकार भन्दा बाहिर गएर काम गर्‍यो भन्ने आरोप पनि लाग्ने गरको छ नि ?

अनुगमन भन्ने विषय निजी क्षेत्र र उद्योगी व्यवसायीले मन पराउँदैनन्। सरकारले कार्यविभाजन गर्दा आपूर्ति मन्त्रालयअन्तर्गतको विभागको ३५ वटा वस्तुलाई अत्यावश्यक वस्तुका रूपमा राखेको छ। ती वस्तुभन्दा बाहिर गएर हामीले अनुगमन गरेका छैनौं। अत्यावश्यक वस्तुमा विभागले जुनसुकै बेला अनुगमन गर्ने अधिकार छ।

कसैको ढोकाभित्र गएर हेरेको कसैलाई मन पर्दैन। अन्य मुलुकमा अनुगमन गर्दा आफ्नो उत्पादनको गुणस्तर बढ्ने अपेक्षा राख्छन्। मैले उपभोक्ताको मन जितेर उत्पादन र खपद बढ्ने भयो भन्ने सोच छ। तर, हाम्रोमा भने गलत संस्कारको विकास भएको छ। अहिले हामीलाई उपभोक्ताबाट राम्रो समर्थन रहेको छ। अझ प्रभावकारी अनुगमन गर्नुपर्‍यो भन्ने दबाब आउन थालेको छ। हामीले आफ्नो अधिकार र दायराभन्दा बाहिर गएको छैनौं।

विभागमा आर्थिक व्यवस्थापन र जनशक्तिको अवस्था कस्तो छ ?

बजेटमा हामीलाई सरकारले राम्रो सर्मथन र सहयोग गरेको छ। तर, जनशक्तिको पाटोमा भने धेरै कमजोर छौं। हामीसँग कुनै क्षेत्रको पनि विज्ञ जनशक्ति छैन। अरू निकायका जनशक्तिसँग सहकार्य गर्दै आएका छौं। तर, पनि सबै क्षेत्रका विज्ञहरूले साथ र सहयोग दिँदै आउनु भएको छ । स्रोत साधन भने ठिकै छन्। हामी उच्च मनोबलका साथ काम गरिरहेका छौं। जसको जति अधिकार भए पनि इच्छा शक्ति भएमा काम गर्न सकिन्छ भनेर हामीले देखाएका छौं। सानो जनशक्ति सानो क्षेत्रबाट पनि चाहेको काम गर्न सकिन्छ भन्ने उदाहरण पेश गरेका छौं।

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग अहिलेको संघीय संरचनामा कुन मोडलमा अगाडि बढ्छ ?

विभागका केही नीतिगत कुरा संघमा छन् भने केही प्रदेशमा छन्। तर, अनुगमनका सम्पूर्ण विषय स्थानीय तहमा गएका छन्। सिद्धान्तगत रूपमा सामाजिक न्याय र सामाजिक सुरक्षाका विषय हेर्ने केन्द्रले नै हो। संकट, प्रकोपलगायतका विषय केन्द्रबाट नै हेर्ने गरिन्छ।

२०७४, पुस
आइतबार
३०

यस साता शेयर बजारको आकार (बजार पुँजीकरण) पौने २२ अर्ब रुपियाँले बढेको छ। यत साता बजार पुँजीकरण १६ खर्ब ६० अर्ब २९ करोड रुपियाँबाट बढेर १६ खर्ब ८२ अर्ब ५ करोड रुपियाँमा पुगेको नेप्सेले जनाएको छ।

अर्थ

शेयर बजारको पुँजी १७ खर्ब

नेपाल समाचारपत्र

काठमाडौं

साताभर नेप्से परिसूचक १६ दशमलव ४६ अंकले बढेको छ। यस साता १ हजार ४ सय २३ दशमलव ८३ अंकबाट शुरू भएको बजार १ हजार ४ सय ४० दशमलव २९ बिन्दूमा पुगेर रोकिएको हो।

चार दिन मात्र कारोबार भएको शेयर बजार साताको पहिलो दिनदेखि नै बढेको थियो। यद्यपि, चौथो दिन बजार घटे पनि अन्य दिनको सुधारले सम्हालिएको हो। परिसूचक बढ्दा यससाता कारोबार रकममा भने कमि आएको छ। कारोबार रकम अघिल्लो सातभन्दा ३६ दशमलव ७९ प्रतिशत कम हो। यस साता नेप्सेमा १ अर्ब ७१ करोड १२ लाख ८४ हजार रुपियाँ बराबरको शेयर कारोबार भएको नेपाल स्टक एक्स्चेन्जले जनाएको छ।

नेप्सेमा १ सय ७४ कम्पनीका ४१ लाख ५ हजार २ सय १० कित्ता शेयर किनबेच भए। सातभरि कुल १७ हजार ३ सय ९३ कारोबार भए। अघिल्लो साता बजारमा १ सय ७९ कम्पनीका ६४ लाख ७९ हजार कित्ता शेयर २ अर्ब ७० करोड ७१ लाख ३७ हजार रुपियाँमा कारोबार भएका थिए। यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रको कुनै पनि कारोबार भएन।

परिसूचकमा गिरावट आउँदा यस साता शेयर बजारको आकार (बजार पुँजीकरण) पौने २२ अर्ब रुपियाँले बढेको छ। यत साता बजार पुँजीकरण १६ खर्ब ६० अर्ब २९ करोड रुपियाँबाट बढेर १६ खर्ब ८२ अर्ब ५ करोड रुपियाँमा पुगेको नेप्सेले जनाएको छ।

नेप्से परिसूचक बढ्दा यस साता 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पनि पहिलो दिनको तुलनामा २ दशमलव २९ अंकले बढेर ३ सय ३ दशमलव ६८ अंकमा आइपुगेको छ।

यस साता कारोबारमा आएका १० वटामध्ये ९ वटा समूहमा सुधार आउँदा समग्र बजार परिसूचक उकालो लागेको हो। बढ्नेमा सबैभन्दा धेरै बीमा समूह १ सय ५२ दशमलव ४९ अंकले बढ्यो। त्यस्तै होटल, विकास बैंक र लघुवित्त समूह क्रमशः ३८ दशमलव ८२, १८ दशमलव ८३ र १७ दशमलव ४३ अंकले उकालो लागे। बैंकिङ र अन्य समूह पनि क्रमशः १३ दशमलव शून्य ४ र ९ दशमलव ७१ अंकले उकालो लाग्दा जलविद्युत् र वित्त समूहमा पनि क्रमशः ५ दशमलव ३६ र २ दशमलव ७२ अंकले सुधारिए।

त्यसैगरी ट्रेडिङ समूहमा १ दशमलव ६९ अंकको वृद्धि हुँदा उत्पादनमूलक समूहमा भने साताभरमा १८ दशमलव २ अंकको करेक्सन देखियो।

यस साता कारोबार रकम, शेयर संख्या र कारोबार संख्या सबैको आधारमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी अग्रस्थानमा रह्यो। कम्पनीको कुल २३ करोड ७६ लाख ५० हजार रुपियाँ बराबरको शेयर कारोबार भएको थियो। गत साता कम्पनीका २ हजार ७ सय ७५ वटा कारोबारबाट १ लाख ९९ हजार कित्ता शेयर कारोबार भएका थिए।

कारोबार रकमका आधारमा ९ करोड ३६ लाख ६० हजार रुपियाँसहित सानिमा माई हाइड्रोपावर कम्पनी दोस्रो स्थानमा रह्यो। सर्वाधिक कारोबार हुने शीर्ष ५ कम्पनीमा एभरेस्ट बैंक, स्ट्यान्डर्ड चार्टर्ड बैंक र नबिल बैंक पनि अटाए।

यस साता २ वटा कम्पनीका ३ करोड ३७ लाख ३३ हजार ८ सय ९ दशमलव ९ कित्ताभन्दा बढी शेयर नेप्सेमा सूचीकृत भएका छन्। तीमध्ये एक्सेल डेभलपमेन्ट बैंकको १९ लाख २२ हजार ८ सय १२ दशमलव ५ कित्ता हकप्रद शेयर रहेका छन्। अन्य भने बोनस शेयर रहेको नेप्सेले जनाएको छ।

नेप्सेमा सूचीकृत हुने बोनस शेयरमा डाबी ग्रुप पावरको ४ लाख ८६ हजार ८ सय ६८ कित्ता, सानिमा बैंकका १ करोड १० लाख ३६ हजार २ सय १४ दशमलव ४ कित्ता, नबिल बैंकको १ करोड ८५ लाख ७७ हजार १ सय ४० कित्ता र टुरिजम् डेभलपमेन्ट बैंकका १७ लाख १० हजार ७ सय ७५ कित्ता बोनस शेयर रहका छन्।

पौने पाँच लाखले खोले डिम्याट खाता

काठमाडौं, (नेस)

हितग्राही खाता (डिम्याट) खोल्नेको संख्या ४ लाख ७८ हजारभन्दा बढी पुगेको छ। नेपाल स्टक एक्स्चेन्जद्वारा स्थापित सीडीएस एन्ड क्लियरिङ लिमिटेडका अनुसार यो संख्या गतवर्षको तुलनामा ३६ दशमलव १३ प्रतिशतले बढेको हो।

धितोपत्र अभौतिकीकरण गरी कारोबार गर्नका लागि आव २०७२/७३ मा ३ लाख ५१ हजार ४ सय २५ वटा हितग्राही खाता खोलिएकोमा आव २०७३/७४ मा सो संख्या बढेर ४ लाख ७८ हजार ३ सय ८५ पुगेको हो। कम्पनीको सम्पन्न सातौं वार्षिक साधारणसभाले धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ अनुसार धितोपत्रको अभौतिकीकरणका लागि दर्ता गरेका कम्पनीको संख्या कुल १ सय ८७ पुगेको जानकारी दिइयो।

त्यस्तै समीक्षा अवधिसम्म कुल निक्षेप सदस्यको संख्या ६५ पुगेको सीडीएस एन्ड क्लियरिङले जनाएको छ। कम्पनीका अनुसार आर्थिक वर्ष २०७२/७३ मा १३ वटा कम्पनीलाई निक्षेप सदस्यता प्रदान गरिएकोमा आर्थिक वर्ष २०७३/७४ मा थप ४ वटा कम्पनीलाई निक्षेप सदस्यता प्रदान गरिएको हो। हाल निक्षेप सदस्यको सञ्जाल ७३ वटा जिल्लामा विस्तार गरी केन्द्रीय निक्षेप सेवा प्रदान गरिँदै आएको छ।

त्यसैगरी आर्थिक वर्ष २०७२/७३ मा ९० करोड ७७ लाख ६६ हजार २ सय ७३ कित्ता धितोपत्र अभौतिकीकरण भएकोमा आव २०७३/७४ मा कुल १ अर्ब ५ करोड १४ लाख ६३ हजार २ सय ९९ कित्ता धितोपत्र अभौतिकीरण भएका छन्। यो संख्या अघिल्लो आवको तुलनामा १६ दशमलव ७१ प्रतिशतले वृद्धि भएको हो।

कम्पनीको साधारणसभामा आम्दानी २७ दशमलव ६४ प्रतिशतले वृद्धि भएको जानकारी दिइयो। कम्पनीले आव २०७२/७३ मा ११ करोड ८९ लाख ५९ हजार ३९ रुपियाँ आम्दानी गरेकोमा आव २०७३/७४ मा १५ करोड १८ लाख ४२ हजार ६ सय ६२ रुपियाँ आम्दानी गरेको हो।

कम्पनीको आव २०७३/७४ मा ७ करोड ३९ लाख ६५ हजार ८ सय ८९ रुपियाँ खर्च भएको छ। यो अघिल्लो आवको तुलनामा १३ दशमलव ८४ प्रतिशतले बढी हो।

नेप्सेको नाफा घट्यो

काठमाडौं, (नेस)

नेपाल स्टक एक्सचेन्ज (नेप्से) को ३६औं साधारणसभा शनिबार सम्पन्न भएको छ। साधारसभाले गत वर्षको मुनाफाबाट ५० प्रतिशत नगद लाभांश दिने प्रस्ताव पारित गरेको नेप्सेले जनाएको छ।

शनिबारको साधारणसभाले गत आवको ३७ करोड २० लाख ८५ हजार ९ सय ९२ रुपियाँ मुनाफाबाट लाभांश वितरण गर्ने भएको हो। नेप्सेको मुनाफा अघिल्लो वर्षको भन्दा १० करोड २९ लाख रुपियाँ कम हो। आव २०७२/७३ मा नेप्सेको खुद मुनाफ ४७ करोड ४९ लाख ६० हजार ८ सय २२ रुपियाँ नाफा रहेको थियो।

नेपाल धितोपत्र बोर्डले शेयर कारोबारवापत दलाललाई दिइँदै आएको कमिसनमा ३० प्रतिशत कटौती गरिएसँगै नेप्सेको मुनाफा खस्किएको नेप्सेले जनाएको छ।

गत वर्षको वार्षिक वित्तीय विवरणअनुसार नेप्सेको चुक्ता पुँजी ३० करोड रुपियाँ रहेको छ। कम्पनीमा सरकारको ५८ दशमलव ६६ प्रतिशत, नेपाल राष्ट्र बैंकको ३४ दशमलव ६ प्रतिशत, एनआईडीसी डेभलपमेन्ट बैंकको ६ दशमलव १२ प्रतिशत र सदस्य दलाल शून्य दशमलव ६२ प्रतिशत शेयर रहको छ।

नेपाल स्टक एक्स्चेन्जका अनुसार गत आवमा १ सय १ वटा संगठित संस्थाले धितोपत्र निस्कासन गरी ५९ अर्ब ३९ करोड ५४ लाख रुपियाँ बराबरको पुँजी परिचालन गरेका छन्। प्राथमिक बजारतर्फ रकमका आधारमा अघिल्लो आवको तुलनामा परिचालित रकममा करिब २ सय १२ दशमलव ६३ प्रतिशतले वृद्धि भएको हो भने दोस्रो बजारमा २४ दशमलव ९० प्रतिशतको वृद्धि भएको छ।

नेप्सेका अनुसार गत आवको दैनिक औसत कारोबार ७० करोड ३६ लाख रुपियाँबाट बढेर ८९ करोड ३ लाख रुपियाँ पुगेको छ। गत आवमा नेप्सेमा कुल १३ लाख ५५ हजार ५ सय ८५ कारोबार भएका थिए। जसबाट ३९ करोड ३५ लाख ३८ हजार कित्ता शेयर खरिद-बिक्री भएको नेप्सेले जनाएको छ।

नेप्सेले सार्वजनिक गरेको प्रतिवेदन अनुसार गत वर्ष नेप्सेको बजार पुँजीकरणका १ दशमलव ७९ प्रतिशतले कमी आई १८ खर्ब ५६ अर्ब रुपियाँमा सिमित भएको छ। गत आवमा नेप्सेमा १२ वटा नयाँ कम्पनी सूचीकृत भएका छन्। त्यसैगरी ३३ कम्पनी एक आपसमा गाभिएर तथा प्राप्ति भइ कुल सूचीकृत कम्पनीको संख्या २ सय ८ कायम भएको छ।

तोडफोड भएको विद्युत् आयोजना सञ्चालनमा आएन

नेपाल समाचारपत्र

लमजुङ

परीक्षण उत्पादन शुरू गरेको मिदिमखोला जलविद्युत आयोजना तोडफोड भएको एक साता बित्दा पनि पुनः सञ्चालनमा आउन सकेको छैन। गत पुस १९ गते साँझमा तोडफोड गरिएको आयोजना स्थानीय प्रशासन तथा निर्माण कम्पनीबीच सुरक्षाको विषयमा कुरा नमिल्दा सञ्चालनमा आउन नसकेको हो।

स्थानीय प्रशासनले तोडफोड सम्बन्धी विवादमा आउन नचाहेका कारण सञ्चालनमा आउन नसकेको आरोप परियोजनाले लगाएको छ। आयोजनको उत्पादन प्लान्ट नेसनल ग्रिडमा जडान भइसकेको अवस्थामा सरकारले सुरक्षा दिए मात्र आयोजना पुनः सञ्चालनमा ल्याउने आयोजनाको निर्माता कम्पनी युनियन हाइड्रोपावरका निर्देशक शालिग्राम घिमिरेले बताउनुभयो। उहाँले भन्नुभयो-'सरकारले सुरक्षाको प्रत्याभूति नगराएसम्म ज्यानको बाजी थापेर परियोजना सञ्चालन गर्न सक्दैनौं ।'

उहाँका अनुसार आयोजनाको सरोकार समिति, स्थानीय तहका जनप्रतिनिधिसमेत रहेको अवस्थामा आफ्ना माग राख्न सकिने भए पनि स्थानीयबासीले त्यसो गरेका छैनन्। क्षमताभन्दा ठूलो माग राखेका कारण कम्पनीले धान्न नसक्ने घिमिरेको दाबी छ। सो परियोजनाको पहिलो प्लान्टबाट परीक्षण उत्पादन थालिएको दोस्रो दिनमै तोडफोड भएको हो। नियमानुसार परीक्षण उत्पादनको १५ दिनसम्म उत्पादित विद्युत निर्माता कम्पनीले सरकारलाई निःशुल्क दिनुपर्ने हुनाले उत्पादन बन्द हुँदा प्रतिदिन १ दशमलव ५ मेगावाट विद्युत् राज्यलाई उल्टै घाटा परिरहेको आयोजनाका कर्मचारी बताउँछन्।

प्रहरी निरीक्षक जयराम वन्तका अनुसार आयोजनास्थलको पछिल्लो स्थिति शान्त भए पनि आयोजना सञ्चालनमा आएको छैन। उहाँका अनुसार स्थानीय र आयोजनाका सञ्चालक बीचमा वार्ताबाट समाधान खोज्ने सहमति भइरहेको उहाँले दाबी गर्नुभयो। घटनाबारे छानबिन गरी सहमति गर्न नगरपालिका मेयर, वडाअध्यक्ष सहितको वार्ताटोली बनाइएको प्रमुख जिल्ला अधिकारी युवराज मैनालीले बताउनु भयो। लमजुङको मध्यनेपाल नगरपालिका- ८ करापु र बेंसीशहर नगरपालिका- ४ नालमाफेदीको लाङ्दी क्षेत्रमा निर्माण गरिएको बाँधको ढोका खोलेर पानीलाई खोलातर्फ फर्काएर विद्युत उत्पादन बन्द गराइएको थियो।

कोषले जलविद्युत्मा ७० अर्ब लगानी थप गर्दै

काठमाडौं, (नेस)

कर्मचारी सञ्चय कोषले जलविद्युत् क्षेत्रमा हालसम्म ३४ अर्ब रुपियाँ लगानी गरेको छ। जलविद्युत् क्षेत्रमा लगानी विस्तार गर्दै आएको कोषले यस क्षेत्रमा थप ७० अर्ब रुपियाँ लगानी गर्ने भएको हो।

यसअघि जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत भइसक्नुभएका दीपक रौनियार कोषको प्रमुख प्रशासक भएपछि ऊर्जा क्षेत्रमा थप लगानी गर्ने प्रतिबद्धता जनाउनुभएको हो।

कोषमा हाल २ खर्ब ५३ अर्ब रुपियाँ रकम रहेको छ। कोषले आफ्नै कम्पनीमार्फत् अगाडि बढाएको बेतन कर्णाली जलविद्युत् आयोजनामा ७० अर्ब रुपियाँ लगानी गर्ने भएको हो। हाल सर्वेक्षणको काम भइरहेको आयोजनामा कर्मचारीको मुख्य शेयर रहने छ।

यसैबीच कोषले आगामी ५ वर्षमा कोषको कुल रकम ७ खर्ब रुपियाँ पुऱ्याउने दाबी गरेको छ। सो रकम जलविद्युत्, पूर्वाधार तथा वायु सेवामा लगानी गर्ने कोषको योजना छ। यसअघि कोषले नेपाल वायु सेवा निगमलाई २ वटा जहाज किन्न २० अर्ब रुपियाँ ऋण दिइसकेको छ। कोषले हालसम्म गरेको लागनीमा ८ वटा जलविद्युत् आयोजनामा २८ अर्ब १५ करोड रुपियाँ ऋण लगानी गरेको छ भने शेयरका रूपमा ६ अर्ब रुपियाँ लगानी गरेको छ।

PRESS RELEASE

एनआईसी एसिया म्युचुअल फन्ड खुल्दै

काठमाडौं, (नेस)

एनआईसी एसिया क्यापिटलले व्यवस्थापन गरेको एनआईसी एसिया ग्रोथ फन्ड (म्युचुअल फन्ड) माघ २ गतेदेखि बिक्री खुल्ला हुँदैछ। औसतमा बैंकले दिने निक्षेपको वार्षिक प्रतिफलभन्दा म्युचुअल फन्डले उच्च प्रतिफल दिने विश्वासले सर्वसाधारणको म्युचुअल फन्डप्रति आर्कषण बढ्दै गहिरहेको छ। उक्त म्युचुअल फन्डले औसत वार्षिक रूपमा न्यूनतम १६ प्रतिशतसम्म नगद लाभांश दिने अपेक्षा एनआईसी एसिया क्यापिटलका प्रमुख कार्यकारी अधिकृत झनकराज ढुंगेलले बताउनुभयो।

म्युचुअल फन्डको वार्षिक प्रतिफल पहिलो वर्ष १५ दशमलव ५७ तथा सातौं वर्षमा १६ दशमलव १३ प्रतिशत दिने लक्ष्य लिएको छ। लगानीबाट प्राप्त आम्दानीको आधारमा प्रतिफल वितरण गरिने हुँदा यसबाट प्राप्त हुने प्रतिफल उच्च हुनेमा क्यापिटल विश्वस्त रहेको छ। साथै यस फन्डले आम्दानीको आधारमा आफ्ना इकाईधनीलाई प्रत्येक वर्ष नगद लाभांश वितरण गर्नेछ।

एनआईसी एसिया क्यापिटलले यो योजनाका इकाई यही माघ २ गते मंगलबारदेखि बिक्री खुल्ला गर्दैछ। उक्त फन्डको आकार १ अर्ब रुपियाँको रहेको छ। जसमध्ये १५ प्रतिशत अर्थात १ करोड ५० लाख इकाई कोष प्रवर्द्धक एनआईसी एसिया बैंकलाई सुरक्षित गरिएको छ। बाँकी रहेको ८ करोड ५० लाख इकाई विभिन्न संघसंस्था तथा व्यक्तिका लागि बिक्री गरिने कम्पनीले जनाएको छ। यो योजना छिटोमा माघ ८ गते तथा ढिलोमा माघ २१ गतेसम्ममा निष्काशन तथा बिक्री खुल्ला हुनेछ।

यो म्युचुअल फन्डमा सहभागी हुन चाहानले न्यूनतम १०० इकाई देखि अधिकतम् २० लाख इकाईसम्म खरिद गर्नका लागि आवेदन गर्न सक्नेछन्। उक्त इकाई नेपाल स्टक एक्स्चेन्जमा सूचीकरण गराई धितोपत्रको दोस्रो बजारमा खरिद बिक्री गर्ने व्यवस्था मिलाइने प्रमुख कार्यकारी अधिकृत ढुंगेलले बताउनुभयो।

एनसेल मेला सम्पन्न

काठमाडौं, (नेस)

एनसेल प्रालिले आयोजना गरेको एनसेल मेला सम्पन्न भइको छ। मोबाइल ब्रोडव्यान्ड सेवा लङ टर्म इभोलुसन/फोरजीको अनुभव प्रदान गर्न, कम्पनीले पोखरा, विराटनगर र ललितपुरमा एनसेल मेला आयोजना गरेको थियो। एनसेल मेला पुस ८ गते पोखराबाट शुरू भई पुस २९ गते ललितपुरको जावलाखेल फुटबल मैदानमा आयोजना गरी सम्पन्न गरिएको थियो।

'एनसेल मेला २०७४ मा उत्साहजनक रूपमा सहभागी भई मेलालाई सफल बनाउनु भएकोमा हामी हाम्रा सबै ग्राहक तथा शुभचिन्तकहरू प्रति आभारी छौं,' एनसेलका कर्पोरेट सर्भिसेज निर्देशक प्रणय आचार्यले भन्नुभयो-'जुन उत्सुकताका साथ मेलामा आगन्तुकले २१ शहर मा पुगिसकेको एनसेलको फोरजी सेवाको परीक्षण तथा अनुभव लिनुभयो यसले हामीलाई थप ऊर्जा दिएको छ। डिजिटल नेपालको भिजनमा योगदान पुऱ्याउँदै अझ धेरै नेपालीलाई मोवाइल ब्रोडब्यान्डले ल्याउने अवसरसँग जोड्न एनसेल प्रतिबद्ध छ।'

माछापुच्छ्रेको शाखारहित बैंकिङ सेवा थप

काठमाडौं, (नेस)

माछापुच्छ्रे बैंकले धादिङमा शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको छ। गजुरी गाउँपालिका-२, मलेखुमा शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको हो।

बैंकले यूकेएड सक्षमसँगको सहकार्यमा उक्त स्थानमा शाखारहित बैंकिङ सेवा सुचारु गरेको हो। योसहित माछापुच्छ्रे बैंकको हालसम्म १२ शाखारहित बैंकिङ सेवा सुचारु भइसकेको बैंकले जनाएको छ। ग्राहक सेवा केन्द्रको रूपमा सञ्चालित उक्त शाखारहित सेवा केन्द्रबाट खाता खोल्ने, रकम जम्मा गर्ने र झिक्ने, रेमिटेन्स भुक्तानी साथै कर्जा आवेदन गर्ने समेत व्यवस्था गरेको छ। बैंकले नेपालमै पहिलो पटक तुरुन्त (रियल टाइममा) खाता खोल्ने व्यवस्था गरेको छ भने चिपमा आधारित डेबिट कार्ड पनि तुरुन्त उपलब्ध गराएको छ।

युकेएड सक्षमको सहकार्यमा बैंकले २० वटा ग्राहक सेवा केन्द्र स्थापना गर्ने, १४ जिल्लामा विपन्न वर्ग कर्जा प्रदान गर्ने तथा वित्तीय साक्षारता अभियान सञ्चालन गर्दै आएको छ। ६२ वटा शाखा, ४ वटा एक्स्टेन्सन काउन्टरलगायत १२ शाखा हित बैंकि सेवा तथा ८६ वटा एटीएममार्फत् बैंकिङ सेवा प्रदान गर्दै आएको बैंकले जनाएको छ।

नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३
www.newsofnepal.com

नविता र स्यान्टु च्याम्पियन

नविता सर्वाधिक राष्ट्रिय च्याम्पियन बनेकी सिजरिन शाहसँग बराबरी गर्न एक उपाधिबाट टाढा छिन्। शाहले ८ राष्ट्रिय उपाधि जितेकी छिन्। त्यस्तै दक्षिण एसियाली खेलकुदतर्फ भने शाहले १ स्वर्ण, ४ रजत र २ कांस्यपदक जितेकी छिन्।

काठमाडौं, (नेस)

राखेप च्याम्पियनसिपअन्तर्गत ३९औं हुआवे राष्ट्रिय टेबलटेनिस प्रतियोगिताको उपाधि नेपाल पुलिस क्लबका स्यान्टु श्रेष्ठ र नविता श्रेष्ठले जितेका छन्।

दुवै खेलाडीले शनिबार भएको फाइनल खेलमा आफ्नै क्लबका खेलाडीलाई पराजित गर्दै उपाधि जितेका हुन्। नविताको यो लगातार सातौं उपाधि हो भने स्यान्टुले लगातार दोस्रो उपाधि आफ्नो नाम गरे। राष्ट्रिय च्याम्पियन स्यान्टुले फाइनलमा विनेश खनियाँलाई ११-५, ११-४, ११-९ र ११-९ को सोझो सेटमा पराजित गरे। उनले त्यसअघि सेमिफाइनलमा एपीएफका पुरुषोत्तम वज्राचार्यलाई पराजित गरेका थिए। विनेशले भने सेमिफाइनलमा पुलिसकै प्रदिप रोक्कालाई हराउँदै फाइनलमा स्थान बनाएका थिए।

लैनचौरस्थित राष्ट्रिय टेबल टेनिस प्रशिक्षण केन्द्रमा महिला सिंगल्सतर्फ नविताले एलिना महर्जनलाई १२-१०, ११-१, ११-२ र १२-१० सोझो सेटमा पराजित गरिन्। नविताले सेमिफाइनलमा आर्मीकी दीक्षा तामाङलाई हराएकी थिइन्। एलिनाले सेमिफाइनलमा आर्मीकी रविना महर्जनलाई पराजित गर्दै उपाधि भिडन्तमा स्थान बनाएकी थिइन्।

कृष्ण र स्नेहालाई स्वर्ण

नेपाल आर्मीका कृष्ण घोरासैनी र पश्चिमाञ्चलकी स्नेहाराज्यलक्ष्मी राणाले राखेप च्याम्पियनसिपअन्तर्गत २३औं पुरुष तथा २२औं महिला राष्ट्रिय सुटिङ प्रतियोगितामा शनिबार स्वर्ण जितेका छन्। १० मिटर एयर राइफलको पुरुषमा कृष्ण र महिलामा स्नेहा समान २ सय २६ अंक जोडेर पहिलो भएका हुन्। पुरुषमा २ सय २४ अंकसाथ आर्मीका सुशे चौधरी रजत र २ सय ४ अंकसाथ मध्यपश्चिमाञ्चलका पवन धिमिरे तेस्रो भए। महिलामा मध्यमाञ्चलकी सिन्धुजा बस्नेत २ सय २४ अंक लिएर रजत र प्रहरीकी कल्पना परियार (२०२ अंक) तेस्रो भए।

आर्मी चौथो उपाधि नजिक

काठमाडौं, (नेस)

डिफेन्डिङ च्याम्पियन लक्ष्मी हुन्डाइ मनाङ-मर्स्याङ्दी क्लबलाई ३-१ गोलअन्तरले पन्छाएर त्रिभुवन आर्मी क्लब दोस्रो सुदूरपश्चिम खप्तड गोल्डकप फुटबल' प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। शनिबार भएको सेमिफाइनल खेलमा विभागीय टोलीको जितका लागि कप्तान भरत खवास, नवयुग श्रेष्ठ र सन्तोष तामाङले एक-एक गोलको योगदान दिएका हुन्। जब कि मनाङका लागि हेमन गुरुङले नवौं मिनेटमा गोल गरेर आर्मीमाथि १-० को अग्रता दिलाएका थिए।

भरतले २३औं मिनेटमा गोल गर्दै खेल बराबरीमा ल्याएपछि आर्मी खेलमा हाबी भएको थियो। यसपछि म्यान अफ द म्याच नवयुगले ४५औं मिनेटमा र ८८औं मिनेटमा सन्तोषले गोल गरेका थिए। नवयुगले १० हजार रुपियाँ प्राप्त गरे। यससँगै आर्मीले यस वर्ष चौथो उपाधि जित्ने छनक देखाएको छ। यसअघि आर्मीले विकास रनिङ सिल्ड, सताक्षी गोल्डकप र मेची नेत्रालय काकरभिट्टा गोल्डकप जितेको थियो। आर्मीले उपाधिका लागि सोमबार आयोजक सुदूरपश्चिम र एपीएफबीचको विजेतासँग खेल्नेछ। यी २ बीचको खेल आइतबार धनगढी रंगशालामा हुनेछ।

नेपालको सानदार जित

काठमाडौं, (नेस)

पोखरामा शनिबारदेखि शुरू भएको १२औं दक्षिण एसियाली सेभेन ए साइड फुटबलमा नेपालले भुटानलाई ४-० गोलअन्तरले पराजित गरेको छ। ताल बाराही घाटस्थित मैदानमा भएको प्रतियोगिताको उद्घाटन खेलमा नेपालका लागि म्यान अफ दि म्याच सुनिल विक र सुशिल लामाले दुई-दुई गोल गरेका थिए। अर्को खेलमा भने बंगलादेशले मालदिभ्समाथि १६ -० गोल अन्तरको एकोहोरो जित निकाल्यो। टोलीका अम्रफुलले ६ र उज्जरले ५ गोलको योगदान दिएका थिए।

फागुनमा हुँदै सफल पोखरा म्याराथन

पोखरा, (नेस)

नेपाल भूतपूर्व खेलाडी मञ्चले आगामी फागुन ७ गते पोखरा रंगशालामा १२औं सफल म्याराथन प्रतियोगिता आयोजना गर्ने तयारीमा लागेको छ।

यसपटक म्याराथनका प्रायोजक सफल दूधले केही नयाँ विधा थप गरेको छ। यो वर्ष दृष्टिविहीनको १ सय मिटर दौड, अपांगता भएका खेलाडीलाई प्रवर्द्धन गर्न पुरुषको ४ सय मिटर हवीलचियर दौड र १ सय मिटर महिला हवीलचियर दौडसमेत समावेश गरिएको नेपाल भूतपूर्व खेलाडी मञ्चका अध्यक्ष तेजबहादुर गुरुङले जानकारी दिए।

यो वर्षको संस्करणमा पुरस्कार राशिमा केही थपिएको छ। म्याराथन विजेताले गत वर्षभन्दा १० हजार बढी नगद ७० हजार रुपियाँ पुरस्कार प्राप्त गर्नेछन्। त्यस्तै दोस्रो हुनेले ४५ हजार, तेस्रो हुनेले ३० हजार र चौथो हुनेले १० हजार पुरस्कार पाउनेछन्। १० किलोमिटर पुरुषतर्फको प्रतिस्पर्धीले १५ हजार, दोस्रोले १० र तेस्रो स्थानमा आउनेले भने नगद ५ हजार रुपियाँ पुरस्कार पाउने भूतपूर्व खेलाडी मञ्चले पत्रकार सम्मेलनमार्फत जनाएको छ।

५ किलोमिटर छात्राछात्र दौडमा पनि धावकहरुले नगद ५, ३ र २ हजार पुरस्कार प्राप्त गर्नेछन्। १ सय मिटर दृष्टिविहीन दौड, ४ सय मिटर पुरुष हवीलचियर र १ सय मिटर हवीलचियर महिला दौडलाई पनि समान नगद ५, ३ र २ हजार पुरस्कार प्रदान गरिनेछ।

नेपाल साइकल असोसिएसनले नेपालमै पहिलोपटक आयोजना गरेको साइकल रेसमा नुवाकोटकी लक्ष्मी मगर विजयी भइन्। साइकल रेस फर्पिङको हातीवनमा भएको हो। *तस्विरः अनिल आङदेम्बे*

ARISTON
Made in Italy
Breathing new life into the conventional water heater.

HOME FURNISHERS PVT. LTD. होम फर्निशर्स प्रा. लि.
Tripureshwor, (Way to Thapathali)
Kathmandu, Nepal.
Ph.: 977-1-4254601, 977-1-4262240
E-mail: bath@wlink.com.np

धरहरा

बाध्यात्मक विकल्प

चार जात छत्तिस वर्णको फूलबारी कहलिएको मुलुक वर्षैभरि मनाइने चाडवाडमा पनि उत्तिनै सम्पन्न छ। एक हप्ताअधि कुनै जात र समुदायको चाडपर्व पर्‍यो भने अर्को साता अर्को समुदायको पर्व वा चाड दोहोरिहाल्छ। भोलि माघीपर्व अर्थात् मकर संक्रान्ति।

थारु जातिहरुको नयाँ वर्ष पनि। तर यो पर्व थारु जातमा मात्रै सीमित छैन, समावेशी छ। सबै जातजातिले मुलुकभर आ-आफ्नै ढंगले मनाउँदै आएका छन्। यसपटक पनि सबै जातजातिले गच्छेअनुसारको परिकार बनाउने तयारी गरेको देख्दा धरहरालाई खुसी लागेको छ।

काठमाडौं उपत्यका र आसपासमा चाकु र तिल मिश्रित अनेक मिठाइका परिकारसहित तरुलको व्यापार फस्टाएको छ। शनिबार बिहान काठमाडौंमा माघिको 'सपिङ'मा निस्किएका दौंतरीले भने सपिङको विकल्प खोजे। स्नातक तहका विद्यार्थी जस्ता देखिने ती युवा र अधबैंसे पसलेबीचको संवाद यस्तो थियो।

युवा-'दाइ तरुल कसरी ? पसले-'किलो को कि पाउको ?'

युवा-'पाउ लगेर के गर्नु र किलो।

पसले-'किलोको २ सय ७०।'

दाम सुनेर राम्रैसँग झस्किएका युवाका दौंतरीले भने- 'आ भो छोड, केको किन्छ तरुल, बरु १ केजी ब्रोइलर हानौं।' साथीको कुरामा समर्थन जनाउँदै उनीहरु ब्रोइलर पसलतर्फ लम्किएको देखियो। तपाईं पनि यस्तै विकल्पको खोजीमा हुनुहुन्छ कि ?

रिना र गोविन्दलाई उपाधि

काठमाडौं, (नेस)

एपीएफका गोविन्द खत्री र नेपाल आर्मीका क्लबकी रिना धिमालले बाग्लुङको बुर्तिवाङ बजारमा सम्पन्न पाँचौ पुरुष तथा प्रथम महिला राष्ट्रिय प्रोफेसेनल आईटीएफ तेक्वान्दो प्रतियोगिताको उपाधि जितेका छन्। शनिबार सम्पन्न फाइनलमा गोविन्दले आफ्नै टोलीका योगेन्द्र धिमाललाई हराए। महिलातर्फको उपाधि जित्ने क्रममा रिनाले आफ्नै टोलीकी रुविका खड्कालाई फाइनलमा पराजित गरिन्। दुवै स्पर्धाका विजयी खेलाडीले ५ सय तथा उपविजयी खेलाडीले ३ सय अमेरिकी डलर पुरस्कार पाए।

साधनाको नयाँ अंकका विशेष आकर्षणहरु

होसियार ! एलर्जीले दीर्घरोगी बनाउला

एलर्जीको उपचार समयमै नगरे जीवनभर पछुताउनुपर्छ । समयमै उपचार गरेको खण्डमा अब कुनै पनि बिरामीले एलर्जी भयो भनेर आत्तिनुपर्दैन । खोप र औषधिका माध्यमबाट यसको उपचार नेपालमै शुरू भैसकेको छ । उपयोगी रिपोर्ट ।

नसा च्यापिंदाको पीडा : उपचार के छ त ?

नसा च्यांपिदा नसाको काम अवरुद्ध हुन पुग्छ । त्यसैले कम्मर दुख्ने, च्यापिएको नसा गएको हात-खुट्टातिर दुख्ने, हातखुट्टा निदाउने, झमझमाउने, लाटो हुने, बिस्तारै हातखुट्टा तथा ढाड चलाउन नसक्ने, ढाडमा अधिक पीडा हुनेजस्ता समस्या आइपर्छ । आखिर के छ त उपचार ? पढ्नै पर्ने लेख ।

होल बडी चेकअप : कहाँ कति ?

होल बडी चेक गरेपछि त्यसको रिपोर्टले सामान्यतया सम्भावित रोग र रोग लाग्न नदिने उपायहरुका बारेमा समेत पूर्वजानकारी गराउँछ । होल बडी चेक अप गर्दा के-के चेक गरिन्छ र यसबापत कुन अस्पतालले कति रूपियाँ लिन्छन् ? सन्देशमूलक रिपोर्टिङ ।

कुपोषण हटाउने सरकारी प्रयास : स्थानीय खानेकुरामा बेवास्ता

स्वास्थ्य मन्त्रालय गर्भवतीलाई क्याल्सियम र प्रोटिन खानुपर्छ भनेर महंगो औषधि बाँडदै हिंड्छ, साथै केवल बालभिटा बाँडेर बालबालिकाको कुपोषण कम गर्न चाहन्छ । यस्ता क्याल्सियम र बालभिटाका प्याकेट होइन, वरिपरिको स्थानीय खाना खान समुदायलाई सिकाउनुपर्नेमा जोडदार कुरा उठाइएको पोषणविद् डा. अरूणा उप्रेतीको लेख ।

पेट घटाउन योगाभ्यास

पेट बढ्नु स्वास्थ्य र सौन्दर्य दुवैका दृष्टिकोणले राम्रो मानिदैन । खानपानमा सावधानी अपनाएर योगाभ्यास गर्ने गरेमा बढेको पेट घटाउन सकिन्छ । पेट बढेकाहरूका लागि योग चिकित्सक डा. क्षितिज बराकोटीको उपयोगी लेख ।

स्मार्ट देखिन हेयर कट गर्नेको लर्को

सौन्दर्यको कुरा गर्नुपर्दा अनुहार मात्र सबै थोक होइन । सुन्दर कपाल अनि उसको हेयर कट तथा स्टाइलले पनि मानिसको व्यक्तित्व अझ खुलेको देखिन्छ । त्यसैले स्मार्ट देखिन ब्युटिपार्लरमा हेयर कट गर्नेको लर्को लाग्ने गरेको छ । अनुभवी ब्युटिसियनको लेख ।

रोग र दुःख मुक्तिका लागि बुद्ध मेडिसिन

सुख र शान्ति प्राप्त गर्नका लागि अनुशासनहीन मनलाई नियन्त्रण गर्ने विज्ञान नै बुद्ध-मनोविज्ञान हो । यस विज्ञानको अनुशरण गर्ने हो भने मानिस सुखी र निरोगी हुन धेरै मद्दत मिल्छ । एक मनोविद्को सन्देशमूलक लेख ।

के डाइटरी सप्लिमेन्ट लिन जरूरी छ ?

डाइटरी सप्लिमेन्ट न खाद्यपदार्थ हो, न त औषधि नै हो ? यो एउटा उत्पादन हो, जसमा खाद्यपदार्थमा पाइने तत्व रहेको हुन्छ । के यो तत्व पाइने ट्याब्लेट खानु जरूरी छ त ? पोषण विज्ञ डा. जया प्रधानको स्वास्थ्योपयोगी लेख ।

- गर्भमा बच्चा उल्टो बसेमा ज्यानकै खतरा
- नाइटिङ्गेलको जीवनीले नर्सिङ अध्यापिका बनायो
- मधुमेहले आँखामा असर पुऱ्यायो कि ?
- स्खलनपछिको शारीरिक सम्पर्क
- बढी खान नहुने ७ पदार्थ

साथमा तपाईंका घरमा हाम्रा डाक्टर, इन्ट्रेस्टिङ हेल्थ फ्याक्टस्, हेल्थ न्यूज, हेल्थ टिप्सलगायतका स्थायी स्तम्भहरु।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ